# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ७, अङ्क ३७, पूर्णाङ्क ३०७ | २०७८ चैत्र २३ गते बुधबार | Wednesday, 6 Apr 2022 | www.eratokhabar.com | मूल्य रु. १०


## एमालेसँग चुनावी तालमेलबारे छलफल भएको कुरा भ्रामक : नेकपा

**काठमाडौँ ।** नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय कार्यालयले प्रेस नोट जारी गर्दै सुदूर पश्चिममा नेपाल कम्युनिस्ट पार्टी र एमालेबीच भएको छलफल चुनावका विषयमा नभएर अन्य राजनीतिक विषयमा भएको प्रस्ट पारेको छ ।

पार्टीका केन्द्रीय कार्यालय सचिव असलले मङ्गलबार जारी गरेको प्रेस नोटमा नेकपा र एमालेका स्थानीय नेताबीच भएको छलफलका विषयमा सामाजिक सञ्जालमा भएको चर्चा-परिचर्चा र तर्क-वितर्क अनावश्यक रहेको उल्लेख छ ।

असलले प्रेस नोटमा भनेका छन्, 'सुदूरपश्चिममा हाम्रो पार्टी र एमालेबीच भएको छलफलको विषयलाई लिएर सामाजिक सञ्जालमा अनावश्यक ... बाँकी पृष्ठ ७ मा

## नेकपाको केन्द्रीय राजनीतिक-वैचारिक प्रशिक्षण

# जनताको विश्वासमाथि कुठाराघात गर्नु हुँदैन, क्रान्ति सफल हुन्छ : विप्लव

## 'प्रतिक्रियावादी सत्ताको चुनावमा क्रान्तिकारीले किन टाउको दुखाउने ?'




■ **रातोखबर संवाददाता**/चितवन

**भरतपुर ।** नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले नेकपाले विकास गरेको एकीकृत जनक्रान्तिको कार्यदिशा र वैज्ञानिक समाजवाद स्थापना गर्ने विषयमा कुनै पनि समस्या नरहेको बताएका छन् । पार्टी केन्द्रीय सम्पर्क कार्यालय कपिलवस्तुमा पार्टीको १२ औँ केन्द्रीय समिति बैठकपछि चितवनमा केन्द्रीय समितिले आयोजना गरेको केन्द्रीय सदस्य, विशेष समिति, केन्द्रीय विभाग र जिल्ला सेक्रेटरीसहित तीन सयभन्दा बढी नेता-कार्यकर्तालाई प्रशिक्षण दिँदै ... बाँकी पृष्ठ ७ मा

## नेकपा नेता राईको घरमा एकैसाथ २-२ वटा पक्राउ पुर्जी

### तीनबुँदे सहमति उल्ट्याउँदै र नेकपालाई जिस्क्याउँदै गठबन्धन सरकार

**काठमाडौँ ।** नेकपासँग तीनुबँदे सहमति गरेको १३ महिना बितिसक्दा पनि सहमति कार्यान्वयन गर्नु त कता हो कता, उल्टै नेकपा नेताका घर मा पक्राउ पुर्जी जारी गर्दै सरकारले सहमति कार्यान्वयन गर्न चरम उदासीनता मात्र देखाएको छैन, नेकपालाई जिस्क्याएको अनुभूति गरिएको छ । भोजपुर षडानन्द नगरपालिका वडा नम्बर एक नेपालेडाँडा घर भएका ... बाँकी पृष्ठ ७ मा

## २४ गते महासचिव विप्लवले चितवनमा सम्बोधन गर्ने

**काठमाडौँ ।** नेकपाका महासचिव विप्लवले यही २४ गते जनआन्दोलन दिवसका दिन चितवनको भरतपुरस्थित चौबीसकोठीमा भ्रष्टाचार, राष्ट्रघात, महँगी र एमसीसीविरुद्ध सम्बोधन गर्ने भएका छन् ।

पार्टी केन्द्रीय कार्यालय स्रोतका अनुसार महासचिव विप्लवले सम्बोधन गर्ने सभामा सहभागिताका लागि नेकपा चितवनले आह्वान पनि गरेको छ ।

महासचिवले सम्बोधन गर्ने कार्यक्रममा अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय टोली सामना परिवारले जनवादी गीत र नृत्य प्रस्तुत गर्ने जनाइएको छ ।

## नेकपाको केन्द्रीय प्रशिक्षणमा देशभरका अगुवा नेता-कार्यकर्ता सहभागी

**भरतपुर ।** नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय प्रशिक्षण चितवन, भरतपुरस्थित क्यान्सर अस्पतालको हलमा सम्पन्न भएको छ । चैत ४ देखि १५ गतेसम्म कपिलवस्तु, शिवगढीस्थित नवनिर्मित पार्टी केन्द्रीय सम्पर्क कार्यालयमा बसेको केन्द्रीय समितिको बैठकपछि बैठकले गरेका निर्णय कार्यान्वयन गर्न/गराउन केन्द्रीय सदस्य, विशेष समिति सदस्यहरू, जिल्ला सेक्रेटरीहरूसहित करिब तीन सय नेता-कार्यकर्तालाई केन्द्रीय सचिवालय सदस्यहरू र पार्टी महासचिव विप्लवले प्रशिक्षण दिएका छन् ।

नेकपाको ११ दिनसम्म बसेको बैठकले पार्टी दर्ता गरेर संसदीय व्यवस्थाले घोषणा गरेको स्थानीय निकायको निर्वाचनमा भाग नलिने निर्णय गरिसकेको छ । राष्ट्रघाती एमसीसीविरोधी, देशभक्तहरूलाई भने सघाउन सकिने निर्णय पनि बैठकले गरेको छ । नेकपाको बैठकले पार्टीमाथि भएका आक्रमण, षड्यन्त्र ... बाँकी पृष्ठ ७ मा

## दलाल पुँजीवादप्रति कसैको विश्वास छैन : प्रकाण्ड



■ **रातोखबर संवाददाता**/चितवन

**भरतपुर ।** नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता प्रकाण्डले यो दलाल पुँजीवादी व्यवस्थाप्रति कसैको पनि विश्वास नरहेको बताएका छन् । पार्टीको १२ औँ पूर्ण बैठकपछि चितवनमा आयोजित केन्द्रीय प्रशिक्षणमा उपस्थित पार्टी नेता-कार्यकर्ताका बीच प्रवक्ता प्रकाण्डले अवसरवादी, पलायनवादी र संशोधनवादीहरूसँग विद्रोह गरी एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्ने कार्यदिशा प्रवर्तन गर्ने नेता र नेतृत्वलाई निरन्तर विश्वास र सहयोग गरिरहनुपर्ने पनि बताए ।

... बाँकी पृष्ठ ७ मा

## नेकपा सङ्खुवासभाका नेता कोइराला गिरफ्तार

### पार्टी चुनावमा नजाने निर्णय आउनासाथ नेकपाका नेता-कार्यकर्तालाई आतङ्कित बनाउँदै गठबन्धन सरकार

**काठमाडौँ ।** काङ्ग्रेस, माओवादी केन्द्र, एस र जसपाको गठबन्धन सरकार नेकपाका नेता-कार्यकर्तालाई आतङ्कित बनाएर नाङ्लो ठटाउँदै हात्ती तर्साउने दुःस्वप्न देख्न थालेको छ । प्रहरीले नेकपा सङ्खुवासभा विशेष जिल्ला समिति सदस्य पुष्प कोइरालालाई इलामबाट गिरफ्तार गरेको छ ।

सरकारले नेकपाका केन्द्रीय सदस्य तीर्थ राईको भोजपुर षडानन्द नगरपालिका वडा नम्बर १ नेपालेडाँडास्थित घरमा एकैपटक २-२ वटा पक्राउ पुर्जी टाँसेको खबर सार्वजनिक भएकै दिन कोइरालालाई गिर ... बाँकी पृष्ठ ७ मा

## प्रतिक्रियावादी सत्ताको चुनावमा हामी भाग लिँदैनौँ : कञ्चन

■ **रातोखबर संवाददाता**/भरतपुर

नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' ले राष्ट्रघाती एमसीसी पास गर्ने दलाल पुँजीवादी सत्तालाई नै बलियो पार्ने गरी प्रतिनिक्रियावादी सत्ताले गराउने चुनावमा नेपाल कम्युनिस्ट पार्टीले भाग नलिने बताएका छन् । पार्टी केन्द्रीय प्रशिक्षणमा सहभागी नेता-कार्यकर्तालाई प्रशिक्षण दिँदै नेता कञ्चनले भने, 'यो प्रतिक्रियावादी चुनावमा हामी भाग लिँदैनौँ । बहिष्कार गर्छौँ । इन्कार गर्छौँ । यो व्यवस्थाको प्रतिक्रियावादी चरित्रको भण्डाफोर गर्छौँ ।'

नेता कञ्चनले नेता-कार्यकर्तालाई सम्बोधन गर्दै भने, 'स्थानीय चुनावमा पार्टीभन्दा बाहिरका स्वतन्त्र उम्मेदवार, एमसीसीमा राष्ट्रघात गर्ने र तिनका मतियारहरूविरुद्ध लड्नेलाई समर्थन गर्न सकिन्छ, गर्नैपर्ने भने होइन । एमसीसीविरोधीलाई समर्थन गर्ने होइन, गर्न सकिने कुरा मात्र हो ।'

पार्टीको कुनै जिम्मेवारी लिएका नेता चुनाव लड्न गए पदबाट राजीनामा दिएर स्वतन्त्र भएर जानुपर्ने उनले प्रस्ट पारे । उनले भने, 'स्वतन्त्र रूपमा चुनावमा उठ्ने व्यक्ति पार्टीको सदस्य हुँदैन । स्वतन्त्र हैसियतले लड्ने हुन्छ ।' पार्टीबाट राजीनामा दिएर चुनाव प्रयोग गर्न गएको वा मत दिएकै आरोपमा पार्टी नेता-कार्यकर्तालाई अनुशासनको कारबाही भने नहुने नेता कञ्चनले बताए । हरेक पार्टी नेता-कार्यकर्ता र सदस्यले यो दलाल पुँजीवादी व्यवस्था र उसले गराउने चुनावको भन्डाफोर गर्नुपर्नेमा उनले जोड दिए । नेकपा मात्र दलाल पुँजीवादी सत्ताको विकल्पमा रहेको पनि उनले बताए ।

कम्युनिस्टहरू कहिल्यै ... बाँकी पृष्ठ ७ मा

## हाम्रो पार्टीले चुनावमा भाग लिँदैन : सुदर्शन



■ **रातोखबर संवाददाता**/चितवन

भरतपुर : नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय सचिवालय सदस्य सुदर्शनले आफ्नो पार्टी दल दर्ता गराएर चुनावमा भाग नलिने बताएका छन् । पार्टीको केन्द्रीय प्रशिक्षण कार्यक्रममा सहभागी तीन सयभन्दा बढी नेता-कार्यकर्तालाई प्रशिक्षण दिँदै नेता सुदर्शनले आवश्यकता परेमा एमसीसीविरोधी, जनपक्षीय, देशभक्त उम्मेदवारलाई स्वतन्त्र रूपमा समर्थन गर्न सकिने तर अनिवार्य नभएको धारणा पनि राखे ।

नेता सुदर्शनले भने, 'चुनावमा भाग नलिने, भन्डाफोर गरेर जाने नै प्रधान पहलु हो ।' पार्टीका नेता-कार्यकर्तालाई दलाल पुँजीवादका विरुद्ध एकीकृत जनक्रान्ति सम्पन्न गर्ने कार्यक्रममा निराशा होइन, आशावादी बनेर जनतामा जान र विजयभाव सम्प्रेषण गर्न पनि उनले आह्वान गरे । दलाल पुँजीवादी शक्तिहरूले ... बाँकी पृष्ठ ७ मा

# वैज्ञानिक समाजवाद-साम्यवादको खोज

### (ख) राजनीतिक अर्थशास्त्रको खोज

कार्ल मार्क्स र एङ्गेल्सले वैज्ञानिक समाजवाद-साम्यवादको अनुसन्धान गर्ने क्रममा खोज गर्नुभएको दोस्रो मुख्य विषय राजनीतिक अर्थशास्त्र हो । राजनीतिक अर्थशास्त्र भनेको मानवजातिले जीवनयापनका क्रममा सञ्चालन र विकास गरेका आर्थिक उत्पादन, उत्पादन सम्बन्ध र उत्पादन पद्धतिको नियमहरूको अध्ययन गर्ने विज्ञान हो । यसले मान्छे आर्थिक उत्पादनमा कसरी सहभागी भयो ? उत्पादन सम्बन्धले मान्छेलाई कसरी आर्थिक क्रियाकलापमा विभाजित गर्‍यो ? कसरी वर्गहरू र राज्यसत्ताको उत्पत्ति भयो भन्ने विषयमा अध्ययन गर्दछ ? वैज्ञानिक आर्थिक सिद्धान्त अनुसन्धान नहुँदासम्म अर्थशास्त्रको विषय आर्थिक सम्बन्ध र विनिमयको व्याख्या गर्ने, आर्थिक उत्पादन कसरी वृद्धि गर्न सकिन्छ र धन कसरी कमाउन सकिन्छ भन्ने प्रश्नसँग मात्र सम्बन्धित थियो तर जब मार्क्स-एङ्गेल्सले ऐतिहासिक भौतिकवादी दृष्टिकोणबाट आर्थिक उत्पादन सम्बन्ध र त्यसबाट निर्धारित वर्ग, वर्गसम्बन्ध, राज्यसत्ता, राजनीतिक विचार र क्रान्तिबारेमा सविस्तार नयाँ दृष्टिकोण प्रस्तुत गर्नुभयो, त्यसले राजनीतिक अर्थशास्त्रसम्बन्धी सोचाइमै नयाँ अध्याय थपिदियो । उहाँहरूले आर्थिक आधार र सम्बन्धहरूले कसरी समाजको स्वरूप र सामाजिक परिवर्तनहरूलाई निर्धारण गर्छ भन्ने स्पष्ट गर्नुभयो । मार्क्स-एङ्गेल्सले यो विचार सन् १८४८ मा कम्युनिस्ट घोषणापत्रमार्फत वैज्ञानिक समाजवादी-साम्यवादी अर्थ-दृष्टिकोणको रूपमा प्रस्तुत गरेपछि संस्थागत ढङ्गले स्थापित हुन पुग्यो । उहाँहरूले साम्यवादी आर्थिक दृष्टिकोण प्रस्तुत गर्दै लेख्नुभयो, "साम्यवादी व्यवस्थाको विशेष चरित्र के हो भने त्यसले आम रूपले नै स्वामित्वको उन्मूलन गर्दैन, त्यसले त खालि बुर्जुवा स्वामित्वको मात्र उन्मूलन गर्छ । तर, आधुनिक बुर्जुवा व्यक्तिगत स्वामित्व नै उत्पादन तथा शोषण-प्रणालीको यस्तो अन्तिम

**देश/परिवेश**

■ विप्लव



तथा सबैभन्दा पूर्णरूप हो, जुन वर्गीय अन्तर्विरोध र एकद्वारा अर्कोको शोषणमा आधारित छ । यस अर्थमा कम्युनिस्टहरूले आफ्ना सिद्धान्तलाई केवल एक वाक्यमा यसरी व्यक्त गर्न सक्छन्, व्यक्तिगत ... क्रमशः पृष्ठ ३ मा

वर्ष ७, अङ्क ३७, पूर्णाङ्क ३०७
रातो खबर साप्ताहिक

## सम्पादकीय

### नेकपा नेताको गिरफ्तारी र पक्राउ पुर्जी ! नाङ्लो ठटाएर हात्ती तर्साउने दुःस्वप्न

प्रतिक्रियावादीहरू नसकिउन्जेल सच्चिँदैनन् भनेर महान् माओले उसै भन्नुभएको होइन । हतियारको बलमा टिकेको प्रतिक्रियावादी (विशेषतः हालको संसद्वादी-पुँजीवादी शक्ति) लाई बलले नै परास्त गर्न सकिन्छ भनेर नै संसारमा उत्पीडित वर्गले वर्गसङ्घर्ष जारी राखेको छ । नेपालमा पनि निरन्तर विभिन्न स्वरूप र प्रकृतिको वर्गसङ्घर्ष जारी छ । सत्तासङ्कट शान्तिपूर्ण वार्ता र छलफलद्वारा समाधान गर्ने प्रतिबद्धताका साथ गतवर्ष फागुन २१ गते तत्कालीन केपी वली सरकार र नेकपाका बीचमा भएको ३ बुँदे सहमति कार्यान्वयन नभइरहेको सन्दर्भमा संसद्वादी दलहरूको गठबन्धन देउवा सरकारले नेकपाका नेता तीर्थ राईको घरमा दुईवटा पक्राउ पुर्जी टाँसेको छ भने नेकपाका अर्का नेता पुष्प कोइरालालाई गिरफ्तार गरेको छ । एकातिर नेकपासँग पूर्ववर्ती सरकारले गरेको तीनबुँदे सहमति लागू गर्छु पनि भन्ने र अर्कातिर नेकपाका नेताहरूलाई गिरफ्तार गर्दै पक्राउ पुर्जी जारी गर्ने प्रचण्ड-देउवा-नेपाल-भट्टराई गठबन्धन सरकारको यो हर्कत घोर निन्दनीय, प्रतिगामी र विध्वंसात्मक कदम हो । यस किसिमको हर्कत बन्द गरी आत्मालोचनासहित गिरफ्तार नेतालाई रिहा नगरिए र पक्राउ पुर्जी फिर्ता नलिइए स्थिति यति सामान्य रहनेछैन । यो कुरा प्रतिक्रियावादी सत्ताले बुझ्दा हुन्छ ।

देउवा सरकारले तीर्थ राईको घरमा पक्राउ पुर्जी टाँसेकै समयमा पुष्प कोइरालालाई गिरफ्तार गरेको छ । सरकारले नेकपाका नेताहरूको घरमा पक्राउ पुर्जी टाँस्ने र गिरफ्तार गर्ने काम कुनै अप्रिय दुर्योग मात्र होइन, कपिलवस्तुमा नेकपा केन्द्रीय समितिको १२ औँ पूर्ण बैठकले संसद्वादी सत्ताले गराएको स्थानीय चुनावमा भाग नलिने निर्णय गरेको जानकारी सार्वजनिक भएकै बेलामा सुनयोजित रूपले गरेको छ । बैठकमा जानुअघि नेकपाका महासचिव विप्लव र प्रवक्ता प्रकाण्डसँग प्रक्रिया पूरा गरी छिट्टै नै आस्थाका राजनीतिक बन्दी रिहा गर्ने र नेकपाका नेता-कार्यकर्तामाथि लगाइएका झूट्टा मुद्दा खारेज गर्ने वाचा गरेको देउवा नेतृत्वको गठबन्धन सरकारले बन्दी रिहा गर्नु र झूट्टा मुद्दा खारेज गर्नु त कता हो कता, उल्टै नेताहरूको घरमा विभिन्न झूट्टा मुद्दा लगाएर र पुराना, सुल्झिसकेका मुद्दा उल्ट्याएर पक्राउ पुर्जी टाँस्ने र गिरफ्तार गर्ने निन्दनीय हर्कत गरेको छ । नेकपाको बैठकले एकमतले पार्टी दर्ता गराएर चुनावमा नजाने निर्णय गर्नासाथ गठबन्धन सरकारले नेकपामाथि धरपकड बढाएको छ । झन् राष्ट्रघाती अमेरिकी परियोजना एमसीसी पारित गर्ने पार्टीका विरुद्ध स्वतन्त्र रूपमा चुनावमा भाग लिएका देशभक्त उम्मेदवारहरूलाई सघाउन सक्ने निर्णय आउनासाथ नेकपामाथि धरपकड बढाउनुको औचित्य के हो ? यसको उद्देश्य प्रस्टै छ- हिजो देशको राजस्वमारा एनसेल र भ्रष्टहरूविरुद्ध सङ्घर्ष गर्दा नेकपामाथि प्रतिबन्ध लगाइएको थियो । आज चुनावमा नजाने र एमसीसीविरोधी देशभक्तहरूलाई सघाउनसक्ने निर्णय आउनासाथ सरकार नेकपासँग आत्तिएको छ र उसलाई धम्क्याउन, गलाउन, तर्साउन र प्रतिक्रियावादी दलाल व्यवस्था र सत्तासामुन्ने निरीह बनाउन दबाब दिइरहेको छ । क्रान्तिकारी शक्तिलाई जिक्याइरहेको छ । नेपालीमा एउटा उखान छ- लातको भूत, बातले मान्दैन । देउवा नेतृत्वको दलाल संसद्वादी गठबन्धन सरकारले यति बेला फेरि नेपालको एक मात्र क्रान्तिकारी शक्ति नेकपासँग जोरी खोज्न लागेको छ ।

नेकपाको बैठकले गरेको निर्णयमा भनिएको थियो, 'सिद्धान्ततः मात्र होइन, व्यवहारतः पनि संसदीय व्यवस्था दलाल पुँजीपति वर्गको हित रक्षा गर्ने प्रतिक्रियावादी व्यवस्था हो । यो व्यवस्था रहेसम्म श्रमिक जनता र राष्ट्रले मुक्ति र स्वाधीनता प्राप्त गर्न सम्भव छैन । बरु अनेकौँ राष्ट्रघात र जनघातका घटनाहरू भोग्न अनिवार्य छ । संसदीय व्यवस्थाभित्र आफ्नो शक्तिको सुदृढीकरण गर्न साथै जनतालाई संसदीय व्यवस्थाबाट संसदीय व्यवस्थामा घुमाउन हरेक चार या पाँच वर्षमा चुनावको आयोजना गरिन्छ । अर्थात् पुँजीपति वर्गले चुनावलाई संसदीय व्यवस्थाको रक्षा गर्ने रणनीतिमा प्रयोग गर्दै आएको छ । यो व्यवस्थाभित्र जुनसुकै रूप र स्तरका चुनाव भए पनि ती संसदीय व्यवस्थाको सुधार र बचाउका लागि प्रयोग गरिने प्रणालीहरू हुन् । यसर्थ चुनावबाट मात्र संसदीय व्यवस्थालाई जनताको व्यवस्था अर्थात् वैज्ञानिक समाजवादमा परिवर्तन गर्न सम्भव भएन र छैन ।' बैठकको यो निर्णय सार्वजनिक भएपछि दलाल संसद्वादी व्यवस्थाका सञ्चालक र मतियारहरू नेकपालाई कसै गरी पनि यो व्यवस्थामा आत्मसमर्पण गराउन र चुनावमा भाग लिन लगाउन सकिँदैन भन्नेमा प्रस्ट भएका छन् र नेकपाका नेता-कार्यकर्तामाथि मुद्दा लगाउने, उल्ट्याउने, गिरफ्तार गर्ने र पक्राउ पुर्जी जारी गरी मनोबल गिराउने दमनको भाषा प्रयोग गर्न थालेका छन् । प्रतिक्रियावादीहरूले के कुराचाहिँ बुझिराख्दा राम्रो हुन्छ भने विश्व-सर्वहारावर्गका महान् नेता कमरेड स्टालिनले भनेझैँ कम्युनिस्टहरू विशेष धातुले बनेका मानिसहरू हुन् अर्थात् कम्युनिस्टहरू इस्पातले बनेका हुन् । यी बरु भाँसिन्छन् तर दोब्रिँदैनन् ।

नेपाल कम्युनिस्ट पार्टी धेरै लामो इतिहास बोकेको क्रान्तिकारी कम्युनिस्ट शक्ति हो । यो २००६ सालमा कमरेड पुष्पलालले स्थापना गरेको क्रान्तिकारी पार्टीको उत्तराधिकारी हो । यो निरन्तर क्रान्तिबाट वैज्ञानिक समाजवाद- साम्यवाद स्थापना नगर्दासम्म सुस्ताउने, बिक्ने, भाग्ने वा लोभिने शक्ति होइन । महासचिव कमरेड विप्लवले बारम्बार भन्ने गरेका छन्- केही मन्त्री पद, केही करोड रुपैयाँ, केही धनसम्पत्तिका लागि सिद्धान्त बेचेर दलाल पुँजीवादी दलदलमा नाक रगड्ने पार्टी होइन यो । यो नेपालका सम्पूर्ण वर्गसङ्घर्षको भट्टीमा खारिएको क्रान्तिकारी कम्युनिस्ट पार्टी हो । त्यसैले यो पार्टीले दलाल पुँजीवादी सत्ताले गराउने चुनावमा भाग नलिने निर्णय गरेको छ । निरन्तर क्रान्ति अघि बढाउने र एकीकृत जनक्रान्ति सफल पारेर वैज्ञानिक समाजवाद स्थपना गर्ने उद्घोष गरेर अघि बढिरहेको नेकपामाथि प्रतिबन्ध लगाउने समयमा मात्र होइन, हिजो जनयुद्ध आरम्भ गर्ने समयमा पनि प्रतिक्रियावादी शासकवर्ग र तिनका मतियारहरूले क्रान्तिकारीहरूलाई दमन गरेरै सिध्याउने दुःस्वप्न देखेका थिए तर कालान्तरमा उनीहरू आफैँ क्रूर तानाशाह र खलपात्रका रूपमा इतिहासमा सीमित भए । अहिले तिनका उत्तराधिकारीहरू राष्ट्रघात-जनघात गर्दै दलाल संसदीय व्यवस्थाको तालाचाबी लिएर सत्तामा विराजमान छन् र आमूल परिवर्तनका पक्षमा, व्यक्तिगत स्वार्थलाई तिलाञ्जली दिएर क्रान्तिमार्गमा लम्किरहेका राता सिपाहीहरूमाथि दमन गरेर क्रान्तिको भ्रूण नै समाप्त पार्ने अर्को दुःस्वप्न देखिरहेका छन् । उनीहरूको यो दुःस्वप्नलाई दिवासपनामा उल्ट्याइदिने शक्ति क्रान्तिकारीहरूसँग छ किनकि नेपाल कम्युनिस्ट पार्टी मालेमावादी शक्ति हो र यो महान् जनयुद्धको असली उत्तराधिकारी पनि हो । त्यसैले क्रान्तिकारी शक्ति अर्थात् क्रान्तिको आगोसँग नजिस्क । क्रान्तिकारी वैचारिक हतियार नचलाऊ । यो दलाल वर्गका शासकहरूलाई पूर्वचेतावनी मात्र हो ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# कार्ल मार्क्स : १८४४ का आर्थिक तथा दार्शनिक पाण्डुलिपिहरू



अनुवाद : सुदर्शन

'१८४४ का आर्थिक तथा दार्शनिक पाण्डुलिपिहरू' पुँजीवादी समाज र पुँजीवादी अर्थशास्त्रको आलोचनात्मक परीक्षामा मार्क्सको पहिलो प्रयत्न हो । मार्क्सद्वारा यो रचना दार्शनिक, सामाजिक र आर्थिक संश्लेषणको प्रयत्नका रूपमा त्यस बेला लेखिएको थियो जस बेला उहाँ विद्यमान आर्थिक परिस्थितिको विश्लेषणमा आधारित भएर दार्शनिक र सामाजिक आमूलवादी दृष्टिकोणबाट क्रान्तिकारी साम्यवादी दृष्टिकोणमा पुग्दै हुनुहुन्थ्यो ।

मार्क्सले यो आर्थिक तथा दार्शनिक पाण्डुलिपि १८४४ को ग्रीष्ममा पेरिसमा गएर लेख्नुभएको थियो । त्यस समयमा उहाँ फ्रान्सेली क्रान्तिको इतिहास र अनुभवका साथै समकालीन जर्मनीको अध्ययन गर्दै हुनुहुन्थ्यो अनि सर्वप्रथम हेगेलको दार्शनिक सिद्धान्त, राजनीतिक अर्थशास्त्रीहरूका शिक्षाहरू र काल्पनिक समाजवादीहरूको आलोचनात्मक समीक्षा गर्नुभएको थियो ।

आफ्नो 'हेगेलीय कानुन दर्शनको आलोचनामा योगदान' (क्रेज्नाखमा १८४३ को ग्रीष्मऋतुमा लेखिएको) मा र डेउस्चे-फ्रान्जोसिस्चे जरबुचरका आलेखहरू (एक मात्र, १८४४ को फरबरीमा देखापरेको द्वैमासिक प्रकाशन) मा समाजको आर्थिक क्षेत्रलाई उहाँले अनुसन्धानको केन्द्रमा राख्नुभएको छ अनि के देखाउनुभएको छ भने राजनीतिक क्रान्ति मात्र होइन, बरु सम्पूर्ण उत्पीडनबाट मानव जातिको मुक्तिका लागि समग्र सामाजिक क्रान्तिको आवश्यकता छ । मार्क्सले देखाउनुभएको छ- राजनीतिक क्रान्तिले राज्यसत्ताको रूप मात्र बदल्दैन, सामाजिक क्रान्तिले सामाजिक आधार पनि बदल्छ । अनि मार्क्सले के कुरा बुझ्नुभएको थियो भने क्रान्तिको प्रमुख शक्ति भनेको सर्वहारा वर्ग हो । भलै सामान्य शब्दावलीमै किन नहोस्, उहाँले उत्पीडनबाट मानव जातिलाई मुक्त गर्ने श्रमिक वर्गको महान् ऐतिहासिक कार्यभारका लागि विचार दिनुभएको थियो ।

'१८४४ का आर्थिक तथा दार्शनिक पाण्डुलिपिहरू' मा आफ्नो क्रान्तिकारी शिक्षाको विस्तार गर्न मार्क्सद्वारा नयाँ कदम अघि बढाइएको छ । विषयका बृहत् पक्षहरूलाई समेट्दै सामाजिक प्रक्रियामा उत्पादनको निर्णायक भूमिकामाथि मार्क्सले जोड दिनुभएको छ र के कुरामा जोड लगाउनुभएको छ भने निजी सम्पत्ति तथा श्रम विभाजन समाजको वर्गविभाजनका लागि भौतिक आधार बनेका छन् । पुँजीवादी समाजको आर्थिक संरचनाको विश्लेषण गर्दै उहाँले जोड दिनुभएको छ- पुँजीवादको वर्गअन्तरविरोध पुँजीवादी मालिकहरूको हातमा जति धेरै धन केन्द्रित हुनेछ त्यति नै तीव्र हुनेछ । मानिसको उत्पादक श्रममाथि प्रभाव पार्ने मार्क्सका विचारहरू र विज्ञान तथा संस्कृतिमाथि सामाजिक सम्बन्धको अभ्यास उत्कृष्ट रूपमा जाज्वल्यमान छन् । उहाँले सामाजिक उत्पीडनको प्रक्रियामा मात्र विशेष ध्यानाकर्षण गराउनुभएको छैन, बरु निजी सम्पत्तिको प्रभुत्वमा रहेको श्रमजीवीजनको आत्मिक उत्थानमा पनि जोड दिनुभएको छ ।

यी पाण्डुलिपिमा मार्क्सले आर्थिक विचारको विकासलाई सुनिश्चित गर्न भौतिकवादी मान्यता अघि सार्नुभयो र उहाँले वास्तविक आर्थिक सम्बन्धको विकास विचारधारात्मक क्षेत्रमा प्रतिबिम्बन हुने कुराको व्याख्या गर्नुभयो । उहाँका अनुसार विज्ञानको विकासले स्वयम् समाजको विकासलाई नै दोहोऱ्याउँछ । उहाँ प्रमुख पुँजीवादी अर्थशास्त्रीहरू एडम स्मिथ, डेभिड रिकार्डो र अरूहरूको शिक्षा राजनीतिक अर्थशास्त्रमा उच्चतम् उपलब्धि हो भन्ने ठान्नुहुन्थ्यो तर उहाँले अझै पनि मूल्यको श्रम सिद्धान्तको विश्लेषणमा विश्वास गर्नुभएको थिएन । उहाँले उनीहरूका विचारहरूको सीमा, उनीहरूको अधिभौतिकवादी सिद्धान्तअनुसारको व्याख्या, आर्थिक परिघटनाको आन्तरिक सम्बन्ध र गतिशीलता बुझ्न असमर्थ रहेको कुरा देखाउनुभएको छ ।

१८४४ का पाण्डुलिपिहरूमा त्यस समयका अरू रचनाहरूमा जस्तै मार्क्सले फायरबाख र हेगेल दुवैका शब्दावलीको प्रयोग गर्नुभएको छ । यसकारण फायरबाखले जस्तै मार्क्सले लेख्नुभएको छ : 'साम्यवाद पूर्ण रूपले प्रकृतिवादको विकासका रूपमा मानवतावाद बराबर हुन्छ र पूर्ण रूपले विकसित मानवतावाद प्रकृतिवाद बराबर हुन्छ ।' त्यसरी नै मार्क्सले यी शब्दहरू सारतः नयाँ प्रसङ्गमा प्रयोग गर्नुभएको थियो र यस्ता केही विचारहरू अघि सार्नुभयो जसमा धेरै प्रकारले फायरबाखको अमूर्त मानवतावाद तथा अभिजात वर्गीय प्रतिऐतिहासिक नृशास्त्रवादको विरोध गर्नुभयो । उहाँका पाण्डुलिपिहरू इतिहासको अन्तरभेदी अर्थ र क्रान्तिकारी व्यवहारको महत्वको बुझाइसँग सुसूचित छन् । हेगेलका बारेमा पनि त्यस समयमा मार्क्सले उनको तार्किक र रूढिवादी शिक्षाका बीचको सम्बन्धसम्बन्धी परिपक्व बुझाइ हासिल गर्नुभएको थियो भन्ने कुरा देख्न सकिन्छ । उहाँले प्रकृतिलाई रहस्यमय निरपेक्ष विचारको अर्को अस्तित्व प्रणालीका रूपमा लिने हेगेलको गल्ती देखाउनुभयो । त्यसरी नै उहाँले हेगेलीय द्वन्द्ववाद र आदर्शवादी ढङ्गले अभिव्यक्त गरिएको भए पनि विकास तथा अन्तरविरोधको समाधानसम्बन्धी हेगेलको अवधारणाको महत्वको सकारात्मक पक्षमाथि जोड दिनुभयो ।

'१८४४ का आर्थिक तथा दार्शनिक पाण्डुलिपिहरू' मा एक मात्र केन्द्रीय समस्या भनेको मनमुटावको समस्या हो । हेगेलले यो अवधारणाको विस्तृत प्रयोग गर्नुभएको थियो । जे भए पनि उनीसँग वास्तविक जनता होइन, बरु निरपेक्ष विचारले मनमुटाव राख्छ । फायरबाखको पनि धर्मको उत्पत्तिसम्बन्धी आफ्नो सिद्धान्तमा यस्तै अवधारणा रहेको छ जसलाई अमूर्त मानिसको विश्वव्यापी गुणको मनमुटाव घटाइएको छ जुन भ्रमात्मक देवत्वमा मुछिएको छ ।

मार्क्सले मनमुटावको अवधारणा सामाजिक सम्बन्धहरूको गहिरो विश्लेषण गर्न प्रयोग गर्नुभएको थियो । उहाँका लागि पृथकता (बष्भिलमतष्यल) ती सामाजिक सम्बन्धहरूको चरित्र थियो जसअन्तर्गत जनजीवन र गतिविधि, गतिविधिको अवस्था स्वयम् गतिविधि र जनताहरूबीचको सम्बन्ध वैरभावका रूपमा देखापर्नु, तिनीहरूभित्रै शत्रुता हुनु थियो । यसरी नै मार्क्सको भाष्यमा मनमुटाव ऐतिहासिक परिघटनाबाहिरको कुरा होइन । वैरभावलाई निजी सम्पत्तिसँग गाँस्ने पहिलो व्यक्ति हुनुहुन्थ्यो र सामाजिक व्यवस्थाले नै यसलाई जन्माउँछ । उहाँले के देख्नुभयो भने निजी सम्पत्ति र यसका सम्पूर्ण परिणामहरूको उन्मूलनद्वारा मात्र वैरभाव/मनमुटाव हटाउन सकिन्छ ।

मनमुटावसम्बन्धी मार्क्सको दृष्टिकोण उहाँको ' मनमुटावी श्रम' को उपचारमा केन्द्रीकृत रूपमा देखापरेको छ । 'मनमुटावी श्रम' को अवधारणा पुँजीवादी समाजमा मजदुरको दासत्वपूर्ण अवस्था, श्रमको परिणाम, स्वरूप, उसको शारीरिक र मानसिक अवनति जसले 'आफूले आफैँलाई गुमाउन' बाध्य पारेको हुनाले संश्लेषण गरियो ।

(पृ. ६६ मा हेर्नुहोस्) ।

श्रम एक श्रमको वस्तुमा समावेश गरियो जुन मार्क्सले जोड दिनुभयो । श्रमको वस्तुकरणमा रूपान्तरण भएको छ । अनि निजी सम्पत्तिद्वारा शासित एउटा समाजमा अपरिहार्य रूपमा श्रमको वस्तुकरणले मजदुरको जीवनमा खुसीयाली नकार्दछ, आफ्नै श्रमको वस्तुको बाँधा बनाउँछ । उसको श्रमको उत्पादन एउटा शत्रु उत्पादन बन्दछ । श्रमको वस्तुकरण श्रमको शत्रु बन्दछ र वस्तुकृत श्रम शत्रुतापूर्ण श्रम बन्दछ । श्रमप्रक्रियाले आफ्नो सिर्जनात्मक पहलु गुमाउँछ र मजदुरका लागि आकर्षक हुँदैन । मजदुर सौन्दर्यको नियमअनुसार र विश्वव्यापी आवश्यकताअनुसार उत्पादन गर्न प्रेरित हुँदैन । उसले स्वतन्त्रतापूर्वक आफ्नो शरीर र मानसिक ऊर्जा विकास गर्न पाउँदैन । उसले त्यसमाथि दमन गर्दछ, आफ्नो शरीर सडाउँछ र आफ्नो मस्तिष्क विनास गर्दछ । ऊ जनावरको आदिम आवश्यकतासहित जनावरको अवस्थामा पुग्दछ भने उसले सारतः मानवीय चरित्र गुमाउँदै जान्छ । ऊ आफैँ आफ्नो होइन, बरु पुँजी मालिकको हो । (पृ. ७१ मा हेर्नुहोस्)

'१८४४ का आर्थिक तथा दार्शनिक पाण्डुलिपिहरू' मा अघि बढ्दै जाँदा 'मनमुटावी श्रम' को अवधारणामा मार्क्सको पुँजीद्वारा श्रमको उपयोगसम्बन्धी भाबी सिद्धान्तको प्रारम्भिक अभिव्यक्ति, खासगरी पुँजीमा पछि विकसित महत्वपूर्ण विचारहरूको प्रारम्भिक सिद्धान्त सम्मिलित भएको छ ।

मनमुटावको अवधारणा मार्क्सको आर्थिक चिन्तन विकासको प्रारम्भिक चरणको चरित्र थियो । उहाँका उत्तरवर्ती रचनाहरूमा अरू सोचनीय तहमा अझ ठोस सूत्रीकरण, पुँजीवादी आर्थिक सम्बन्ध ज्यालादारी श्रम शोषणको सारलाई अझ बढी स्पष्ट रूपमा र अझ पूर्ण रूपले यसलाई प्रतिस्थापन गरिएको थियो । चाहे शोषणको दार्शनिक अभिव्यक्तिमा होस्, चाहे निजी सम्पत्तिमा आधारित सामाजिक व्यवस्थाको अमानवीय चरित्र र त्यो समाजमा श्रमजीवी जनसमुदायको कङ्गालीकरण मार्क्सका पछिल्ला रचनाहरूमा यसको प्रयोग गरिएको छ ।

'१८४४ का आर्थिक तथा दार्शनिक पाण्डुलिपिहरू' मा पुँजीवादी उत्पादन प्रणालीको वैज्ञानिक विश्लेषण प्रथम प्रयत्न, यसको शत्रुतापूर्ण अन्तरविरोधलाई निर्णायक बनाउने, पुँजीवादलाई अपरिहार्य मृत्युको मुखमा लिँदै गरेको विकासका नियमको परीक्षण गर्ने र यसभन्दा उच्चतर तथा अझ बढी तार्किक सामाजिक संरचनाद्वारा यसको प्रतिस्थापन गर्ने सैद्धान्तिक सामान्यीकरण समावेश गरिएको छ । अझै मार्क्सले के निष्कर्ष निकाल्नुभएको छ भने निजी सम्पत्ति व्यवस्था बृहत् जनसमुदायको क्रान्तिकारी सङ्घर्षद्वारा मात्र ढाल्न सकिन्छ । 'निजी सम्पत्तिको विचारलाई उन्मूलन गर्न साम्यवादी विचार नै पर्याप्त छ । यसले नै साँच्चैको निजी सम्पत्ति उखेल्न साँच्चिकै साम्यवादी कारबाही गर्नेछ ।' (पृष्ठ १०९ हेर्नुहोस्) ।

शोषणमा आधारित विद्यमान समाजको चरम प्रतिवाद साम्यवाद नै हो भन्ने कुरा मार्क्सले देखाउनुभयो । त्यो सामाजिक विकासको चरणमा नै मानव जातिसँग सामाजिक अन्तरविरोध र वैरभावका सबै रूपहरूबाट मुक्त गर्ने क्षमता हुनेछ । मार्क्सले तपस्यातिर जाने सामाजिक स्तरमा पुग्ने र 'थोरै आवश्यकता भएका गरिब तथा गाउँलेहरूको अस्वाभाविक सरलता' मा फर्कने तिनको प्रवृत्तिसहित समानतावादी साम्यवादका विभिन्न आदिम सिद्धान्तहरूको आलोचना गर्नुभयो । साम्यवादले मानिसका आवश्यकताहरूको चौतर्फी सन्तोष र मानव व्यक्तित्व पूर्ण रूपले फुलाउनका लागि क्षेत्र दिनुपर्छ ।

मार्क्सले निजी भूमिलाई सार्वजनिकमा परिवर्तन गरेर कृषिको साम्यवादी पुनर्संरचना र श्रमको सामूहिक स्वरूपको भूमिकासम्बन्धी उच्चस्तरीय अन्तरभेदनकारी अवलोकन गर्नुभएको छ । यसका फाइदाहरू देखाउँदै उहाँले लेख्नुभएको छ : 'सङ्घले भूमिको प्रयोग गरी बृहत् भूमि-सम्पत्तिको आर्थिक फाइदा बाँडफाँट गर्नेछ... यसरी नै सङ्घ पनि तार्किक आधारमा पुनर्स्थापित हुनेछ, दासता, आधिपत्य र सम्पत्तिको पागल रहस्यवादको राज धेरै टिक्नेछैन । जब पृथ्वी मोलतोलको वस्तु बन्न छोड्नेछ तब मानिसहरू घनिष्ट रूपले पृथ्वीसँग गाँसिनेछन् र स्वतन्त्र श्रम तथा स्वतन्त्र खुसीयाली फेरि एकपटक मानिसको साँच्चै नै व्यक्तिगत सम्पत्ति हुनेछ ।'

(पृ. ५९ मा हेर्नुहोस्)

'१८४४ का आर्थिक तथा दार्शनिक पाण्डुलिपिहरू' का विचारहरू मार्क्स-एङ्गेल्सका प्रसिद्ध पछिल्ला संयुक्त कृतिहरू 'पवित्र परिवार अथवा आलोचनात्मक आलोचनावादको आलोचना' 'जर्मनेली विचारधारा' र 'साम्यवादी दलको घोषणापत्र' मा विषद् व्याख्याका साथ अघि बढाइएको छ जुन वैज्ञानिक सर्वहारा विश्वदृष्टिकोणको अन्तिम सैद्धान्तिक आधारका रूपमा समेटिएका छन् । मार्क्सका पहिलो आर्थिक रचना '१८४४ का पाण्डुलिपिहरू' मार्क्सवादी राजनीतिक अर्थशास्त्रका लागि कुनै पनि अर्थमा प्रस्थानबिन्दु थियो जसको शिखर उपलब्धि 'पुँजी' नै हो ।

यो ग्रन्थको पूरकका रूपमा १८४३ को अन्त्य र १८४४ को प्रारम्भमा लेखिएको एङ्गेल्सको आलेख 'राजनीतिक अर्थशास्त्रको आलोचनाका रूपरेखाहरू' समावेश गरिएको छ । मार्क्स यो आलेख धेरै उच्चस्तरको रहेको सोच्नुहुन्थ्यो । उहाँले धेरै नै महत्व दिएर '१८४४ का आर्थिक तथा दार्शनिक पाण्डुलिपिहरू' को भूमिकामा यसलाई उल्लेख गर्नुभएको छ । पछि पनि उहाँले यो आलेखलाई सिफारिस गर्नुभएको छ जसले एक प्रतिभाको रचनाका रूपमा निःसन्देह रूपले उहाँको चिन्तनमा प्रभाव पारेको थियो । यो आफ्नो गम्भीर क्रान्तिकारी समर्पणका लागि आफ्नो भौतिकवादी पहुँचलाई आर्थिक परिघटना तथा सिद्धान्तसम्म पुऱ्याउन र आफ्नो बुर्जुवा अर्थशास्त्रीद्वारा प्रयुक्त अधिभूतवादी विधिको असफलतालाई स्पष्ट बुझ्न उल्लेखनीय रहेको छ । यो नै आर्थिक प्रवर्गहरूको विश्लेषण गर्न भौतिकवादी विश्वदृष्टिकोण तथा भौतिकवादी द्वन्द्ववाद प्रयोगको पहिलो परीक्षण थियो ।

यो रचना मूलतः निजी सम्पत्तिको आलोचनात्मक परीक्षणका लागि समर्पित थियो । एङ्गेल्सले के प्रमाणित गर्नुभयो भने बुर्जुवा जगत्मा सामाजिक शत्रुता र भाबी सामाजिक क्रान्तिको मूल कारण अन्तरनिहित अन्तरविरोधको विकास र निजी सम्पत्तिको उत्पत्ति हो । उहाँले निजी सम्पत्तिको प्रकृतिबाट उत्पन्न प्रतिस्पर्धा र एकाधिकार बीच द्वन्द्वात्मक अन्तरसम्बन्ध तथा श्रम र पुँजीबीच गहिरो अन्तरविरोध पत्ता लगाउनुभयो ।

तर एङ्गेल्सले त्यसबेला पुँजीवादी अर्थशास्त्रीहरूको आलोचना गरेर शास्त्रीय सम्प्रदाय ९क्अजययष्लिन० का प्रतिनिधि एडम स्मिथ तथा डेभिड

... बाँकी पृष्ठ ४ मा

पृष्ठ १ बाट क्रमशः

# वैज्ञानिक समाजवाद–साम्यवादको खोज

स्वामित्वको उन्मूलन हुनुपर्छ", (मार्क्स-एङ्गेल्स, सङ्कलित रचना १, कम्युनिस्ट घोषणापत्र, पृ. ६३) । मार्क्सले यही आर्थिक दृष्टिकोणको निर्देशनअनुरूप सन् १८६७ देखि साम्यवादी अर्थशास्त्रसम्बन्धी अद्वितीय कृति 'पुँजी' को रचना गर्नुभयो । मार्क्सले वैज्ञानिक समाजवादी-साम्यवादी आर्थिक सिद्धान्तको खोज गर्दा प्रस्तुत गरेका केही महत्वपूर्ण विशेषतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. पुँजी उत्पादनमा श्रमको भूमिका
२. अतिरिक्त मूल्यको सिद्धान्त
३. निजी सम्पत्ति र स्वामित्वको अन्त्य
४. सामाजिक (सामूहिक) स्वामित्व र सम्पत्तिको विकास

## १. पुँजी उत्पादनमा श्रमको भूमिका

कार्ल मार्क्सले समाजवादी-साम्यवादी अर्थशास्त्रको अनुसन्धान गर्ने क्रममा प्रथमतः पुँजी उत्पादनमा श्रमको भूमिका मुख्य हुन्छ भन्ने पत्ता लगाउनुभयो । त्यसअगाडिसम्म वस्तु विनिमयको मात्र अध्ययन थियो । उहाँले अर्थ-सम्बन्धबारे तथ्यहरू पेश गर्दै उत्पादनका वस्तु(प्रकृतिमा उपलब्ध वस्तु जमिन, जङ्गल, पानी आदि) मा मानवीय श्रम मिसिएपछि माल उत्पादन हुन्छ; माल विनिमयको बजारमा प्रवेश गरेपछि विनिमय मूल्य पैदा गर्छ र मूल्य विभिन्न रूप हुँदै केन्द्रीकृत विनिमयको आवश्यकतालाई पूरा गर्ने साधनको रूपमा मुद्रा तयार हुन्छ । मुद्रा नै पुँजीमा परिणत हुन्छ । पुँजीले पुनः श्रम र माल उत्पादनमा प्रवेश गरेर आफ्नो विस्तारलाई व्यापक पार्छ । 'वस्तु जोड श्रम जोड माल बराबर मूल्य' हुन्छ भन्ने सावित गर्नुभयो । उदाहरणार्थ, वनमा रुख हुन्छ, रुखमा काठ हुन्छ, काठबाट धेरै मानवीय आवश्यकता पूरा गरिन्छ । काठबाट ढोका, दराज, टेबुल, कुर्ची आदि बन्छन् तर रुखबाट ती वस्तुहरू स्वतः प्राप्त हुँदैनन् । रुखलाई काठमा र काठलाई आवश्यक वस्तुमा बदल्न मानवीय श्रम मिसिनुपर्छ । जब मानवीय श्रम रुख र काठमा मिसिन्छ, त्यसपछि अनेकौँ उपभोग्य वस्तु निर्माण हुन्छन् । ती वस्तुहरू विनिमयका लागि बजारमा प्रवेश गरेपछि मूल्यको उत्पादन हुन जान्छ । मार्क्सले पुँजीमा उल्लेख गर्नुभएको छ, "वस्तु ती आफैँमा केही होइनन्, ती त्यसपछि मात्र सामग्री हुन्छन्, जब ती विनिमयका वस्तु बन्छन्, वस्तु त्यतिबेला मात्र उपयोगी हुन्छ, जब त्यसमा मानवश्रमले उत्पादन गर्छ", (पुँजी भाग १) । यसलाई मार्क्सको 'मूल्यको श्रम सिद्धान्त' भनियो । मार्क्सको यो सिद्धान्तबारे जोड दिँदै लेनिनले भन्नुभयो, "मार्क्सले सिद्ध गरिदिनुभयो कि हर-मालका मूल्य यस कुराबाट निर्धारित हुन्छ कि उसको उत्पादनमा सामाजिक दृष्टिले कति आवश्यक श्रमकाल लगाइएको छ", (लेनिन, हिन्दी संस्करण, खण्ड ४, पृ. १९६) । मार्क्स र लेनिनका यी विचारले यो सावित गर्छन् कि यदि कुनै पनि प्राकृतिक वस्तुमा मानवीय श्रम मिसिँदैन भने कुनै पनि माल उत्पादन हुँदैन । मानवीय आवश्यकता पूर्ति नगर्ने वस्तु उत्पादन नभएमा त्यहाँ कुनै मुद्रा र पुँजीको पनि उत्पादन हुँदैन । यसैलाई पुँजी उत्पादनमा श्रमको भूमिका भनिएको हो । पुँजीको चरित्र र भूमिकालाई बुझ्न यो अनुसन्धानले ठूलो महत्व राखेको छ ।

## २. अतिरिक्त मूल्यको सिद्धान्त

कार्ल मार्क्सले अर्थशास्त्रको अध्ययन गर्ने क्रममा पुँजीको विकास र विस्तार कसरी हुन्छ ? पुँजीको स्वामित्वमा असमानता कसरी पैदा हुन्छ ? भन्ने सन्दर्भमा अतिरिक्त मूल्यको सिद्धान्त अनुसन्धान गर्नुभयो । मार्क्सवादी अर्थशास्त्रको क्षेत्रमा उहाँले गर्नुभएका सबैभन्दा महत्वपूर्ण खोज नै अतिरिक्त मूल्यको सिद्धान्तलाई मानिन्छ । यो उहाँको मौलिक र नयाँ खोज हो । अतिरिक्त मूल्यलाई पहिले 'जोडिएको मूल्य' भन्ने गरिन्थ्यो र त्यसलाई आवश्यक मानिन्थ्यो तर मार्क्सले यो सिद्धान्तमार्फत पहिलो पटक पुँजीको वृद्धि र विस्तार कसरी हुन्छ । साथै, मालिकको हातमा पुँजी कसरी सङ्केन्द्रित हुन्छ भन्ने तथ्यहरू प्रस्तुत गर्नुभयो । अतिरिक्त मूल्यबारे उहाँले स्पष्ट गर्दै भन्नुभयो, "अतिरिक्त मूल्यको उत्पादन पुँजीवादी उत्पादन सम्बन्धको अनिवार्य नियम हो, यो नियमले केवल पुँजीपति र मजदुरको आर्थिक सम्बन्धलाई मात्र अभिव्यक्त गर्दैन, बरु त्यस्ता आर्थिक समूहहरू बुर्जुवा र उद्योगी, व्यापारी र बैङ्कर र नीतिहरू र जमिनदारबीचको आर्थिक सम्बन्धहरूलाई पनि व्यक्त गर्छ", (मार्क्स, भाग २३, पृ. ६३२) । मार्क्सले यस सन्दर्भमा अगाडि बढेर थप व्याख्या गर्दै भन्नुभयो, "अतिरिक्त मूल्य भनेको मजदुरले वस्तुकृत बनाएको श्रम हो, जो उसले श्रम गरेबापत् श्रमशक्तिको मूल्यको रूपमा प्राप्त गरेको हुन्छलाई मालिकको लागि सित्तैमा छोडिदिने भन्दा अरू केही होइन्", (भाग ४७, पृ. १९०) । लेनिनले मार्क्सको यो सिद्धान्तलाई मार्क्सको आर्थिक सिद्धान्त आधार भन्नुभएको छ । लेनिन लेख्नुहुन्छ, "बेसी मूल्यको शिक्षा मार्क्सको आर्थिक सिद्धान्तको आधारशिला हो", (लेनिन, हिन्दी संस्करण, खण्ड ४, पृ. १९७) । लेनिन अझ जोड दिँदै भन्नुहुन्छ, "मजदुर कार्य दिनको एक भाग स्वयम् आफ्नो र परिवारको भरण-पोषणको खर्चको पूर्तिको लागि प्रयोग गर्छ, अरू दिनको शेषभागमा उसले बिना-पारिश्रमिक श्रम गर्छ, यसरी पुँजीपतिको लागि बेसी मूल्य सिर्जना गर्छ, जो पुँजीपतिवर्गको लागि मुनाफाको स्रोत, सम्पत्तिको स्रोत हो", (लेनिन, हिन्दी संस्करण, खण्ड ४, पृ. १९६) । अतिरिक्त मूल्यको सिद्धान्तसम्बन्धी मार्क्सको यो अनुसन्धानले पुँजीवाद, पुँजीपतिवर्ग, उसको उत्पीडनलाई बुझ्न मात्र होइन, वर्गसङ्घर्षको विकासलाई बुझ्न पनि ठूलो मद्दत गऱ्यो ।

अतिरिक्त मूल्यको सिद्धान्तअनुसार कुनै पनि मालको मूल्य दुईखालको हुन्छ । पहिलो, मालको वास्तविक मूल्य र दोस्रो, मालको अतिरिक्त मूल्य । अतिरिक्त मूल्य मालको त्यो मूल्य हो, जुन मूल्यको स्वामित्व श्रमिकले पाउँदैन, मालिकले प्राप्त गर्छ । उदाहरणार्थ, एकजोर जुत्ता बनाउन एक जना मजदुरलाई एक घन्टा लाग्छ; जुत्ताको लागि मालिकले २०० रुपियाँको कच्चा पदार्थ प्रयोग गर्छ, उसले मजदुरलाई एक जोर जुत्ता बनाएबापत् २०० रुपियाँ दिन्छ, मालिकले प्रयोग गर्ने मेसिनको खर्च १०० हुन्छ । यति गर्दा जुत्ताको लागत मूल्य ५०० भयो तर मालिकले जुत्ता तयार भएपछि बजारमा पठाउँदा १००० लिन्छ । मालिकले व्यवस्थापन मात्र गरेर रु. ५०० प्राप्त गऱ्यो । लागत कूल मूल्य र बजारमा प्राप्त हुने मूल्यमा ५ सय फरक पऱ्यो । यो बढी पैसा नै अतिरिक्त मूल्य हो । यहाँ श्रम गर्ने मजदुरले जति पैसा पाउनुपर्ने हो, त्यति पाउँदैन तर व्यवस्थापन गरेबापत् मात्र मालिकले ५०० रुपियाँ पाउँछ, जो सही मूल्य होइन । यसरी श्रमिकले मालिकका लागि सित्तैमा गरिदिने श्रम अतिरिक्त श्रम हो भने त्यस श्रमबाट मालिकले पाउने मूल्य अतिरिक्त मूल्य हो । मार्क्सको यस अतिरिक्त मूल्यको सिद्धान्तले श्रमिकवर्गमाथि कसरी शोषण हुन्छ र मालिक कसरी दिन-प्रतिदिन झन् धेरै धनी हुँदै जान्छ भन्ने बुझ्न सजिलो भयो ।

## ३. निजी सम्पत्ति र स्वामित्वको अन्त्य

वैज्ञानिक समाजवादी-साम्यवादी अर्थशास्त्रको अनुसन्धानका क्रममा मार्क्स-एङ्गेल्सले गर्नुभएको अर्को महत्वपूर्ण खोज निजी सम्पत्तिको अन्त्य गर्ने सिद्धान्त रहेको छ । मार्क्सले पुँजी उत्पादनको नियम, पुँजीमा निजी स्वामित्वको नियम र निजी पुँजीको चरित्रको अध्ययन गरिसकेपछि मानव-दुनियाँमा सम्पत्तिमा निजी स्वामित्वको अस्तित्व रहेसम्म वर्गहरू अनिवार्य कायम हुन्छन्, वर्गहरू रहेसम्म समाजमा शान्ति, समानता, स्वतन्त्रता, समग्र समृद्धि भन्ने चीज प्राप्त गर्न सम्भव हुँदैन भन्ने विचार विकास गर्नुभयो । साथै, उहाँहरूले आर्थिक उत्पादन कार्य निजी विषय नभई सामाजिक मामिला भएकोले सम्पत्तिमाथिको निजी स्वामित्वलाई अन्त्य गर्न सकिने र निजी स्वामित्वको अन्त्यसँगै वर्ग-विभाजन र वर्गसङ्घर्षलाई पनि बदल्न सकिने विचार र विधि निर्माण गर्नुभयो । समाजमा निजी सम्पत्ति र स्वामित्वको अन्त्यको आवश्यकता र सम्भावनाबारे उहाँले कम्युनिस्ट घोषणापत्रमा उल्लेख गर्दै भन्नुभयो, "तर आधुनिक बुर्जुवा व्यक्तिगत स्वामित्व नै उत्पादन तथा शोषणप्रणालीको यस्तो अन्तिम तथा सबैभन्दा पूर्णरूप हो, जुन वर्गीय अन्तर्विरोध र एकद्वारा अर्कोको शोषणमा आधारित छ । यस अर्थमा कम्युनिस्ट सिद्धान्तलाई एकै वाक्यमा यसरी राख्न सकिन्छ, "निजी सम्पत्तिको उत्मूलन", (कम्युनिस्ट घोषणापत्र, पृ. ४०) । उहाँको यो विचारले विश्वलाई निकै ठूलो आकर्षण र तरङ्ग दियो । साम्यवादी सिद्धान्तमा यो विचारलाई निकै महत्वका साथ लिइन्छ ।

क्रमशः ...

# धरापको बीचैबीच जीवन



अनिल शर्मा 'विरही'

कोरोना भाइरस सङ्क्रमण (कोभिड १९) महामारीका कारण देशमा सरकारले बन्दाबन्दी घोषणा गर्ने निश्चित भएपछि सहरमा बस्नुभन्दा गाउँमा उपयुक्त होला भनेर चैत ८ गते भोजाड, भरतपुरबाट पहाडतिर लागेँ । लोथर बजार नपुग्दै माथि उकालो बाटो हुँदै बजारकै साथी ऋषि सुवेदीसहित लोथरतिर लाग्यौँ । त्यस दिन जनयुद्धकालकै कार्यकर्ता मानबहादुर चेपाङको घरमा बास बसियो । राप्ती १, (साबिक लोथर) तारेवाङ गाउँका मानबहादुर प्रजाको पराले झुपडीमा न्यानो आतिथ्य थियो । त्यसै दिन त्यहीँ मकवानपुरका पार्टी इन्चार्ज मिङ्मार आइपुगे । स्थानीय नेता कमरेड दोर्जे पनि त्यहीँ आइपुगे । हामी लोथर खोलाको छेउमा थियौँ । खोलाको नागबेली आकृति मनोरम देखिन्थ्यो । खोलापारि मकवानपुर जिल्लाका पाखा-पखेरा तरेली परेका मनोरम लाग्थे । चैतको आधा घर्किनै लाग्दा पनि यतातिर चिसो घटेको थिएन । त्यसै बासमा भर्खरै जेलबाट रिहा भएका युवा कमरेड लक्ष्मण पौडेल र उनका साथी चिकित्सक लाहानका रूपेश यादव आइपुगे । जेलबाट रिहा भएका साथीसँगको भलाकुसारी रमाइलो हुन्थ्यो नै । सर्वोच्च अदालतले सरकार र प्रहरीको ज्यादतीको लामो तालिकासहित रिट जारी गरेको रहेछ । फैसला हेरेर समाचार बनाएँ । त्यसलाई सञ्चारगृहसम्म पठाएँ । त्यहीँ पत्रकारहरू भीम चापागाईं, प्रकाश डुम्रे, शिव डुम्रेसँग छलफल भयो ।

मानबहादुरका दुईटी श्रीमती रहेछन् । मैले जेठीलाई 'तपाईंहरूको झगडा हुन्छ कि हुन्न दिदी ?' भनेँ । 'केलाई झगडा हुनु, आआफ्नो कर्म खानी त हो', जेठीले त्यसो भन्दा कान्छी छेउमा मुसुमुसु हाँस्दै थिइन् । बुढाको कपाल बाँसको जराजस्तै लाग्थे । मैले कति दिनमा नुहाउँछ भाइ ? भनी प्रश्न गरेँ । 'सानोमा नुहाएको कामज्वरो आयो । त्यसपछि यो उमेरसम्म नुहाएको छैन । वर्षामा आकाशको पानीले भिजिन्छ, त्यत्ति हो', सहज रूपमा उनले भने । त्यो कुरामा उनकी जहानले पनि सही थापिन् । 'कि पूरै सफा कि पूरै फोहोर, आधा काम कुनै पनि राम्रो हुन्न सार' हात नधोईकन खाना खानुहुन्न ? भन्ने मेरो प्रश्नमा उनको जबाफ हुन्थ्यो । डोरी बुनेर बनाएको जालीवाला झोला, त्यसभित्र हँसिया कम्मरबाट सुत्ने बेला मात्र फुकाल्थे । मानबहादुर बनतिर जान्थे । बन थर्काउने गरी नेपाली भाषामा गीत गाउँथे । 'गीत त राम्रो गाउनुहुँदो र'छ नि भाइ !' भन्नासाथ 'गीत गाएर त दुईटी ल्याएको नि दाइ !', मानबहादुर हाँस्दै भन्थे । कामरेड दोर्जेले फोनमा तरकारी खोज्दै थिए । 'ए, कामरेड के मागेको ? बरु नुनसँग खाउँला नि !', मानबहादुरले ठुस्किँदै भने । मानबहादुर गरिब थिए । पढेका थिएनन् । ओढार जस्तो कोप्चेरोमा बास थियो । तर स्वाभिमानका कस्ता धनी ! मलाई ईर्ष्या लाग्यो त्यो स्वाभिमान जीवनको ! जहाँ धनसम्पत्ति नभए पनि स्वाभिमान थियो ।

लोथरको त्यो चेपाङ गाउँबाट तेस्रो दिन हामी पश्चिमतिर लाग्यौँ । बाटोमा अँध्यारो बन आयो । त्यहाँ पानीघट्ट थियो । 'यो खोँचमा कालीनाग बस्थ्यो । घनघोर वर्षा हुन्थ्यो । दिउँसो १२ बजेपछि हुरी चल्थ्यो । आजभोलि नाग हरायो । नाग हराएसँगै सबैथोक हरायो । मान्छे पापी भएर यस्तो भयो नि सार' कमरेड दोर्जे भन्दै थिए । यस्तो परिवर्तन जलवायु परिवर्तनले भएको होला तर उनी भने मान्छे पापी भएर भन्दै थिए । प्रकृतिमाथि भएको अतिक्रमणले जलवायुमा ठूलो परिवर्तन भएको हेक्का उनमा थिएन ।

साँझ हामी एउटा अजम्मरी गाउँमा पुग्यौँ । दोस्रो संविधानसभाको निर्वाचनमा त्यो गाउँबाट एक मत पनि खसेको थिएन । मैले त्यो गाउँलाई 'चितवनको थबाङ गाउँ' शीर्षकमा समाचार बनाएको थिएँ । कमरेड दोर्जेको त्यो गाउँलाई मैनाटार भनिँदो रहेछ । वसन्त ऋतु लाग्दानलाग्दै त्यो गाउँमा मैनाचरीहरू गीत गाउन थाल्छन् । बूढी आमाको हाँसोजस्तो प्रिय दृश्य । गाउँको पूर्व, पश्चिम र उत्तरतिर खोला थिए । चारैतिर बन । गाउँ आफैँ बन हो कि बस्ती होजस्तो थियो । साथीहरूले गँगटा, झिँगेमाछा, ससाना माछाहरू ल्याउँथे । कहिले निउरो, कोइरालो, टाँकी, लट्टे, सिमी तरकारी बनपाखाबाट ल्याउँथे । एक दिन कमरेड दोर्जेकी जहानले 'हाइस्याक्री चल्छ सर ?' भनेर सोधिन् । जनयुद्धको समयमा धेरै चल्थ्यो । भारतको जेलमा बस्दा मुस्लिम साथीहरू भएकाले हाइस्याक्री धेरै नै चल्थ्यो । मुस्लिम र हिन्दु कैदीबन्दीका अलग-अलग कोठा हुन्थे । 'आजभोलि चलेको छैन तर चलाउन सकिन्छ', मैले भनेको थिएँ । गाउँमा हाइस्याक्री काटेका रहेछन् । एक सातासम्म सुकुटी खाइयो । एक सातापछि गाउँमा राँगो ढाले । एक मुरी मकै किनेर घट्टमा लगेर पिठो बनाइयो । जाँतोमा पिँधेर मकैको सातु बनायौँ । सहरमा बन्दाबन्दीले उकुसमुकुस पार्दै थियो । गाउँमा बन्दाबन्दीको त्यति धेरै प्रभाव थिएन । सहरका ज्यामी गाउँ फर्केका थिए । नुन-तेल कसरी ल्याउने भन्ने समस्या थियो ।

एक दिन उच्च रक्तचापले थलिएका कमरेड दोर्जेका मामाले आफ्नो र गाउँको कथा सुनाए । 'ऊः त्यो पारिको गाउँ खास मैनाटार हो । तलको चौर जम्डाँडा हो । ऊः त्यो चुलिवाङ हो । कान्दा ऊ त्यतातिर हो', मामाले बेलिबिस्तार लगाए । 'दाइ, ब्रोसवाङ गाउँमा अनिकाल परेको छ । बाटो, भवन, खानी, ईँटाभट्टाको काम बन्द भएपछि श्रमिक बस्तीमा कोरोना कहर पीडादायी बन्दै गएको छ । ब्रोसवाङमा खानेपानीको पनि हाहाकार छ । समाचार बनाउन पाए कसैको ध्यान आकृष्ट हुन्थ्यो कि ?', मकवानपुरका नेता मिङ्मारले ब्रोसवाङबाट फोन गर्दै थिए । त्यो खबरलाई मैले 'काकाकुल ब्रोसवाङ' शीर्षकमा समाचार बनाएर प्रेषित गरेँ । दोर्जे गायक र कवि पनि हुन् । उनका गीतहरू सञ्चारसम्म पुऱ्याएँ । लेख्न प्रेरित गरेँ । त्यसरी दुई साता बित्यो ।

दुई सातापछि थाकलटार बजार हुँदै उत्तर-पश्चिम लाग्यौँ । पैदल यात्रा थियो । गाउँबाट अलि तल जम्डाँडा पर्थ्यो । 'ऊः त्यो डाँडाको चौरलाई जम्डाँडा भन्छन् । त्यहीँ कमरेड समरले जनमुक्ति सेनालाई तालिम गराइरहनुहुन्थ्यो । स्थानीयले 'जम्प डाँडा' भन्दाभन्दै 'जम्डाँडा' भन्न थाले', मलाई पुऱ्याउन आएका साथी दोर्जेले जनयुद्धको समयमा कमरेड केशव रिमाल 'समर' ले पटक-पटक त्यही ठाउँमा जनसेनालाई तालिम दिएको स्मरण गरे । नवलपरासी जिल्लाको पर्सावल गाउँमा २०५८ सालमा शाही सेनाले कमरेड समरको हत्या गरेको थियो । त्यसपछि आकाशमात्र अलिअलि देखिने सेती नदीजस्तो लाग्ने तर छिपछिपे पानी भएको डरलाग्दो प्राकृतिक सुरुङ हुँदै हामी लोथर खोला पुग्यौँ । थाकलटारछेउ बसेर दोर्जेले बजार तिर सरकारका दूत भए-नभएको बुझे । त्यसबेला गाउँतिर गुप्तचरलाई 'भाइरस' र प्रहरीलाई 'झिँगा' भन्ने गरिन्थ्यो । एकजना समर्थकलाई दोर्जेले तामाङ भाषामा 'झिँगा, भाइरस केही छ ?' भनी सोधेका थिए । मलाई अर्को गाउँसम्म पुऱ्याउन थाकलटारमा विद्यार्थी कार्यकर्ता देवशमशेर लामा भटभटे लिएर आएका थिए ।

साँझ नपर्दै ओनेबाङ पुगियो । यो चेपाङ गाउँ हो । तर कहिलेदेखि त्यहाँबाट चेपाङहरू विस्थापित भए ? किन विस्थापित भए ? खोजको विषय छ । भञ्ज्याङमा प्रतीक्षालय छ । हाम्रो पार्टीले जनसहभागितामा बनाएको हो । चौतारीमा थरक मारेर हाते मोबाइलमा विद्युतीय समाचार हेर्न लागेँ । समाचारहरू हेरिनसक्नु पीडादायी थिए । बन्दाबन्दीका कारण रोजगार गुमाएका ज्यामीहरू, निम्नस्तरका व्यापारीहरू, सडक पसलेहरू शरणार्थीजस्तै पैदलै घर फर्किँदै थिए । सडकभरि घर फर्किनेको ताँती देखिन्थ्यो । दोजिया नारी र जुटको बोरामा हाँडाभाँडा बोकेका शरणार्थीहरूको लहर सडकमा असरल्ल थियो । कोही भोक, थकाइ, जलअल्पताले सडकैमा ढल्थे, उठ्थे । काठमाडौँका घरवालाहरू भाडामा बस्नेहरूलाई निकाल्दै थिए । काठमाडौँका मेयर सरकारी राहत लिने भए काठमाडौँ निवासी भएको नागरिकता पेस गर भन्दै थिए । कतारले विदेशी श्रमिकलाई भोक र रोगबाट रक्षा गर्ने वचन दिइरहेको बेला काठमाडौँ आफ्नै देशका नागरिकको सिकार गर्दै थियो । सिकारी मेयरका भेना प्रधानमन्त्री केपी ओलीले सडकमा पोखिएका मान्छेहरू सरकार लाई बदनाम गर्ने प्रायोजित भीड भन्दै थिए । घर जान हिँडेका मान्छेलाई प्रहरीले चितवनको मोवा खोलामा रोक्यो । मलाई काठमाडौँ र भरतपुर गिद्धभन्दा पनि बेइमान र अमानवीय लागे । गिद्धले जिउँदोको त सिकार गर्दैन । त्यही अनुभूतिलाई मैले 'गिद्ध इमानदार हुन्छ' शीर्षकमा कविता लेखेँ ।

ओनेबाङको बसाइ दुई-चार दिन भन्ने सोचिएको थियो । बसाइ लम्बियो । मेरो फोन प्रहरी निगरानीमा हुँदो हो किनकि मैले जेल, हिरासत र सञ्चारकर्मीहरूलाई फोन सम्पर्क गरेको थिएँ । विभिन्न राजनीतिकर्मीहरूलाई पनि । गाउँतिर सरकारी प्रतिनिधि पनि हुनसक्थे । केही दिनयता शङ्कास्पद गतिविधिहरू भइरहेका थिए । गाउँमा प्रहरी अरू कुनै घटनाको अनुसन्धानमा आउने सूचना आयो । चर्को घाम, किसानहरू मकै गोड्दै थिए । जङ्गलछेउको कुइनेटोमा दिनभरि बसेँ । बनभोजझैँ उतै खाना ल्याइदिए । त्यहीँ खाना खाइयो ।

वैशाख २३ गते गाउँमा फेरि प्रहरी आउने सूचना आयो । वडा अध्यक्ष हितबहादुरले सबै सूचना दिइरहेका थिए । हितबहादुर तामाङ तत्कालीन एमाले पार्टीका कार्यकर्ता भए पनि हाम्रा सहयोगी थिए । 'आजचाहिँ पक्कै आइन्छ सर' हितबहादुरले भनेका थिए । वैशाख २३ गते बिहानको समाचार सुन्दै थिएँ । रात्रीकालीन लुगा फेरेकै थिइनँ । लिस्नोबाट गोडा चिप्लिएर भुइँमा बजारिएँ । 'ड्याऽम्म...' आवाज आयो । के भयो, थाहै भएन, अर्धचेतजस्तो अवस्था थियो । केही समयपछि उठ्न खोजेँ । सकिनँ । अर्रो भएको थियो शरीर । राम्ररी होसमा आएपछि पर कतै मान्छेहरू बोलेकोसम्म सुन्दै थिएँ । गाउँलेहरू नजिकै आएको थाहा भयो । 'सर, अब तपाईंलाई पसिना आयो, अब केही हुन्न' माइला भन्दै थिए । 'केही हुन्न' अर्थात् 'मर्दैनस्' त्यसको अर्थ थियो । त्यसपछि धेरैजनाले शरीरका विभिन्न भागमा समातेर गोडा टेकाएर उभ्याए । औधी पीडा भयो । 'दाइ, मलाई किन थप पीडा दिएको ?' भनेँछु । 'सर, तपाईंलाई ठीक हुन्छ', उनै माइलाको आश्वासन थियो । लाग्थ्यो, उनी एमडी प्रमाणपत्रधारी चिकित्सक हुन् । आखिर मेरा लागि ल्याप्चेवाला भए पनि त्यहाँ उनै त थिए चिकित्सक, सहयोगी सबै । केही समयपछि मान्छेहरू बोलेको सुन्न छोडेँ । डर लागेजस्तो, एक्लै भएजस्तो भयो । झन्डै एक महिनादेखि विद्यार्थी भाइहरू देवशमशेर र मीनबहादुर साथै थिए । म उनीहरूलाई अध्ययन र लेखनकार्यमा प्रेरित गर्थें । उनीहरू लेख, कविता, समाचार सञ्चारसम्म पुऱ्याउन र खानपानमा सहयोग गर्थे । 'भाइ, मलाई एक्लै नछोड' भनेछु । 'अङ्कल, म यहीँ छु, तपाईंलाई छोड्दिनँ', त्यो प्रिय आवाज सुनियो । भरोसा भयो । मेरो खल्तीबाट कागज निकालेर भाइलाई फोन गरेछन् । 'तपाईंको भाइलाई खबर भएको छ । लिन आउँदै हुनुहुन्छ', प्रधानकान्छाले नजिक आएर भनेका थिए । हलोको हरिसमा म सुतेकै ओछ्यानको तन्नालाई 'स्ट्रेचर' बनाएर मलाई ओरालो झारे । मोटरसम्म पुग्न झन्डै एक घन्टा पैदल हिँड्नुपर्थ्यो । एक घन्टामा बोकेर कालीखोला पुऱ्याए गाउँलेहरूले । प्रधानकान्छाको छोरो मलाई 'बिस्कुट दिने अङ्कल' भनेर मेरो सम्झना गरिरहन्थ्यो । ५ वर्षमा टेक्दै गरेको ऊ पनि कालीखोलासम्म आएको थियो । कालीखोलामा भाइ शेष र सुमन वाहन लिएर आइसकेका थिए । उनीहरू दुवैजना स्वास्थ्यकर्मी भएकाले ढुक्क भयो मन । ओरालो बाटो एक घन्टा झ्याँक्दै कालीखोला पुऱ्याउँदा दुखाइ केही घटेझैँ भएथ्यो । शरीर हल्लिँदा शरीरमा रक्तसञ्चार भएर हो कि किन हो केही आराम भएझैँ भएको थियो । गाउँलेहरू फर्किए । वाहन मलाई लिएर अस्पतालतिर लाग्यो ।

०००

बाटोमा नै ज्वरो, रक्तचाप हेरे । हातका औँलाहरू चलाए । गोडा चलाए । नदुख्ने अथवा दुखेको थाहा नहुने सुई लगाइदिए । 'स्पाइनल इन्जुरी छैन दाइ', खुसी हुँदै उनीहरूले भने । 'भरतपुरमा विकास र समृद्धिका त्यस्ता कुरा हुन्छन् । नगरपालिकाभित्रकै गाउँ यस्तो छ । तपाईंलाई यहाँसम्म ल्याएको दृश्य हेरेर रुन मन लाग्यो', सुमन भन्दै थिए । सहरमा बस्ने 'टुरिस्ट नेता' र नागरिकको अनुभूति त्यति धेरै फरक थियो । बिहान १० बजेतिर मलाई पुरानो मेडिकल कलेजको आकस्मिक कक्षमा पुऱ्याइसकेका थिए ।

गुप्तचरहरू र उनीहरूद्वारा सञ्चालित सञ्चारमाध्यमका अनेक हर्कत हुन्छन् । उनीहरू कहिले चुपचाप पिछा गर्छन् । कहिले पोखरीमा ढुङ्गा फालेर तरङ्ग हेर्छन् र सूचना सङ्कलन गर्छन् । त्यस बेला हाम्रा विषयमा अनेक हल्ला हुन्थे । एक दिन पत्रकार झनक श्रेष्ठले भने, 'दाइ, सामाजिक सञ्जालमा

... बाँकी पृष्ठ ४ मा

# गिरफ्तारीको रात र कठोर यातना



नवीन विक 'हितमान'

**२०७६ असोज ६ गते**

राजनीतिक जीवनमा प्रायः दैनिक गरिने पार्टीका राजनीतिक तथा सङ्गठनात्मक कामहरूको सिलसिलामा २०७६ साल असोज ६ गते बिहान ११:०० बजेतिर सेल्टरबाट निस्किएँ । बानेश्वरमा राजनीतिक भेटघाट गर्ने कार्यक्रम भएकाले विद्यार्थी बाबु शेरबहादुर बटाला र म त्यतातिर लाग्यौँ । शेरबहादुर बटालाको आफ्नै व्यक्तिगत काम थियो भने मेरो राजनीतिक भेटघाट र छलफल गर्ने कार्यक्रम थियो । काठमाडौँ, कोटेश्वर चोकमा पुगेपछि मेरो मोटरसाइकलको अघि-पछि एउटा मोटरसाइकलको सन्देहास्पद कुदाइ देखियो । नयाँबानेश्वरबाट अगाडि बढेपछि दुईवटा मोटरसाइकल थप भएर मलाई पिछा गर्ने मोटरसाइकलको सङ्ख्या ३ पुग्यो । पुरानोबानेश्वरको ग्लोबल कलेजअगाडि पुगेपछि छल्नुपर्‍यो भन्ने सोचेर मोटरसाइकल बाटोको छेउमा छोडेर कलेजभित्र पसेँ । १५-२० मिनेटजति सुरक्षित हुने विकल्पहरूको खोजी गर्ने काम भयो । तर अदृश्य ढङ्गले म सुराकीको बाक्लो घेरामा परिसकेको रहेछु । अब मैले जतिसक्दो छिटो सुराकीको घेरा तोडेर आफूलाई सुरक्षित बनाउनुको विकल्प थिएन । कलेजभित्र उत्तम विकल्प नभेटिएपछि बाहिर निस्केर मोटरसाइकलमा चढ्न खोज्दै थिएँ, 'हामी पुलिस हौँ । तपाईं नवीन विश्वकर्मा 'हितमान' होइन ?' भन्दै उनीहरूले मैले लगाएको मास्क खोले र हातमा हतकडी, आँखामा कालोपट्टी बाँधेर अपहरण शैलीमा समातेर गाडीमा कोचे । मेरो साथमा रहेका शेरबहादुर बटाला बाबुलाई पनि त्यसै गरियो ।

गाडीमा कोचेपछि साथमा भएको मोबाइल, पर्सलगायत सामान सबै खोसियो । डेढ-दुई घन्टा गाडीमा डुलाएपछि एउटा घरमा पुर्‍याइयो र कोठामा लगेर भुइँमा बस्न लगाइयो । भुइँमा राम्रोसँग बस्न नपाउँदै अर्धबौलाहाजस्तो लाग्ने एकजना मानिसले तथानाम गाली गर्न सुरु गर्‍यो । उसले हिजो सत्र हजार मान्छे मारेर के भयो ? आज फेरि मान्छे मार्ने ? हिजो केही उखाडिएन, आज फेरि के उखाडिन्छ ? प्रचण्ड अर्बपति भयो । तिमी मु... फेरि मान्छे मारेर त्यस्तै बन्न खोजेको ? प्रचण्डलाई मार्न सक्छौ ? जनता मार्ने ? कहिलेसम्म हिंसा गर्ने ? आदि-इत्यादि प्रश्न गर्दै मेरो टाउकोमा २-३ पटक मुक्काले हिर्कायो । मैले एकहोरो त्यो व्यक्तिको बर्बराहट सुनेर विचार निर्देशित वादले प्रतिवाद गर्नुको विकल्प थिएन । त्यस्तै १५-२० मिनेटजति त्यो व्यक्ति निकै बर्बरायो । गाली, बेइज्जती, अपमान र अपशब्दको त कुरै नगरौँ । यो सबै हर्कत मलाई थर्काउने, गलाउने र विचलित पार्ने रणनीतिअन्तर्गत भइरहेको कुरा बुझ्न कुनै गाह्रो थिएन । तर भौतिक यातनाको तुलनामा मानसिक यातनाको घनत्व बढी थियो ।

पहिलोपटकको यातनामा मेरो परिचय लिने काम भयो । म नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय सदस्य र उपत्यका ब्युरो इन्चार्ज भनेर आफ्नो परिचय दिएँ । त्यसपछि कोठामा लगेर थन्क्याउने आदेश आयो । कुनै दुईजना कारिन्दाले सीआईबीकै हिरासतमा लगेर थन्क्याए । मेरो ढाड दुख्ने समस्या भएकाले लामो समय भुइँमा थचक्क बस्न सकिनँ । हतकडी कसिएको हातले यताउता छामछुम पारेँ । फाटेर धुजा-धुजा भएको एउटा सिरक हातमा पर्‍यो । त्यसैलाई मिलाएर भित्तामा अडेस लागेर बसेँ । मानसिक, शारीरिक यातनाका चोट र दुखाइविरुद्ध सङ्घर्ष गर्ने कोसिस गरेँ । एक्कासि आशा, आक्रोश र घृणाभावका तरङ्गहरू मानसपटलमा झनै छछल्किन थाले । ढाड दुख्ने रोग र यातनाका पीडाहरू सम्बन्धित स्थान छोडेर दिमागतिरै केन्द्रित भएँ । यो क्रम तीव्र वेगमा चल्दै थियो, एक्कासि बाहिरबाट आवाज आयो- कमरेड ! मन्त्रीज्यू ! चिया खानुहुन्छ ?

मैले भनेँ- अँ कालो चिया खान्छु ।

केही समयपछि माया गरेजस्तो ढोङ गर्दै कालो चिया ल्याएर मेरो हातमा थमाइयो । दृष्टिविहीन मान्छेले हात्ती छामेजस्तै छामछुम गर्दै चियाको गिलास समातेँ ।

दुई-तीन घुट्का चिया पिएपछि हल्का आरामको महसुस भयो । चिया पिएर सिध्याउन नपाउँदै मलाई राखिएको माथिल्लो कोठाबाट कोही रोएको जस्तो आवाज मेरो कानमा ठोक्कियो । कानलाई थप चलाख बनाउँदै ध्यान लगाएर गतिविधिबारे सबै सुनेँ । कुनै एकजना मानिसले मसँगै समातिएको विद्यार्थी शेरबहादुर बटाला बाबुलाई गालामा चड्कनका चड्कन लगाएर पिट्दै गरेको रहेछ । 'साला आँखाको पट्टी खोल्छस् ! यो तेरो बाबुको घर हो ? कहाँ छस्, थाहा छ ? भन्दै भकुरेको सुनेँ । बिचरा ! नयाँ मानिस, विचार र राजनीतिमा काँचो । त्यस्तो चपेटामा कहिल्यै नपरेको । ग्वाँ-ग्वाँ गरेर रोएको सुनेपछि आक्रोशले झनै मन थाम्न सकिनँ । केही भनौँ, लोकतान्त्रिक प्रणालीमा बोल्ने स्वतन्त्रतामाथि बन्देज लगाइएको छ । मनमा उर्लिएको आक्रोश थाम्न नसकेर खोकी लागेको बहाना गरी ५-७ पटक नै ठूलो आवाजमा खोकेँ । मेरो खोकीको मतलब थियो- बाबु, पीडाहरूलाई पचाऊ ! हाम्रो पनि दिन आउनेवाला छ । तर उसले यो भाषालाई बुझ्ने कुरा भएन । मेरो आफ्नो मनलाई शान्त पार्ने अभिव्यक्ति मात्र भयो । कुटाइ सिद्धिएपछि 'राँडीका छोरा, अब आँखाको पट्टी खोलिस् भने तँ मर्छस् । राँडीको छोराले कालोपट्टी खोलेछ' भन्दै कुट्ने मानिस कुटाइ सकेर गाली गर्दै बाहिर निस्केको सुनेँ । केही समयपछि पीडा कम भएर होला, शेरबहादुर बाबुको रुवाइको आवाज बन्द भयो । बाबुलाई पिटेको सुनेपछि पीडामा पीडा थपियो । मलाई पिट्दा नदुखेको ज्यान र मन बाबुलाई पिटेको सुन्दा मस्तिष्क र ज्यान दुखेको अनुभव हुन थाल्यो । मेरो पीडा मेटाउने र आक्रोशलाई विवेकद्वारा निर्देशित गर्ने मसँग अरू केही उपाय थिएन । बस् ! त्यही मालेमावादी विचार र फाटेको एक थान सिरक । पीडाबोध र सोचमग्न अवस्थामा पल्टिएको थिएँ । 'कमरेड ! खाना पाक्यो, खानुपर्‍यो' भन्ने बाहिरबाट आवाज आयो । आफूलाई खाना खाने फिटिक्क मन छैन । दिउँसोको भोक पनि हराइसकेको थियो । गिरफ्तारीले पार्टीलाई भएको क्षति र साथीभाइको सम्झनाले मन साह्रै पिरोलेको थियो । खाना खान मन छैन, खाँदिनँ भन्ने जबाफ फर्काएँ । 'हामीले खाने राम्रै खाना हो, खानुहोस् । के विष हालेर दिन्छ कि भनेर नखाएको हो र ?' भनेर कसैले संवादशैलीको प्रश्न गर्‍यो । मैले 'त्यस्तो होइन, खान मन नभएर नखाएको हो' भनेर फेरि त्यही जबाफ फर्काएँ । त्यसपछि उसले बल गरेन । 'उता शेरबहादुर बाबुलाई दिनुहोस्' भनेँ । सकी-नसकी बाबुले अलिअलि खाएछन् । यो कुरा थाहा पाएपछि हल्का सन्तोष महसुस भयो ।

उनीहरू (बिनाबर्दीका पुलिस) सबैले खाना खाएर सकेपछि लगत्तै पहिलेको भन्दा भिन्न आवाजको व्यक्तिले 'खाना खानुभएन कमरेड, केही त खानुहोस् ! चिया खानुहुन्छ ?' भनेर सोध्यो । हल्का चिया र पानीसम्म आफूलाई खाने मन थियो । अनि 'हुन्छ, चिया र पानी ल्याइदिनुहोस्' भनेँ । केही समयपछि चिया गिलास र एक बोतल पानी ल्याएर दिइयो । पहिले २-४ घुट्की पानी खाएर त्यसपछि चिया पनि खाइसकेँ । लगत्तै २५-३० मिनेट (त्यस्तै रातीको १०:३० बजेको थियो होला) पछि दुईजना व्यक्ति आएर 'कमरेड, एकछिन उत्तापट्टिको कोठामा जानुपर्‍यो' भन्ने निर्देशनात्मक आवाजमा बोलेको सुनेँ । निर्देशन पालना गर्नुको विकल्प मसँग अरू केही थिएन । भुइँबाट बिस्तारै उठेँ । दुईजनाले मेरा दुवै पाखुरा समातेर दायाँबायाँ हिँडाउँदै पहिले यातना दिएकै कोठामा लगेर भुइँमा बस्न भने । त्यसैगरी बसेँ । अनि पार्टीका गोपनीयता खोल्ने प्रकारका प्रश्न र धम्कीपूर्ण भाषाशैलीको बाढी नै ममाथि ओइरिए । अनि मैले त्यसको एकमुष्ट जबाफ दिँदा उचित हुने निधो गरी सुरु गरेँ, 'म यो देशमा एकीकृत जनक्रान्तिको माध्यमद्वारा अन्याय, अत्याचार, शोषण, दमनको अन्त्य गर्छु । सबैलाई धनी, सुखी र खुसी बनाउने राज्यव्यवस्था वैज्ञानिक समाजवाद ल्याउँछु भन्ने लक्ष्य बोकेर राजनीतिक क्रान्ति गरिरहेको यो देशको जिम्मेवार पार्टीको केन्द्रीय नेता हुँ । त्यसकारण मबाट कुनै गोपनीयता खुल्ला र फाइदा लिउँला भन्ने कोसिस नगर्नुहोला । राजनीतिक बहस गर्नुहुन्छ भने म तयार छु' भन्ने वाक्यांश पूरा हुनेबित्तिकै एक्कासी मेरो बायाँ गालामा मुक्का बर्सियो र यातना दिँदै छवटा प्रश्न सोधियो :

पहिलो प्रश्न- प्रकाण्ड र तँ काका-भतिजा पर्छौ होइन ?

- तपाईंहरूलाई कसैले गलत कुरा सुनायो । वास्तविक कुरा उहाँ (प्रकाण्ड) हाम्रो पार्टीको नेता हुनुहुन्छ । त्यसकारण उहाँसँगको मेरो कमरेडको नाता पर्छ । सामाजिक हिसाबले उहाँ (प्रकाण्ड) सँग इष्टमित्रको नाता पर्छ ।

दोस्रो प्रश्न- रसुवा जिल्लाको इन्चार्ज को छ ?

-रजमान तामाङ हुनुहुन्छ ।

तेस्रो प्रश्न- रजमान तामाङलाई तैँले पार्टीबाट कारबाही गरेर हटाइस् होइन ? किन कारबाही गरिस्, भन् ?

- रजमान तामाङ हाम्रो पार्टीको कार्यकर्ता हो । पार्टीको नीति, विधानबमोजिम राम्रो गर्नेलाई पुरस्कृत र नराम्रो गर्नेलाई कारबाही गर्ने गरिन्छ । यो कुरा पार्टीका सम्पूर्ण सदस्यको हकमा लागू हुन्छ ।

चौथो प्रश्न- हातहतियार, बम बनाउने सामान कता छ, भन् ?

- यो कुरा मलाई थाहा छैन । थाहा भए पनि मेरो नैतिकताले भन्न मिल्दैन । बरु गोली हान्नुहोस्, नभएको कुरा भन्न सक्दिनँ ।

त्यसपछि पिट्नेहरूका हातखुट्टा र मुख झन् बढी चल्न थाले ।

पाँचौँ प्रश्न- चन्दा रकम कति सङ्कलन गरिस् ? को-कोसँग गर्ने योजना छ, भन् ?

क्रान्तिका लागि भनेर हामीलाई सबैले सहयोग गर्छन् । सङ्कलन भएको सबै रकम क्रान्तिको काममा पार्टीले खर्च गर्छ । व्यक्तिसँग राख्ने पार्टीको नीति छैन ।

अन्तिम प्रश्न- त्यसो भए तैँले लगाएको ज्याकेट ? यो ज्याकेट (मैले लगाएको ज्याकेट हातले तन्काउँदै) कतिमा किनिस्, भन् ?

१,३५० मा किनेको !

त्यसो भए त्यो १,३०० रकम कहाँबाट ल्याइस् ?

पार्टीले निर्धारण गरेको खर्चबाट किनेको । तपाईंहरू नानाथरीका कुराकानी मसँग नसोध्नुहोस् । हिम्मत छ, गोली हान्नुहोस् । म छाती थाप्न तयार छु ।

यसो भन्दै आक्रोशपूर्ण अभिव्यक्ति मबाट बढ्दै गएपछि अन्तिममा सुस्केरा छोड्दै 'साला ज्याद्रो रहेछ' भन्दै यातना दिन छोडे । मनमनै युद्ध जितेको अनुभूति गरेँ । यातनापछि मनोबल झन् बढेर गयो । उनीहरूको काम सकिएछ 'ए, उता लैजा' भनेर कसैले आदेश गर्‍यो । आदेशपालकहरूले एकछिन खासखुस केही सल्लाह गरेजस्तो मैले सुनेँ । त्यसपछि फ्रिजबाट बरफको डल्लो ल्याएर मेरो शरीरमा यातनाका कारण भएका निल-डाम घाउहरू सेकाउने काम भयो । त्यसपछि घाउ सेकाउने मानिसलाई मैले प्रतिप्रश्न गरेँ- यातना दिने आफैँ, डाक्टर पनि आफैँ । के हो, यो चलन बुझ्न सकिएन ? भनेपछि उसले 'यहाँ यस्तै हो' भनेर ओठे जबाफ फर्कायो । निल-डाम, घाउ सेक्ने काम सकिएपछि पहिलेजस्तै दुईजनाले पाखुरा समातेर उठाए र त्यही फाटेको सिरक भएको कोठामा पुर्‍याएर लडाए ।

त्यो रातभरि निद्रा लागेन । कोठाको ढोकामा कडा पहरा थियो । मेरा दुवै हातमा कस्सिएको हतकडीले सानो घाउको डाम पारेछ । हातहरू पोल्न थाले । कतिबेला छातीमाथि, कतिबेला फाटेको सिरकमाथि त कतिबेला टाउकोमाथि हात राखेर आफूलाई सजिलो पार्ने कोसिस गरेँ । अन्तरमनमा विभिन्न कुरा खेल्न थाले । मेरो गिरफ्तारी घटनामा आखिर कमजोरी कहाँनेर भयो भन्ने प्रश्न मेरो अन्तरमनको समीक्षाको विषय बन्यो । यसै विषयमा धेरै कोणबाट अध्ययन, समीक्षा गरेँ र एउटा टुङ्गोमा पनि आफूलाई पुर्‍याएँ । आखिर गिरफ्तारीको वास्तविक कारण मैले जसरी, जे टुङ्गो लगाएको छु, त्यही कुरा सही साबित हुनेछ । मेरो कल्पनाको, मेरो सपनाको वैज्ञानिक समाजवाद-साम्यवाद त्यो रातीको मेरो अपराजेय हतियार बनेर मेरो मनमा हिजोअस्तिभन्दा झन् चम्किलो भएर गड्न थाल्यो । त्यसले मलाई भौतिक रूपमा यातनाका पीडा एकपछि अर्को कम गरएर आफूलाई आफैँले विजयी गराउने स्थानमा उभ्याइदियो । मैले आज एक प्रकारको युद्ध जितेको छु । गर्व गर्नुपर्छ । क्रान्तिकारीहरूको विशेषता यही हो भन्ने भावले मनलाई ओतप्रोत बनायो र क्रान्तिका पक्षमा आफूले आफैँलाई अझ तिखार्ने-निखार्ने ढङ्गले कन्भिन्स गरेँ । अन्तिममा मारे पनि क्रान्तिका निम्ति हाँसी-हाँसी मर्छु भन्ने निर्णयमा पुगेँ । त्यसै राती ममाथि हुने कुनै पनि हर्कतका लागि मैले आफूलाई पूर्ण रूपमा तयार पारेँ ।

बिहानको अनुमानित समय ७:३० बजिसकेको थियो होला । आफ्नो हातमा घडी छ तर हेर्ने आँखामा कालोपट्टी बाँधिएकाले समय यकिन गर्नसक्ने कुरा भएन । बाहिर मानिसहरूको हिँडडुल, चहलपहल सुरु भएको कुरा मेरा कानले राम्रोसँग थाहा पाइसकेका थिए । हेर्ने आँखा बन्द गरिएपछि कानलाई पहिलेभन्दा सक्रिय बनाउनुपर्ने मेरो बाध्यता थियो । तर बायाँ कान यातनाका कारणले राम्रोसँग काम नगर्ने भएपछि दायाँ कानलाई सक्रिय बनाएँ । मानिसहरूको चहलपहल बढ्दै थियो । कुनै एकजनाले सम्बोधन गर्दै भन्यो, 'कमरेड ! मन्त्रीज्यू ! चिया ल्याऊँ ?' हुन्छ ल्याउनुहोस्, पिसाबले पनि च्याप्यो, पिसाब फेर्नुपर्‍यो भनेपछि डङरङ्ग आवाज निकाल्दै फलामे गेट खुल्यो । 'दायाँ हिँड्नुहोस् ! बायाँ हिँड्नुहोस् ! फेरि सीधा हिँड्नुहोस् । ल...ल... अब बायाँपट्टि ढोका छ, त्यहाँभित्र पस्नुहोस् । ढोका बन्द नगरी पिसाब फेर्नुहोस् ।' भित्र छिरेँ । ट्वाइलेटको ढोका बन्द नगर्ने भनेपछि आएको पिसाब पनि बन्द भयो । यो समस्या भनेपछि ढोका बन्द गरेर पिसाब फेर्ने अनुमति पाइयो । त्यसपछि स्वतन्त्रतापूर्वक पिसाब फेरेँ । फेरि पहिलेकै तरिका दायाँ-बायाँ गर्दै हिरासतभित्र छिराइयो । रातभरि भोकै भए पनि पेटले आहार मागेको थिएन । केही समयपछि 'चिया खानुहोस्, मन्त्रीज्यू ! लिनुहोस्' भन्दै कसैले मेरो हातमा चियाको गिलास थमाइदियो । चिया पिएर सकेको केही समयपछि मलाई बाहिर निकालियो र एउटा बलेरो गाडीजस्तो आवाज आउने साधनमा राखेर डुलाउँदै एक घन्टापछि बाक्लो रूपमा मानिसको चहलपहल भएको परिसरभित्र गाडी छिर्‍यो । गाडीबाट झारेर कुनै घरको एक तलामाथि कोठाभित्र लगियो । कुर्सीमा बस्न भनिसकेपछि कतैबाट कसैले हतकडी र पट्टी खोल्न आदेश गर्‍यो । हातको हतकडी र आँखाको पट्टी मेरो पछाडिबाट कसैले छिटोछिटो खोल्यो । सत्ताईस घन्टापछि आँखा खोलेर हेर्दा जाउलाखेल प्रहरी परिसरको कार्यालय रहेछ । एकपटक चारैतिर आँखा डुलाएँ । जाउलाखेल प्रहरी परिसर प्रमुख तथा एसएसपी टेकप्रसाद राई कुर्सीमा शानका साथ विराजमान थिए । उनको दृष्टिमा मेरो दृष्टि ठोक्कियो । 'नवीन सर, माननीयज्यू, सन्चै हुनुहुन्छ ?', उनले सोधे । एकदम सन्चै छु । 'म यहाँको एसएसपी टेकप्रसाद राई', ती व्यक्तिले आफ्नो परिचय दिए । मैले ए ठीकै छ भनेँ । त्यसपछि लगत्तै भुइँतलामा झारियो र हिरासतको साँघुरो कोठामा कोचियो ।

५ देखि ७ जनासम्म सुत्न मिल्ने त्यो साँघुरो कोठामा विभिन्न प्रकृतिका अभियोगमा समातिएका १२ जना बन्दी रहेछन् । राजनीतिक व्यक्तिहरू कोही पनि थिएनन् । भित्र पस्नेबित्तिकै खासखुस परिचय सुरु भयो । म नेपाल कम्युनिस्ट पार्टी (विप्लव नेतृत्वको) को केन्द्रीय सदस्य । त्यहाँभित्र भएका सबै बन्दीको सकारात्मक भावसहितको चासो र दृष्टि ममाथि केन्द्रित भयो । 'दाइ, हामीले विप्लव पार्टी कति खोज्यौँ, भेट्न सकिएन । हामीलाई पनि विप्लव पार्टी राम्रो लाग्छ । तपाईंको नम्बर दिनुहोस्, बाहिर निस्केपछि भेट्नुपर्छ । हामी पनि विप्लव पार्टीमा लाग्छौँ । अरू पार्टीका नेता सबैले लुट्छन्, आफू मात्र धनी बन्छन् ।' यति कुरा आएपछि म एउटा क्रान्तिकारीका लागि आफ्ना विषयहरू राख्न स्वतः सजिलो वातावरण बन्यो । यद्यपि हिरासतमा ठूलो स्वरमा खुलस्त आफ्ना विचार राख्ने अनुकूलता थिएन । तैपनि त्यहाँको वातावरणलाई आफ्नो अनुकूल प्रयोग गरी हाम्रो पार्टीको लक्ष्य र उद्देश्यका विषयमा खासखुस कुराकानी गरेर मोटामोटी भनियो । अघिल्लो रातको भौतिक र मानसिक यातना धेरै कम भयो । क्रान्तिकारी विचार व्यक्त मात्र गर्न पाउँदा पनि मलाई कुनै अस्पतालमा राम्रो डाक्टरले उपचार गरेर घाउ सन्चो पारेजस्तै अनुभूति भयो । यसपछि त्यहाँभित्र भएका सबै बन्दी दाइभाइहरूले खाना खान अनुरोध गर्नुभयो । अघिल्लो रातदेखिको भोको पेट हल्का खाना खान मन थियो । थोरै खाऔँ भनेँ । एक गाँस जबर्जस्ती निलेँ, अर्को गाँस छिर्दै छिरेन । कताकता विचारको ठाउँ भावनाले लिन खोज्यो । खाना ट्वाइलेटमा लगेर फ्याँकेँ । अघिल्लो राति नसुतेकाले दिउँसो एक निद्रा सुतेँ । बेलुकी पहिलेको खानाको आधा खान खाएँ । निद्रा पनि लाग्यो । बेलुकी समयमा नै सुतेँ ।

*(नेकपाका केन्द्रीय सदस्य नवीन विक 'हितमान' को प्रकाशोन्मुख 'एकीकृत जनक्रान्तिमा जेलसङ्घर्ष' पुस्तकको पाण्डुलिपिबाट)*

## कार्ल मार्क्स ....

रिकार्डो र से म्याक क्युलोक तथा अरूजस्ता भँडुवा अर्थशास्त्रीहरूबीचको भिन्नता देखाउनुभएन । उहाँले अझै स्मिथ र रिकार्डोको मूल्यको श्रम सिद्धान्त स्वीकार गर्नुभएको थिएन अनि यसको ठाउँमा कुन आर्थिक सिद्धान्तको विकास हुनेछ भनी निर्धारण गर्न असमर्थ हुनुभयो । तर उहाँले राजनीतिक अर्थशास्त्र र आर्थिक सम्बन्धको स्तरको विकासबीच समरूपताको सिद्धान्त अघि सार्नुभयो । उहाँले जोडदार रूपमा माल्थसको अवैज्ञानिक तथा मानवताविरोधी जनसङ्ख्या सिद्धान्तविरुद्ध प्रदर्शन गर्नुभयो र के प्रमाणित गर्नुभयो भने गरिबी तथा कङ्गालीकरण उत्पादनका सीमित सम्भावनाहरूमाथि आरोपणद्वारा सामना गर्न सकिँदैन । यसका विपरीत 'उत्पादक शक्ति मानव जातिलाई हस्तान्तरण गर्नु अतुलनीय छ' भन्ने कुरामा एङ्गेल्सले जोड दिनुभयो । (हेर्नुहोस् पृ. १७१) । सामाजिक महाविपत्तिहरू विद्यमान आर्थिक प्रणालीद्वारा जन्मेका हुन् जुन क्रान्तिकारी साम्यवादी पुनर्संरचनामा निर्भर हुनेछ

यो किताबको अनुवाद कार्ल मार्क्स तथा फ्रेडरिक एङ्गेल्सका सङ्कलित रचनाको अङ्ग्रेजी संस्करणको ग्रन्थ ३ बाट लिइएको हो जुन लरेन्स तथा विसर्ट एलटीडी डट लन्डन, अन्तर्राष्ट्रिय प्रकाशन कम्पनी इनकर्पोरेसन न्युयोर्क, प्रगति प्रकाशन तथा मार्क्सवादी-लेनिनवादी संस्थान मस्कोको संयुक्त प्रकाशन हो ।

*(नेकपाका केन्द्रीय सचिवालय सदस्य सुदर्शनले नख्खु कारागारमा आस्थाका बन्दी जीवन बिताउँदा कठोर मेहनतसाथ अनुवाद गरेको कार्ल मार्क्सको पुस्तकको प्रकाशकीय । यो पुस्तक शीघ्र बजारमा आउँदैछ ।)*

## धरापको ....

तपाईं गिरफ्तार हुनुभएको हल्ला छ । तपाईं ठीक हुनुहुन्छ नि ?' हल्लाले चर्चा सुरु हुन्छ । हल्लाले पुष्टि गर्न नयाँनयाँ फोन वा माध्यम सक्रिय भइहाल्छन् । त्यसपछि ती सक्रियताको पिछा गरेर भूमिगत व्यक्तिको वास्तविक सूचना सङ्कलन गर्न सकिँदो हो । एकपटक 'विप्लव भारतमा' भन्ने समाचार फैलियो । हाम्रा एकजना नेताले नै 'विप्लव जनताकै बीचमा हुनुहुन्छ' भनी सामाजिक सञ्जालमा लेखे । त्यसबाट विप्लव नेपालमै रहेको पक्का भयो अर्थात् विप्लवको घेरा साँघुरो भयो । प्रविधिको विकासले थप जटिलता पैदा गरेको छ । तर त्यस्ता जटिलताका विषयमा योजनाबद्ध छलफल थिएन । पुँजीपति वर्गले भूखण्डको कुनै स्थानमा घटना हुँदासाथ अनुभवलाई भूमण्डलीकरण गर्छ । कम्युनिस्ट आन्दोलनमा त्यसो गर्न कुनै सञ्जाल छैन । गोन्जालोको गिरफ्तारीबारे जेजति सूचना सार्वजनिक भए त्यति पनि अध्ययन भएको छैन । अनुभवहरू सिक्नेभन्दा दोहोरिने क्रम चलिरहेको छ ।

चितवनमा मलाई धेरैले चिन्न सक्थे । त्यसैले कसैलाई खबर नगर्नू, उपचार सकेर सुरक्षित ठाउँमा पुगेपछि खबर गरौँला भनेको थिएँ । तर प्रधानकान्छाले उनलाई आवश्यक लागेको सबैतिर खबर गरेछन् । भाइलाई तारन्तार आएका अनपेक्षित फोनबाट त्यो कुरा बुझ्न सकिन्थ्यो । अस्पताल नपुग्दै जिल्लाभरि हल्ला भइसकेको रहेछ । जिल्ला सचिवले पटक-पटक अस्पतालमा भेट्न आउन चाहेको र अस्पतालको नाम भन्न जोड गरिरहेका थिए । त्यसो गर्नु दुवैको सुरक्षाको दृष्टिले गलत थियो । मैले अस्पतालको नाम नभन्न र भेट्न पर्दैन भन्न लगाएँ । तर बारम्बार फोन गरिरहे । यसअघि उनले राम्रो सहयोग गरेका थिए । सरल र अनुशासित जिल्ला नेताका रूपमा हामी उनलाई चिन्थ्यौँ । कमरेड गोन्जालोले 'जीवन हो, धरापमा पर्न सक्छ' भन्नुभएको थियो । त्यो भनाइ सम्झेँ । मलाई गिरफ्तार गर्न गृह मन्त्रालयले सबै उपाय गर्न लागेको सूचना आउँथे । धराप छल्दै हिँडेको धेरै भइसकेको थियो । दुस्मनको कब्जामा पर्न सकिन्छ भन्ने कुरामा म सधैँ नै मानसिक रूपमा तयार थिएँ । अस्पतालको आकस्मिक कक्ष नै नियन्त्रणमा लिएर गिरफ्तार गरे । पुरानो मेडिकल कलेजको आकस्मिक कक्षबाट जबरजस्ती घिसारेर प्रहरीले भरतपुर अस्पताल पुर्‍यायो र त्यहीँबाट गिरफ्तार गरेको भनेर प्रचार गर्‍यो । सङ्घर्षको मोर्चा बदलियो । त्यसपछि नयाँ मोर्चामा कसरी लड्ने, सर्वहारा वर्ग, कम्युनिस्ट भावना र परम्परा कसरी कायम गर्ने भन्ने सोच्न थालेँ ।

१९ जेठ, २०७७

भरतपुर अस्पताल

*(नेकपाका नेता एवम् मार्क्सवादी संस्कृतिकर्मी शर्माको प्रकाशोन्मुख 'झ्यालखाना' संस्मरणसङ्ग्रहको पाण्डुलिपिबाट उद्धृत-सम्पादक ।)*

# वैज्ञानिक समाजवाद : अद्वितीय विकल्प र सम्पूर्ण समाधान



पूर्णबहादुर सिंह

***पूर्वी युरोप, सोभियत सङ्घ, मध्यपूर्व र एसियामा समाजवादमा संशोधनवादीहरूको पतन र साम्राज्यवादले कम्युनिस्ट आन्दोलन र सत्तामा हस्तक्षेप एवम् घुसपैठ गऱ्यो र प्रतिक्रान्ति भयो। आत्मगत रूपले रक्षात्मक विश्व-कम्युनिस्ट आन्दोलन, सामाजिक साम्राज्यवादको पतन एवम् असफल समाजवादी सत्ता, महान् नेपाली जनयुद्धले खाएको धक्का, विश्वका नयाँ अन्तरविरोधहरू र विशेषताहरूको गहन विश्लेषण र संश्लेषणको परिणाम हो- एकीकृत जनक्रान्ति। यो एकका विरुद्ध ९९ प्रतिशत आमजनताको क्रान्तिकारी ध्रुवीकरण, अभेद्य एकता र बलिदानीपूर्ण सङ्घर्षमा विजयी हुनेछ। वैज्ञानिक समाजवाद : अद्वितीय विकल्प र सम्पूर्ण समाधान हो। उत्तरसाम्राज्यवाद र दलाल पुँजीवादको खरानीमा वैज्ञानिक समाजवाद- साम्यवाद विजयी र विकसित अवश्यम्भाबी हुनेछ।***

## क) सुरुआत

आज दलाल पुँजीवाद चरम सङ्कटमा परिरहेको छ। 'सबै एउटै हुन् र कसैले केही गर्दैनन्' भन्ने आमजनगुनासो सर्वत्र सुनिन्छ। यसको तात्पर्य हो- अब आमजनताले विद्यमान व्यवस्थाको आमूल परिवर्तन, एक मात्र विकल्प एवम् सम्पूर्ण समाधान वैज्ञानिक समाजवाद नै खोजिरहेका छन्। यो जनअपेक्षा एवम् उद्देश्य किन पूरा हुन सकेन ? कारण छन्। यो के सम्भव छैन ? सम्भव छ।

पहिलो कारण : राजनीतिक पार्टीहरूले आन्दोलनको उद्देश्य केवल सम्झौता बनाउनु हो। सबै जनसङ्घर्ष, जनआन्दोलन र जनयुद्धमा अभिव्यक्त जनादेशको उपहास भयो। आमजनतालाई धोका मात्र भयो।

दोस्रो कारण : व्यवस्थामा आमूल परिवर्तन नगर्नु, केवल फरक नाम दिएर पुरानै व्यवस्था लाद्नु हो। फोहोर भाँडोलाई सफाचट नगरेर झिँगा मारेजस्तो।

तेस्रो कारण : प्रतिक्रियावादी, यथास्थितिवादी, प्रतिगामी र नवसंशोधनवादी पार्टीहरूले आलोपालो गरेर पुरानै व्यवस्थाको सरकारमा मन्त्री र सांसद बनेर देश कङ्गाल बनाउनु, जनतामाथि शासन गर्नु, शोषण-उत्पीडन गर्नु र भ्रष्टाचार, कमिसन, महँगी, कालोबजारी, तस्करीबाट ब्रह्मलूट गरेर पुस्तौँ-पुस्ताका लागि सम्पत्तिको डङ्गुर थुपार्नु हो। सुन्तलाको बोटमा आँप फल्ने कुरै भएन। त्यसैले 'सबै एउटै हुन् र कसैले केही गर्दैनन्' भन्ने आमजनगुनासो व्यक्त मात्र होइन, नियति बनिरहेको छ। जनताले दलालहरूलाई 'जुन जोगी आए पनि कानै चिरिएका' भनिरहेका छन्।

चौथो कारण : क्रान्तिकारी कम्युनिस्ट पार्टीको नेतृत्वमा सञ्चालित जनक्रान्तिहरू पनि विजयमा नपुग्नु हो। क्रान्तिकारी उद्देश्य एवम् उत्साहमा सुरु भएको झापा आन्दोलन केही व्यक्तिहरूले कालो ट्याङ्कीमा पैसा जम्मा गर्ने, काठमाडौँमा घरजम गर्ने र पुरानै व्यवस्थामा गएर मन्त्री र सांसदको जागिर खानेभन्दा अरू के पो भयो र ? प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंस गरी नयाँ जनवादी राज्यसत्ता स्थापनाका लागि थालिएको महान् जनयुद्ध पनि प्रचण्ड-बाबुरामको महापतनले गम्भीर विसर्जन एवम् विघटन हुँदै भयानक प्रतिक्रान्तिमा परिणत भयो। हालसम्मका सबै जनसङ्घर्ष, जनआन्दोलन र जनयुद्धमा आमजनताले गरेको त्याग, तपस्या, वीरता र बलिदानलाई दलालहरूको अखडा सिंहदरबार-बालुवाटार-बीआईसीसीमा विराजमानहरूले काठमाडौँको टुकुचा खोलामा लगी बगाएर उपहास गरे। यसमा राजनीतिक क्रान्तिको पूर्ण विजय नहुनु, पुरानो शासक वर्गको एउटा हिस्सा मात्र पराजित हुनु र क्रान्तिकारी माओवादी शक्तिमा विचलन, विघटन र महापतन हुनु हो। खगेन्द्र सङ्ग्रौलाको 'नलेखिएको इतिहास' र भागीरथी श्रेष्ठको 'भूमिगत' कथाजस्तै भयो।

पाँचौँ कारण : विदेशी शक्तिकेन्द्रहरूले हस्तक्षेप, आक्रमण, उपनिवेश/औपनिवेश र दलाल खडा गर्नेबाहेक अरू केही गरेनन्। दलाल बनाउने वा मार्ने साम्राज्यवादी रणनीतिका कारण सबै क्रान्ति र जनआन्दोलन हात्ती आयो, हात्ती आयो, फुस्सा भयो। राणाशासन फालेर जनतन्त्र ल्याउने, पञ्चायत र राजतन्त्र फालेर जनगणतन्त्र स्थापना गर्ने जनअपेक्षा अधुरै भयो। धोका, धोका फेरि पनि धोकाबाहेक केही भएन। अनि आमजनताले सबै एउटै हुन् नभनेर के भनून् ? वर्तमानको कथित सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म राज्यसत्तामा आमूल परिवर्तन अवरुद्ध भइरहेको छ। केवल व्यवस्थाको नाम बदलिएको, पार्टी र नेता फेरि एका छन्। कोकाकोला-पेप्सीकोला र पेप्सीकोला-कोकाकोलाको विज्ञापन एवम् व्यापारजस्तो। महान् जनयुद्ध र राजतन्त्रको अन्त्यपछि हाम्रो मुलुकको राज्यसत्तामा दलाल पुँजीवादको प्रभुत्व कायम भयो। भूतपूर्व सामन्तवादी, दलाल पुँजीपतिहरू र नोकरशाही पुँजीपतिहरू विलय भएका छन्। तिनीहरू रूपमा सामन्त, नोकरशाह र पुँजीपति देखिए पनि सारमा दलाल पुँजीवादी नै हुन्। दलालहरूले पुरानै व्यवस्थामा रङरोगन गरेर, जनतालाई विभ्रमित र ब्रम्ह्लूट गरेर मुलुकलाई दलालहरूको अखडा बनाइरहेका छन्। १८ औँ शताब्दीका मजदुरहरूले मेसिनका विरुद्ध आन्दोलन गरेर आफ्नो मुख्य शत्रु मालिक (पुँजीपति) लाई केही समयसम्म चिन्न सकेका थिएनन्। जब मजदुरहरू प्रशिक्षित, सङ्गठित र आन्दोलित भए, तब मालिक, पोप र सम्राट् (बादशाह) हरूको लूटको स्वर्ग ढालेर मुक्त भएका थिए। सचेत आमजनताले दलालहरू र सङ्कटग्रस्त दलाल पुँजीवादलाई अब बचाउने छैनन्। आज दलाल पुँजीवादी व्यवस्थाको विकल्प दलाल पुँजीवाद तथा अमूक पार्टी र नेताको विकल्प अमूक पार्टी र नेता हुन सक्दैन। आमजनताले अहिलेको दलाल पुँजीवादी व्यवस्थामा काङ्ग्रेस, एमाले, माओवादी केन्द्र, राप्रपा, राजा आदि हेरफेर गर्न खोजेका कदापि होइनन्। आमजनताले सदियौँदेखिको हिन्दु राज्य एवम् राजतन्त्र, बूढो काङ्ग्रेसको प्रजातान्त्रिक समाजवाद, सामाजिक दलाल पुँजीवादीहरूको कथित समाजवाद आदि सबै देखिसकेका छन्। ती कुनै विकल्प होइनन्। यो तथ्य हो, जनताले अब वैज्ञानिक समाजवाद नै रोजेका र खोजेका छन्। यो तथ्य र सत्यले चुनौतीको पहाड मात्र होइन, सम्भावनाको क्षितिज खुलिरहेको छ।

## ख) दलाल पुँजीवादको सङ्कट

'मात्र संसदीय संवैधानिक राजतन्त्रहरूमा होइन, अपितु सबभन्दा प्रजातान्त्रिक गणतन्त्रहरूमा समेत सतारूढ वर्गको कुनचाहिँ सदस्यले संसद्मा गएर जनताको दमन र उत्पीडन गर्ने हो भन्ने प्रश्नमा केही वर्षमा एकपल्ट निर्णय लिनु नै पुँजीवादी संसदीय व्यवस्थाको वास्तविक सार हो।' (तेस्रो अध्याय, राज्य र क्रान्ति। सन् १८७१ मा पेरिस कम्युनको अनुभव। मार्क्सको विश्लेषण) मा लेनिनले सुन्दर ढङ्गले उल्लेख गर्नुभएको थियो। विश्वमा असफल एवम् बदनाम दलाल पुँजीवादी संसदीय व्यवस्थाको वास्तविक सार चरित्र र दलालहरूको हर्कत जनताले बुझिसकेका छन्। आज दलालहरूको 'सुखी नेपाली र समृद्ध नेपाल' नारा चरम भ्रष्टाचार, कमिसन, महँगी, बेरोजगारी, कालोबजारी, चर्को कर, राष्ट्रघात, जनघात, जनविरोधी हर्कतमा बदनाम भएको छ। त्यसले जनजीवन आक्रान्त बनेको छ। सयौँ नागरिक झाडापखाला, क्षयरोग आदि सामान्य रोगबाट ज्यान गुमाउँछन्। लाखौँ बालबालिका शिक्षाको नैसर्गिक अधिकारबाट वञ्चित छन्। महिलाहरू बच्चा जन्माउन नसक्दा अकालमा ज्यान गुमाउँछन्। विदेशका कालकोठरीहरूमा नारकीय जीवन जिउन विवश छन्। सयौँ बालिका बलात्कारको सिकार हुन्छन्। निरास बेरोजगारका रूपमा हजारौँ-हजार युवकयुवती आत्महत्या गर्छन्। करिब एक करोड युवा विदेशमा श्रमदासका रूपमा कठिन जीवन जिउन विवश छन् र दैनिक ३ बाकस लास स्वदेशमा आउँछन्। युवाहरू अर्काको देशमा भाडाका सिपाही बनेर लड्न जान छाती र तिघ्रा नपाउन यत्रतत्र लाम लागिरहेका छन्। गोर्खा भर्तीकेन्द्रहरू बन्द भएका छैनन्। सुकुमबासीहरूको छाप्रोमा डोजर एवम् आगो लगाइन्छ। मजदुरहरू भोकै मर्छन्। सुखी नेपालीको हल्ला चलिरहँदा ६८ लाख मानिस गरिबीको रेखामुनि छन्। मानवसभ्यताको कलङ्क छुवाछूत एवम् विभेदको जाँतोमा दलित समुदायमाथि अमानवीय शोषण, उत्पीडन र दमन भएको छ। सामाजिक सेवाको क्षेत्र शिक्षा-स्वास्थ्यमा ठूलो व्यापार एवम् मुनाफा आर्जन गरिन्छ। दुई खालका स्कुल र अस्पताल छन्। पुँजी र प्रतिभा विदेश पलायन भइरहेको छ। राष्ट्रिय उद्योग-कलकारखाना बन्द गरिन्छन्। बहुमूल्य जडीबुटीहरूको तस्करी हुन्छ। सबै नदीनाला बेचिएका छन्। खानी-खनिजहरू विदेशी र माडेहरूले दलालहरूको मिलोमतोमा दोहन गर्छन्। विश्वमा सस्तो श्रम बेच्ने, सस्तो कच्चा पदार्थ निर्यात गर्ने, व्यापारघाटा आदिले देश समृद्ध हुन्छ कि कङ्गाल ? तसर्थ यो सबै दलाल पुँजीवाद र दलालहरूको सङ्कट हो, जनताको होइन। त्यसले दलाल सत्ताको मृत्युको घन्टी बजिरहेको छ। क्रान्तिको सुनामी आउँदैछ। 'हाम्रा लागि नैराश्यको कारण नभएर निकै उत्साहजनक कुरा हुन गएको छ। युरोप र एसियाको यस अनुभवपछि वर्गविहीन राजनीति र वर्गविहीन समाजवादबारे बकबास गर्नेहरूलाई पिँजडाभित्र थुनेर कुनै अस्ट्रेलियाली केङ्गुरासँग प्रदर्शनीमा राख्नुपर्छ। बहुलट्ठीपूर्ण शस्त्रीकरण र साम्राज्यवादी नीतिले आधुनिक युरोपमा यस्तो सामाजिक शान्ति ल्याउँदैछ जुन बारुदको पिपाजस्तो छ। समस्त बुर्जुवा पार्टीहरूको पतन र सर्वहारा वर्गको प्रौढता दिन-प्रतिदिन बढ्दोछ।' (मार्क्सको शिक्षाको ऐतिहासिक भवितव्य, लेनिन, प्राभ्दा, अङ्क ५०, मार्च १९१३, खण्ड २३, पृष्ठ १-४) लेनिनले भनेझैँ जनता निराश होइन, आक्रोशित र आशावादी छन्। दलालहरूको फासिवादी दमन र खिचातानीको घृणित खेलले शान्ति र समृद्धि होइन, बरु सबै दलालहरूको पतन, आमजनतामा परिपक्वता र जनक्रान्तिको आधार बलियो बनिरहेको छ। 'सुखी नेपाली र समृद्ध नेपाल' नारा भ्रम छर्ने, जनता ठग्ने र भोट माग्ने भाँडो मात्र हो। अब कुनै विलम्ब नगरी दलाल पुँजीवाद र दलालहरूलाई राख्ने सङ्ग्रहालय बनाएर प्रदर्शन गर्नै पर्दछ। 'वर्गसङ्घर्ष नै समस्त विकासको आधार र अनुप्रेरक शक्ति हो। जबसम्म मानिसहरूले हर प्रकारका नैतिक, धार्मिक, राजनीतिक, सामाजिक प्रचार, घोषणा र सान्त्वनाको पछिल्तिर लुकेको कुनै न कुनै वर्गीय स्वार्थको खोजीनीति गर्न जान्ने छैनन् तबसम्म उनीहरूले राजनीतिमा सधैँ धोकाबाजी र आत्मवञ्चनाको सिकार बनिरहनु पर्नेछ। हर प्रकारको पुरानो व्यवस्था जतिसुकै युग नसुहाउँदो र मक्किएको प्रतीत भए पनि कुनै न कुनै सत्तारूढ वर्गको शक्तिमा टिकेको हुन्छ भन्ने कुरा नबुझेसम्म प्राचीनताका सुधारवादीहरूलाई मूर्ख बनाइरहेकै हुन्छन्।' (मार्क्सवादका तीन स्रोत र तीन सङ्घटक अङ्ग, लेनिन, प्रोस्वेसेनिए अङ्क ३, मार्च, १९१३, खण्ड २३, पृष्ठ ४०-४८) मा लेनिनले उल्लेख गरेझैँ समस्त विकासको आधार र अनुप्रेरक शक्ति एकीकृत वर्गसङ्घर्षमा र राज्यसत्तामाथि विजय हासिल नगरेसम्म राजनीतिमा सधैँ धोकाबाजी र आत्मवञ्चनाको सिकार सबै बनिरहनु पर्नेछ। दलाल पुँजीवादले मुनाफा र सत्ता रक्षाका लागि लूट, विध्वंस र उपद्रो गरिरहेको छ। यो सङ्कट, असफलता र विनासको मृत्युशैयूयामा छट्पटाइरहेको छ। विश्व-साम्राज्यवादको सङ्कट पनि केवल निजत्व, अतिएकाधिकार, अतिक्रमण, लुछाचुँडी, भागबन्डा, भ्रष्टाचार, तस्करी, असमानता, भिडन्त, दमन, युद्ध, विध्वंस र विद्रोहले चरम बनाइरहेको छ। यसले आफ्नो वैचारिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक हिंश्रक र अमानवीयतालाई कथित लोकतन्त्र, प्रजातन्त्र र मानवअधिकारको मुखुन्डोले छोप्न खोजे पनि उदाङ्गो बनेको छ। दुनियाँमा कोही अधिनायकवादी, उत्पीडनकारी, फासिवादी, युद्धवादी, धर्म र जातिवादी छ भने त्यो हो- उत्तरसाम्राज्यवाद। त्यसैको खच्चर नेपालमा दलाल पुँजीवाद हो। दलाल पुँजीवाद र फासिवादको अन्त्य अनिवार्य छ।

## ग) वैज्ञानिक समाजवाद सम्पूर्ण समाधान

'समाजवाद स्वप्नद्रष्टाहरूको मनगढन्ते कुरा होइन, यो त आधुनिक समाजमा उत्पादक शक्तिहरूको विकासको अन्तिम उद्देश्य एवम् अनिवार्य परिणाम हो।' (मार्क्स-एङ्गेल्स, सङ्कलित रचनाहरू, खण्ड १, पृष्ठ १५) मा उल्लेख भएझैँ वैज्ञानिक समाजवाद हवाईकल्पना एवम् सपना मात्र होइन। सुनको भऱ्याङ चढेर आकाश छुने गफ र कुम्भकर्ण निद्राको सपना होइन। सर्वहारा वर्गलाई सर्वप्रथम सत्ताको मालिक बनाउन सफल तथा शिक्षा प्रदान गर्ने पेरिस कम्युन सन् १८७१, नयाँ ढङ्गले पहिलोपटक पृथ्वीको विशाल भूभागमा वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्न सफल अक्टोबर क्रान्ति सन् १९१७ र एसियाको विशाल भूमिमा वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्न विजयी चिनियाँ क्रान्ति सन् १९४९, पूर्वी युरोपमा पोल्यान्ड, युगोस्लाभिया, चेकोस्लाभिया, रुमानिया, हङ्गेरी, अल्बानिया, बुल्गेरिया र पूर्वी जर्मनी सन् १९४५-१९५०, भियतनाम (उत्तरी) सन् १९४६, कोरिया सन् १९४८ र क्युबा सन् १९५९ का क्रान्ति र सत्ताको अनुभव र शिक्षाबाट अझै विकसित छ। वैज्ञानिक साम्यवादी विचारधारा विज्ञानका अकाट्य तथ्यहरूसहित उन्नाईसौँ शताब्दीमा संसार हल्लाउँदै उदय भयो। सम्राट्, पोप र मालिकहरूलाई परास्त गरेर वैज्ञानिक समाजवाद विजयी भयो। वैज्ञानिक समाजवादको विचारधारात्मक अनुसन्धानले क्रान्ति सम्पन्न र सत्ता स्थापना भयो। शोषण, उत्पीडन, असमानता र वर्गको अन्त्य गरेर श्रमिक वर्गको सत्ता निर्माण, समानतामूलक र समृद्ध जीवनको निर्माणले सफलता र लोकप्रियता हासिल भयो। सामाजिक साम्राज्यवाद (संशोधनवाद) को पतनलाई 'इतिहासको अन्त्य भयो', 'विचारधारात्मक युगको अन्त्य भयो', 'संसदीय व्यवस्था नै अन्तिम व्यवस्था हो' जस्ता भ्रम, विभ्रम र उपहासहरूलाई धुजाधुजा पार्न सफल भयो। वैज्ञानिक समाजवाद मानव जातिलाई वर्ग, जात, राष्ट्र र धर्मविहीन बनाउने, तमाम प्रकारका शोषण-उत्पीडनबाट स्वतन्त्र, समान, शान्त, वैज्ञानिक र समृद्ध दुनियाँमा पुऱ्याउने सर्वोत्तम मानवसभ्यता हो भन्ने पुष्टि भइसकेको छ। विश्व-मानव जाति एवम् मूलतः सर्वहारा श्रमिक वर्गलाई प्रज्वलित गर्न सफल कम्युनिस्ट घोषणापत्र अन्वेषण एवम् प्रक्षेपणको १७२ वर्ष, सर्वहारा वर्गलाई सर्वप्रथम सत्ताको मालिक बनाउन सफल तथा शिक्षा प्रदान गर्ने पेरिस कम्युनको १४९ वर्ष, नयाँ ढङ्गले पहिलोपटक पृथ्वीको विशाल भूभागमा वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्न सफल अक्टोबर क्रान्तिको १०३ वर्ष र एसियाको विशाल भूमिमा वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्न विजयी चिनियाँ क्रान्तिको ७१ वर्षपछिको दुनियाँमा हामी खडा छौँ। वैचारिक रूपले सन् १९५६ र भौतिक रूपले सन् १९८९-९१ वैज्ञानिक समाजवादको विचलन तथा सत्ताको विघटन क्षणिक धक्का र असफलता थियो। साम्राज्यवादी (पुँजीवादी) राजनीतिज्ञ, चिन्तक र विश्लेषकहरूका सतही, पूर्वाग्रही र उन्मादसहितका कर्कस र मिथ्या हल्लाहरूद्वारा सर्वसत्तावादी, निरङ्कुश, अधिनायकवादी, एकदलीय व्यवस्था आदि आरोप लगाउन थाले। डेरिडाले 'मार्क्सले कल्पना गरेको महान् दृष्टान्तको अन्त्य भयो', फुकुयामाले 'विचारधारात्मक युगको अन्त्य भयो', 'अब प्रजातान्त्रिक संसदीय व्यवस्था नै अन्तिम व्यवस्था हो' भन्ने ऐलान र प्रलाप गरे। तर आज पनि साम्राज्यवाद वैज्ञानिक समाजवादको मुटु प्रत्यारोपण गरेर बाँच्ने धृष्टता गरिरहेको छ। वैज्ञानिक समाजवाद-साम्यवादले मात्र मानव जातिलाई न्याय, मुक्ति, समानता, शान्ति, स्वाधीनता र समृद्धि दिन सक्छ। यसले नै वर्ग, जाति, लिङ्ग र क्षेत्रको पर्खाल भत्काउँछ। वैज्ञानिक समाजवादले मात्र वास्तविक जनवाद, स्वतन्त्रता र मुक्ति दिलाउँछ भन्ने सार्वभौम सत्य र असल पक्षहरूलाई हत्केलाले सूर्य छोप्न खोजेझैँ साम्राज्यवादीहरूले बकबास गरिरहेका छन्। आन्तरिक रूपले विचार-दर्शनमा विपरीतको एकत्वको नियम प्रकृति, समाज, पार्टी, सत्ता र निर्जीव वस्तुमा लागू गर्ने, बुझ्ने, बदल्ने, रक्षा र विकास गर्ने सवाल, राजनीतिक रूपले सर्वहारा वर्गको अधिनायकत्व र जनवादलाई जीवन व्यवहारमा कलात्मक प्रयोग र विकासमा केही सीमा रहेका थिए। आर्थिकमा निजी स्वतन्त्रता र सामूहिक (समाजवादी) स्वामित्वका विषयमा तालमेल एवम् निजी र सामाजिक स्वामित्व मैत्रीपूर्ण बनाउने, आर्थिक सम्बन्ध आधार र सत्ता संरचना, सञ्चालन र सांस्कृतिक रूपले समाजवादी र जनसंस्कृतिको समुचित र वैज्ञानिक सम्बन्ध कायम गर्ने सन्दर्भमा केही अभाव देखियो। बाह्य रूपले साम्राज्यवादी घेराबन्दी र घुसपैठ, संशोधनवादको पतन र समाजवादी धारामा विभाजनको असर रह्यो। यसबाट विश्व-सर्वहारा वर्ग र श्रमिक जनता शिक्षित-दीक्षित भइसकेका छन्। वैज्ञानिक समाजवाद राजनीतिक रूपले सर्वहारा वर्गको नेतृत्व, किसान-मजदुरको मुख्य भूमिका, उत्पीडित जाति, राष्ट्र, लिङ्ग समुदायको स्वामित्वमा सत्ता, दलाल पुँजीपति वर्गको निषेध, प्रगतिशील, देशभक्त शक्तिहरूसँगको सहकार्यबाट अघि बढ्छ र वर्गविहीन, राज्यविहीन, सर्वोत्तम मानवसमाज, सभ्यता र व्यवस्थामा विकसित हुन्छ। आर्थिक रूपले सामन्ती भूस्वामित्वको अन्त्य, दलाल पुँजीको राष्ट्रियकरण, अति एकाधिकार पुँजीको प्रवेश रोक, दलाल एवम् सूदखोर पुँजीमाथि नियन्त्रण, आमजनतालाई गाँस, बास, शिक्षा, स्वास्थ्य, रोजगार, सूचना-सञ्चार आदिको अधिकार सुनिश्चित हुने, आत्मनिर्भर अर्थतन्त्रको निर्माण र विकास, राष्ट्रिय एवम् औद्योगिक पुँजीको विकास, उत्पादनमूलक अर्थसम्बन्धको विकासबाट अघि बढ्छ। शोषणरहित, समान, सुख-समृद्धिमा विकसित हुन्छ। दलाल पुँजीवादभन्दा फरक दृष्टिकोण, चेतना, जीवनशैली, संस्कार, आचरण र व्यवहारमा अभिव्यक्त हुन्छ।

आजको दुनियाँमा उत्तरसाम्राज्यवाद मूलतः दलाल पुँजीवादको अन्त्य गर्ने र वैज्ञानिक समाजवाद प्राप्तिको मार्ग एवम् हतियार एकीकृत जनक्रान्तिको कार्यदिशा नै हो। औद्योगिक पुँजीवादले सर्वहारा वर्गलाई क्रान्तिको अग्रदस्ता मात्र बनाएन, बरु मजदुर-किसानको चट्टाने एकतामा साम्राज्यवादी पहिलो विश्वयुद्धकै क्रममा अक्टोबर क्रान्तिको विस्फोट र सोभियत सङ्घ स्थापना भयो। साम्राज्यवादी दोस्रो विश्वयुद्धपछि पूर्वी युरोप मात्र होइन, चीन, भियतनाम, कोरिया, लाओस आदि मुक्त भएका थिए। फिलिपिन्स, पेरू, टर्की, चिली, मलाया, बर्मा, कोलम्बिया, निकारागुवा, इन्डोनेसिया, ग्वाटेमाला, भेनेजुयला, ब्राजिल, भारत र नेपालमा क्रान्तिको पहल एवम् प्रारम्भ भए पनि विजयी भएनन्।। पूर्वी युरोप, सोभियत सङ्घ, मध्यपूर्व र एसियामा समाजवादमा संशोधनवादीहरूको पतन र साम्राज्यवादले कम्युनिस्ट आन्दोलन र सत्तामा हस्तक्षेप एवम् घुसपैठ गऱ्यो र प्रतिक्रान्ति भयो। आत्मगत रूपले रक्षात्मक विश्व-कम्युनिस्ट आन्दोलन, सामाजिक साम्राज्यवादको पतन एवम् असफल समाजवादी सत्ता, महान् नेपाली जनयुद्धले खाएको धक्का, विश्वका नयाँ अन्तरविरोधहरू र विशेषताहरूको गहन विश्लेषण र संश्लेषणको परिणाम हो- एकीकृत जनक्रान्ति। यो एकका विरुद्ध ९९ प्रतिशत आमजनताको क्रान्तिकारी ध्रुवीकरण, अभेद्य एकता र बलिदानीपूर्ण सङ्घर्षमा विजयी हुनेछ। वैज्ञानिक समाजवाद : अद्वितीय विकल्प र सम्पूर्ण समाधान हो। उत्तरसाम्राज्यवाद र दलाल पुँजीवादको खरानीमा वैज्ञानिक समाजवाद-साम्यवाद विजयी र विकसित अवश्यम्भाबी हुनेछ।

१६ माघ, २०७७

*(नेकपाका केन्द्रीय सदस्य पूर्णबहादुर सिंहको प्रकाशोन्मुख 'वैज्ञानिक समाजवादका आधारहरू' पुस्तकको अंश)*

# 'समाजवादी कोरियाको दोस्रो यात्रा डायरी' किन लेखेँ



अशोक सुवेदी

समाजवादी कोरियाको दोस्रो यात्रा डायरी 'शक्तिशाली समाजवाद : जनगणतन्त्र कोरियाको दोस्रो यात्रा' कोरियासम्बन्धी मेरो दोस्रो संस्मरण/डायरी पुस्तक हो। पहिलोपटक सन् २०१६ को सेप्टेम्बरमा जनगणतन्त्र कोरियाको पहिलो यात्रा गरेर फर्किएपछि मैले दुई महिनाभित्रै 'जनगणतन्त्र कोरिया यात्रा र हाइड्रोजन भूकम्प' शीर्षकमा एउटा संस्मरण/डायरी पुस्तक लेखेँ र प्रकाशन पनि गरेँ । त्यो पुस्तक कोरियाको पहिलो भ्रमणबाट फर्किएपछि गठित नेपाल-कोरिया लेखक/पत्रकार मञ्चको ब्यानरमा प्रकाशित भएको थियो। त्यसको पहिलो संस्करणको लोकार्पण धुलिखेलमा र दोस्रो संस्करणको लोकार्पण कोरियाको दोस्रोपटकको यात्राका क्रममा १८ अप्रिल २०१७ मा कोरियाको राजधानी प्योङ्याङमा संसारकै समाजवादीहरूमाझ भएको थियो । १३ अप्रिल २०१७ देखि २० अप्रिलसम्म फेरि कोरियाको यात्रा गर्ने र विश्वका समाजवादीहरूबीच अन्तरक्रिया/बहस गर्ने अवसर जुट्यो । यो डायरी त्यही दोस्रो भ्रमणका क्रममा सँगालेका अनुभूति र कोरियाबारे परेको प्रभावको परिणाम हो । जनगणतन्त्र कोरिया शक्तिसम्पन्न समाजवादी मुलुक हो भन्ने विषयमा अब कसैमा पनि भ्रम छैन । कसैले भ्रम पालेको छ भने त्यो कि कोरियाको शक्तिबारे जानकार छैन, कि त साम्राज्यवादबाट परिचालित छ भन्ने प्रस्ट हुन्छ। समाजवादमा व्यक्तिको निजी सम्पत्ति हुँदैन अर्थात् उसलाई निजी सम्पत्तिको आवश्यकता नै पर्दैन । व्यवस्था र राज्य नै अभिभावक हुने भएकाले समाजवाद सबैभन्दा विकसित र उन्नत मानवसभ्यता भएको राजनीतिक प्रणाली हो । जनगणतन्त्र कोरियामा राज्यव्यवस्थाले नै श्रमजीवी जनताको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेन्टी गरेको छ। साम्राज्यवाद र उसका पिछलग्गु मुलुक एवम् संस्थाहरूले कोरिया स्वतन्त्र भएदेखि नै उसमाथि नाकाबन्दी र प्रतिबन्ध लगाउन थालेका हुन् तर कोरिया आजसम्म आफ्नै विचार, व्यवस्था र शक्तिमा टिकेको छ, फुलेको छ र फलेको छ। ऊ अझै उन्नत र शक्ति सम्पन्न बन्दै गएको छ । हुटिट्याउँहरूले आकाशतिर फर्केर कराऊन्, पागल प्रलाप गरून् बर्सात्मा पानी दर्कैरै छोड्छ भनेझैँ साम्राज्यवादीहरू जति भुके पनि कोरियाली समाजवादी हात्ती लम्किरहेको छ विजयपताका फहराउँदै । संसारबाटै कम्युनिज्मको जरोकिलो र बिउ नामेट पार्ने योजनामा रहेको अमेरिकी साम्राज्यवाद (अब उत्तरसाम्राज्यवाद) ले समाजवादी मुलुक सोभियत रुसलाई खण्डित गरेपछि र बर्लिनको पर्खाल ढालेपछि संसारबाटै कम्युनिज्म समाप्त भएको ऐलान गरेको थियो तर कोरियाले साम्राज्यवादको झूट्टो बकबास र प्रलापलाई हावा खुवाउँदै एसियामा एउटा शक्तिशाली समाजवाद छ र त्यसले संसारलाई एउटा मीठो र सुखद सन्देश दिइरहेको छ भन्ने प्रमाणित गरिरहेको छ। आज जनगणतन्त्र कोरिया उसै शक्तिशाली भएको होइन। ऊ संसारकै प्रतिक्रियावादी शक्ति र विश्वको एक नम्बर शत्रु तथा आतङ्कवादको जननी अमेरिकी साम्राज्यवाद, उसका पछुवाहरू र विशेषगरी जापानी साम्राज्यवादलाई हराएर आफ्नै बलबुता र क्षमतामा शक्तिशाली भएको हो । किम इल सुङले देशी सामन्तवाद, जापानी साम्राज्यवाद तथा अमेरिकी साम्राज्यवादलाई पालैपालो धुलो चटाए र देशलाई मुक्त पारे । जापान र अमेरिकासँगको लडाइँमा लाखौँ कोरियाली जनता र योद्धाहरूको बलिदान भयो। एकातिर लाखौँ जनताको रगत लतपतिएको माटो, अर्कातिर अमेरिकी साम्राज्यवादको आक्रमणबाट खरानीको भग्नावशेषमा परिणत मुलुक। यसप्रकारका सबै किसिमका प्रतिकूलताहरू पचाएर र त्यसलाई अनुकूलतामा बदल्ने अठोट तथा दृढसङ्कल्पसहितको दीर्घकालीन योजना-कार्यक्रम बनाएर किम इल सुङले लास र खरानीको थुप्रो प्योङ्याङलाई संसारकै सबैभन्दा स्वच्छ, सफा र हराभरा भूमि बनाए। जुछे विचार मार्क्सवाद-लेनिनवादको जगमा जन्मियो। जनता नै मेरा देवता हुन् र जनतामै सबै शक्ति निहित छ भन्ने जननीति लिएर अघि बढेकाले नै किम इल सुङ कोरियालाई मुक्त बनाउन सफल भए। किम जोङ इल र किम जोङ उनले जुछे विचार र सङ्गुन राजनीतिलाई दृढतासाथ अघि बढाए। फलस्वरूप आज कोरियाली समाजवाद शक्तिशाली बनेको छ र विश्वको शक्तिशाली देश बनेर साम्राज्यवादी धम्कीहरूलाई कुकुरहरूको भुकाइ र पागल प्रलापको संज्ञा दिन सक्षम छ। कोरिया समाजवादी व्यवस्थाका कारण, देशभक्तिका कारण, मौलिक जुछे विचारधारा (अब किम इल सुङवाद र किम जोङ इलवाद प्रस्तावित) का कारण, भौतिक विकासका कारण र यतिबेला आएर पारमाणविक शस्त्रास्त्रको श्रेष्ठताका कारण आज संसारभर शक्तिशाली छ । कुनै दिन फिडेल क्यास्ट्रोले साम्राज्यवादको मुटुमै सम्बोधन गर्दै अमेरिकी साम्राज्यवादलाई एउटा हिंश्रक जन्तु र कुहिएको सिनोको संज्ञा दिएका थिए । त्यो शक्ति उनलाई मार्क्सवाद-लेनिनवाद-माओवादले दिएको थियो। आज जनगणतन्त्र कोरिया आफ्नो भूमिबाट मात्र होइन, संयुक्त राष्ट्रसङ्घ महासभामै उभिएर डोनाल्ड ट्रम्पहरूको धम्की र प्रलापलाई पागल कुकुरको भुकाइ भनेर सम्बोधन र कासन गर्न सक्षम छ। उसलाई यो शक्ति कहाँबाट प्राप्त भयो ? के चीन र रुसको आड पाएर मात्र कोरियाले जापानी साम्राज्यवादलाई पानीमा डुबाइदिने र अमेरिकी साम्राज्यवादलाई खरानीको थुप्रोमा परिणत गरिदिने कासन गर्न सम्भव भएको हो ? अवश्य होइन । मार्क्सवाद-लेनिनवादको जगमा विकसित जुछे विचारलाई पथप्रदर्शक सिद्धान्त मान्ने अढाइ कोटी कोरियाली जनता, ती जनताको आफू खरानी बनेर भए पनि कोरिया र कोरियाली समाजवादलाई जीवित राख्ने प्रतिबद्धता अनि कोरियाली समाजवादले विकास गरेको शस्त्रास्त्र यी सबै कुरा कोरियाली समाजवादलाई टिकाउने र साम्राज्यवादविरुद्ध कासन गर्नसक्ने बनाउने ऊर्जा हुन्।

१३ अप्रिल, २०१७ देखि २० अप्रिलसम्म हामीले गरेको जनगणतन्त्र कोरियाको यात्रा र बहसका क्रममा मैले कोरियाली जनतामा फक्रिएको समाजवादका जुन दृश्यहरू देखेँ, अनुभूत गरेँ, यस पुस्तकमा मैले त्यसलाई अभिव्यक्त गर्ने प्रयास मात्र गरेको छु र त्यसका लागि मैले अरू धेरै प्रमाण र तथ्यहरू जुटाएर पुस्तकलाई राजनीति र इतिहासको थुप्रो बनाउनतिर नलागेर एउटी पात्रका माध्यमबाट व्यक्त गराउने प्रयास गरेको छु। मैले पुस्तक, प्रवचन, भाषण र गुगल सर्च गर्दा नभेटेको तथ्य वा साक्ष्य हो- कोरियाली जनतामा रहेको आफ्नो देश, व्यवस्था, नेतृत्वप्रतिको अगाध स्नेह र प्रतिबद्धता । कोरियालाई जन्माउने, बचाउने, टिकाउने र शक्तिसम्पन्न बनाउने एउटै र प्रमुख कारण भनेको कोरियाली जनता हुन् र समाजवादप्रतिको उनीहरूको दृढ र सामान्य थिइन, विशेष थिई अर्थात् शक्तिशाली समाजवाद जनगणतन्त्र कोरियाकी असल प्रतिनिधि थिई ऊ । संयोगले यसपटक ऊ हाम्री इन्टरप्रेटर भएर आई । गतसाल कोरिया भ्रमण गर्दा मिस्टर ओ हाम्रो इन्टरप्रेटर थियो । मिस्टर ओजस्तै मिस जिन पनि प्योङ्याङ युनिभर्सिटीमा फरेन स्टडिज विषय लिएर स्नातकोत्तर तह अध्ययन गर्दै गरेकी किशोरी हो। सम्भवतः ऊ भोलिको कोरियाकी एक कूटनीतिज्ञ पनि हो। मिस जिनजस्ता लाखौँ किशोरी हाम्रोमा कि अभावका कारण बाख्रा चराइरहेका छन्, कि त उदरपूर्तिका लागि सहरका डान्स बार वा विदेशको भूमिमा अर्काको यौनतुष्टिको साधन बनिरहेका छन् वा स्वदेशमै बसेकाहरू पनि भोक, रोग र अभावले ग्रस्त जीवन बाँचिरहेका छन्। तर समाजवादी मुलुक कोरियाका मिस जिनहरू आज समाजवादी समाजलाई कसरी साम्यवादसम्म पुऱ्याउने र मानवजातिकै शत्रु साम्राज्यवादलाई कसरी निमिट्यान्न पार्ने भन्ने विषयमा संसारका समाजवादी शक्तिसँग चिन्तनमनन गरिरहेका छन्। राज्य जनमैत्री र जनताप्रति पूर्ण रूपमा उत्तरदायी बन्ने हो भने महिला र पुरुषको क्षमतामा कुनै भिन्नता हुँदैन भन्ने साक्ष्य पनि हो मिस जिन । त्यसैले मैले यसपटकको कोरिया यात्रालाई शब्दमा उतार्ने क्रममा मिस जिन अर्थात् कोरियाकी एक सक्कली प्रतिनिधिलाई संवादको केन्द्रमा राख्ने निर्णय लिएँ। पुस्तकको विषयका दृष्टिले यो एउटा चुनौतीपूर्ण काम भए पनि नौलो तर आवश्यक प्रयोग हो भन्ने मेरो निष्कर्ष छ । जनगणतन्त्र कोरियाको यात्राको समीक्षा गर्ने क्रममा प्योङ्याङमै मैले मनमनै निष्कर्ष निकालेको थिएँ- यसपटक पनि मैले पुस्तक लेखेँ भने ठूला होइन, साना, मसिना र सूक्ष्म विषयलाई ध्यान दिनुपर्छ किनकि हिजोसम्म रहस्यका रूपमा, मिथकका रूपमा, कयौँका लागि आस र कयौँका लागि त्रासका रूपमा रहेको कोरिया त्यस्तो फोर्नै नसकिने सारो फल वा बुझ्नै नसकिने जटिल पत्थर रहेनछ। वर्गमित्रहरूका लागि कोरिया सदैव न्यानो अँगालोले बेर्न तयार छ भने दुष्टहरूका लागि कोरिया पौराणिक पात्र धृतराष्टको जस्तो कठोर अँगालो मारेर खरानी बनाउन पनि तयार छ।

प्योङ्याङदेखि चीनको भूमि हुँदै आफ्नो देश फर्किने समयसम्म मैले प्रायः प्रतिनिधिहरूसँग तपाईंहरूलाई कोरिया कस्तो लाग्यो ? कोरियालीहरूको आनीबानी र व्यवहार कस्तो लाग्यो भनेर जिज्ञासा राखेको थिएँ। केही पात्रहरूले कोरियाको राजधानी प्योङ्याङमा बोलेको भाषा र चीनमा फर्केर बोलेको भाषा अलि फरक पार्दै लगेको तीक्ष्ण अनुभूति मेरो हृदयले गरिरहेको थियो तर हाम्रो समूहका प्रायः प्रतिनिधिको आवाज एउटै थियो-



विश्वास हो । आठ दिनसम्म हाम्रो समूहको सहजीकरणको भूमिका निर्वाह गरेकी मिस पाक जिन हुईको बोली, वचन, व्यवहार र कौशलमा मैले कोरियाली जनताको 'प्राण' र कोरियाको अस्तित्व भेटेँ । त्यसैले यस पुस्तकमा मैले मिस पाक जिन हुई अर्थात् मैले राखिदिएको उसको नेपाली नाउँ 'नानी' का माध्यमबाट कोरियालाई अभिव्यक्त गर्ने प्रयास गरेको छु। कोरियाली जनमुक्ति सेनाका सिपाही बाबु र शिक्षिका आमाकी छोरी मिस जिन झट्ट हेर्दा एउटी सरदर किशोरी हो । तर ऊ सरदर

कोरियामा समाजवाद छ र त्यो प्रत्येक पात्रका व्यवहारबाट झल्किरहेको छ । केही साथीहरूले कोरियालाई मिस पाक जिन हुईकै व्यवहारबाट पनि चित्रण गर्न सकिने सुझाव दिएका थिए । नेपाल-कोरिया लेखक/पत्रकार मञ्चको ब्यानरमा कोरिया यात्रामा निस्केकाहरूमध्ये अखिल क्रान्तिकारीका अध्यक्ष कमरेड पूर्णबहादुर सिंह, सोही सङ्गठनका केन्द्रीय सदस्य सरोज भण्डारी र नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्यसमेत रहेका मञ्चका सल्लाहकार हस्तबहादुर केसीको एउटै मत थियो- कोरियाली समाजवाद अनुकरणीय छ। कोरियाबाट सिक्नुपर्छ । पार्टी पीबीएम कमरेड रणवीर पनि यो यात्राबाट फर्किंदा प्रभावित भएर फर्किएको अनुभूति गरेको हुँ किनकि उहाँले बारम्बार यो अनुभूतिलाई संस्थागत गरेर एकीकृत जनक्रान्तिको साधन बनाउनुपर्नेमा सबै यात्रीलाई घचघच्याइरहनुभएको हो । यता नेपाल फर्किएर पुस्तक तयार पार्दै गर्दा एकजना मित्रको स्टाटसले मलाई धेरै घचघच्यायो। उनले लेखेका थिए- सत्य सरल हुन्छ तर मानिसले त्यसलाई जटिलजस्तो बनाइदिन्छ... । सायद यो कसैको महावाणी होला । जसको महावाणी भए पनि यो भनाइले मलाई धेरै नजिकबाट छोयो। अनि मैले निर्णय गरेँ, यति सरल सत्यलाई अभिव्यक्त गर्न म किन जटिल बाटो रोजूँ र प्रयोग गरूँ ? हाम्रो समूहकी इन्टरप्रेटर बनेर आएकी मिस पाक जिन हुई अर्थात् नानीले हामीसँगको

... बाँकी पृष्ठ ७ मा

## कविता

# प्रिय रातो झन्डा !

रमेश रावत 'विक्रान्त'

सहिदको रगतले लतपतिएको
गरिब, किसान र मजदुरका
गहनास्वरूप हँसिया-हथौडा अङ्कित
वैज्ञानिक समाजवाद र साम्यवादको
रातो झन्डालाई झुकाउनु हुँदैन
प्रिय रातो झन्डा तिमी
झुकेको सुहाउँदै-सुहाउँदैन।

मालेमावादको सिद्धान्त र रातो झन्डालाई पनि
बलियोसँग पकड्नुपर्छ।
आदरणीय नेतृत्व
मार्क्सवादसँग हड्बडाउनुभएको भए
मार्क्सवाद चिरञ्जीवी हुँदैनथ्यो
लेनिन चुकेको र झुकेको भए
रसियामा समाजवाद आउँदैनथ्यो
एकीकृत जनक्रान्ति
हड्बडाउनु हुँदैन
फर्फराउनुपर्छ।
प्रिय वीर योद्धा
रातो झन्डालाई झुकाउनु हुँदैन।

प्रिय कमरेड
हामी गोन्जालो बन्न तयार हुनुपर्छ
हामी कुमार पौडेल बन्न तयार हुनुपर्छ!
हामीले धनरूप बटलाबाट सिक्नुपर्छ!!
हामी आत्मघाती बन्न तयार छौँ!!!
तपाईंले प्रज्वलबाट सिक्नुपर्छ!!!!

अर्को प्रचण्ड बन्न कसैलाई छूट छैन
अर्को बाबुराम बन्न कसैलाई छूट छैन।
प्रिय वीर योद्धा
रातो झन्डालाई
झुकाउनु हुँदैन!!
क्रान्तिकारी रातो झन्डाको
आस र भरोसाको केन्द्रबिन्दु
सगरमाथाको चुचुरोमा
फरफराउने हाम्रो सपना
नाम्चे बजारमै थाक्नु हुँदैन।
प्रिय रातो झन्डालाई
नाम्चे बजारमै झुकाउनु हुँदैन।

आदरणीय नेतृत्व
हामीले रातो झन्डा फरफराउनैपर्छ
प्यारो रातो झन्डा झुकाउनु हुँदैन।
तपाईं नयाँ मार्क्स र एङ्गेल्स बन्नुपर्छ
तपाईं नयाँ लेनिन र स्टालिन बन्नुपर्छ
हामी जनसेना बन्न तयार नै छौँ

माओ आत्तिनुभएको भए
चिनियाँ जनवादी क्रान्ति सम्पन्न हुँदैनथ्यो
प्रिय कमरेड! रातो झन्डालाई
पुँजीवादका अगाडि झुक्नु हुँदैन
तपाईंहरू नयाँ माओ बन्नुपर्छ!
हामी जनमुक्ति सेना बन्न तयार नै छौँ!!
क्रान्तिको साम्यवादी यात्रामा
थकाइ भन्ने कार्यनीति हुँदैन
हन्डर, ठक्कर र चुनौतीलाई
हाँसीहाँसी पार गर्नुपर्छ
एक सेकेन्ड पनि
रातो झन्डालाई झुकाउनु हुँदैन।

हेमन्त र शिशिरऋतुको
चिसोलाई नपचाएर
वसन्तऋतु आउँदैन!
प्रिय कमरेड, हामी
आत्तिनु र मात्तिनु हुँदैन
प्रिय रातो झन्डा
झुकेको बिल्कुल सुहाउँदैन।

रातो झन्डालाई बेरेको
जनक्रान्तिको यात्रा
चुनाव जित्नेसम्म मात्र हुँदै-हैन
उत्तरसाम्राज्यवादलाई जित्नका लागि हो
सबैको दृष्टि क्षितिजतिरै तेर्सिएको छ
आसैआस छ-
कालो रातलाई परास्त गरेर
बादललाई पन्छाएर
अवश्य पनि सूर्य उदाउनेछ।

प्यारो रातो झन्डा, तिमीलाई चम्काउन
बिहानी पखको सूर्यले
अनौठो उज्यालो ल्याउनेछ।

नयाँ जोस र उमङ्गका साथ
क्रमशः यात्रा अगाडि बढ्नेछ
प्रिय रातो झन्डा! चहकिलो घामसँगै
तिम्रो फरफराउने तरिका
एकदमै नयाँ हुनेछ।

प्रिय रातो झन्डा
तिमी गरिबको झुपडीमा फर्फराउनुपर्छ।
पूर्व र पश्चिमबाट फर्फराउनुपर्छ।
विश्वलाई परिक्रमा गर्ने अभिभारा
प्रिय रातो झन्डा, तिम्रो कार्यभार भएको छ।
प्रिय रातो झन्डा
तिमी मधुरो हुनु हुँदैन
तिमी मधुरो भयौ भने
संसार अँध्यारो हुनेछ
तिमीलाई मधुरो भएको
कदापि सुहाउँदैन!

तिमीलाई चम्किलो बनाउन
रगतका खोलाहरू बगाउन
मन्जुर छन् तिम्रा बलिदानी योद्धाहरू
प्रिय रातो झन्डा तिमी झुक्नु हुँदैन
प्रिय रातो झन्डा तिमी चुक्नु हुँदैन
लालकिरणसँगै
तिम्रो फर्फराउने तरिका
पहिलाभन्दा नयाँ हुनुपर्छ।

प्रिय कमरेड
हामी सगरमाथाको
चुचुरोसम्म पुग्नुपर्छ
प्रिय रातो झन्डा तिमी
सगरमाथाको चुचुरोमा
हर्षका साथ फर्फराउनुपर्छ।

९ चैत २०७८

# पार्टीनीतिविपरीत काम गर्ने सेढाईं नेकपाबाट निष्कासित

**चितवन ।** नेकपा चितवनले पार्टीका जिल्ला सदस्य राम सेढाईंलाई पार्टी नीतिविपरीत गतिविधि गरेको भन्दै कारबाही गरेको छ । पार्टी जिल्ला सेक्रेटरी मीनप्रसाद सापकोटाले विज्ञप्ति जारी गरी सेढाईंले पार्टी नीतिविपरीत काम गरेकाले साधारण सदस्यसमेत नरहने गरी कारबाही गरिएको जनाएका छन् ।

सेक्रेटरी सापकोटाले १८ गते जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी चितवनका जिल्ला सदस्य तथा विगतदेखि राप्ती नगर पार्टीअन्तर्गत कार्यरत राम सेढाईंले पार्टी नीतिविपरीत गतिविधि गरेको हुँदा निजलाई आजकै मितिदेखि लागू हुने गरी नेपाल कम्युनिस्ट पार्टीको साधारण सदस्यसमेत नरहने गरी कारबाही गरिएको जानकारी गराइन्छ ।'

## नेकपा नेता राईको ....

नेकपाका केन्द्रीय सदस्य एवम् युवा नेता तीर्थ राईको घरमा एकैपटक २-२ वटा पक्राउ पुर्जी टाँसेर चार दलको गठबन्धन देउवा नेतृत्वको सरकारले जग हँसाएको मात्र नभएर नेकपाका नेता-कार्यकर्तालाई विस्मयमा पनि पारेको छ । धादिङ र सिन्धुपाल्चोक जिल्ला अदालतले पठाएका पक्राउ पुर्जी राईको घरमा एकै साथ टाँसिएका हुन् ।

२०७६ साल जेठ १० गते सिन्धुली जिल्लाको डाडीगुराँसेबाट गिरफ्तार गरी अभद्र व्यवहार मुद्दा लगाइएका नेकपा नेता राईलाई ६ महिनासम्म सिन्धुली कारागारमा राखिएको थियो । सोही वर्षको मङ्सिर ४ गते रिहा भएका राईलाई कारागार परिसरबाटै गिरफ्तार गरी पुनः अभद्र व्यवहार मुद्दा लगाएर रामेछाप लगी २५ दिनसम्म हिरासतमा राखिएको थियो ।

रामेछापबाट साधारण तारेखमा रिहा भएका राईलाई पुनः गिरफ्तार गरी दोलखा पुऱ्याएर अभद्र व्यवहारको मुद्दा लगाएर २५ दिन हिरासतमा राखिएको थियो । त्यहाँबाट पुनः अभद्र व्यवहारकै मुद्दा लगाएर सिन्धुपाल्चोक पुऱ्याइएका नेता राईलाई सर्वोच्चमा परेको रिटबाट मुक्त हुनासाथ पुनः गिरफ्तार गरी काभ्रे पुऱ्याएर अभद्र व्यवहारको मुद्दा लगाई हिरासतमा बन्दी बनाइएको थियो ।

सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको दोस्रो रिट परी हिरासतमुक्त भएका नेता राईराई प्रहरीले पुनः गिरफ्तार गरी नुवाकोटको एनसेल टावर आक्रमण गरेको आरोप लगाएर पुनः ८ दिन नुवाकोट प्रहरी हिरासतमा राखेको थियो । नुवाकोट जिल्ला अदालतले साधारण तारेखमा रिहा गरे पनि उनलाई मुक्त हुनासाथ प्रहरीले २०७६ साल माघमा रसुवा पुऱ्यायो । रसुवा जिल्ला अदालतबाट साधारण तारेखमा छुटेका नेता राईलाई पुनः गिरफ्तार गरी प्रहरीले २०७६ चैतमा अभद्र व्यवहारको मुद्दा लगाएर धादिङ पुऱ्याई चैतसम्म ५५ दिन हिरासत र ६ दिन कारागारमा राखेको थियो ।

त्यसपछि नेता राईलाई २०७७ साल वैशाखमा चितवन लगियो र अर्को मुद्दा लगाएर नवलपुर पुऱ्याई १४ दिन हिरासतमा राखियो । त्यसपछि २०७७ साल जेठ ५ गते चितवन जिल्ला कारागारमा पुऱ्याइएका नेता राई एक महिना जेल बसेपछि असार ५ गते धरौटीमा रिहा भएका थिए ।

अहिले सिन्धुपाल्चोक र धादिङ अदालतबाट फरार भन्दै घरमा दुईवटा पुर्जी टाँसिएको नेता राईले रातो खबरलाई बताए । संसद्वादी गठबन्धन दलहरूको देउवा सरकारले एकातिर नेकपाका महासचिव विप्लव र प्रवक्ता प्रकाण्डलाई तीनबुँदे सहमति तत्काल लागू गर्ने आश्वासन दिइरहेको छ भने अर्कातिर नेकपाका नेताहरूमाथि लगाइएका झूट्टा मुद्दा खारेज गर्नुको साटो उल्टै झूट्टा मुद्दाका पुर्जी टाँसेर नेकपालाई जिस्क्याइरहेको छ । नेकपाका कयौँ नेता-कार्यकर्ता अझै जेलमै छन् । सत्तामा सङ्कट रहेको र वार्ता तथा शान्तिपूर्ण प्रक्रियाद्वारा सत्तासङ्कट समाधान गर्ने भन्दै पूर्ववर्ती केपी वली सरकारले नेकपासँग ३ बुँदे सहमति गरे पनि सहमति कार्यान्वयन नगर्दा पुरानो सत्तासँग वार्ताप्रक्रिया अघि बढ्न सकेको छैन । एकातिर दलाल पुँजीवादी सत्ता स्थानीय निकायको निर्वाचनको होहल्ला र नाटक गरिरहेको छ भने अर्कातिर नेकपाका कयौँ नेता-कार्यकर्ता जेलमै छन् र कयौँ नेता-कार्यकर्तामाथिका झूट्टा मुद्दा कायमै छन् । एउटा राजनीतिक पार्टीका नेता-कार्यकर्तालाई जेलमै राखेर र झूट्टा मुद्दा लगाएर दलाल सरकार र पुँजीवादी दलहरूले 'उत्सव' का रूपमा घोषणा गरेको चुनाव कसरी सम्भव होला वा भए पनि त्यसको के अर्थ रहला, विश्लेषकहरूको टिप्पणी छ ।

## नेकपाको केन्द्रीय ....

र हल्लाहरू निस्तेज पार्दै एकढिक्का भएर दलाल पुँजीवादविरुद्ध जारी एकीकृत जनक्रान्तिलाई निरन्तर अघि बढाउने निर्णय गरेको छ ।

## हाम्रो पार्टीले चुनावमा ....

षड्यन्त्रपूर्ण रूपले सदनबाट राष्ट्रघाती एमसीसी पारित गरे पनि जनताको बलमा देशभक्तहरूलाई केन्द्रीकरण गरेर एमसीसी असफल बनाइदिनुपर्ने नेता सुदर्शनले बताए ।

## दलाल पुँजीवादप्रति ....

संसारमै र नेपालमा पनि अरू नेताबाट भएको प्रतिक्रान्तिभन्दा प्रचण्ड-बाबुराम भट्टराईले कम्युनिस्ट आन्दोलनमाथि गरेको गद्दारी र प्रतिक्रान्ति ठूलो रहेको र नेकपाले नै यसलाई उल्ट्याएर क्रान्ति सम्पन्न गर्ने विश्वास प्रवक्ता प्रकाण्डले व्यक्त गरे । उनले भने, 'एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवादप्रति हाम्रो पार्टी दृढ छ । क्रान्ति आँट, साहस इच्छाशक्ति र बलिदानले आगोसँग खेल्ने कुरा हो । यसका लागि हामी तयार छौँ ।'

पार्टीले चुनावमा भाग नलिने र देशभक्त तथा एमसीसी विरोधीहरूलाई सहयोग गर्नसक्ने पार्टी निर्णय प्रस्ट पार्दै उनले भने, 'यो हाम्रो कार्यनीति मात्र हो । मोहनविक्रम सिंहको जस्तो सधैँ चुनावमा गइरहने रणनीतिक विषय होइन ।'

## नेकपाको केन्द्रीय ....

महासचिव विप्लवले भने, 'प्रतिक्रियावादी सत्ताले आफ्नो रक्षाका लागि गराउने चुनावको विषयलाई लिएर हामीले टाउको दुखाउनु हुँदैन । हामी क्रान्तिका विषयमा चिन्तित हुनुपर्छ । हामी क्रान्ति जित्ने दिशातर्फ अग्रसर भएका छौँ ।'

एकीकृत जनक्रान्तिको कार्यदिशा विकास भइरहेको र यसको वैज्ञानिकता प्रमाणित भएसँगै पार्टीले सम्पत्तिको स्वामित्व, राजनीतिक प्रणाली, शासकीय स्वरूपका विषयमा पनि बहस अघि बढाएको प्रस्ट पार्दै महासचिव विप्लवले समाजवाद उच्च चेतनाको अभिव्यक्ति भएको र राजनीतिक रूपमा देश नेकपाले लिएको वैज्ञानिक समाजवाद स्थापना गर्ने दिशामै अग्रसर रहेको धारणा राखे । पार्टी उत्पादनमा निर्भर हुँदै गएको र केही समयमै यो अवस्था अझ राम्रो हुँदै जाने महासचिव विप्लवले बताए ।

एकध्रुवीय विश्वमा क्रान्ति सम्भव छैन भन्दै प्रचण्ड-बाबुराम क्रान्तिबाट भागेको समयमा नेकपाले श्रमिक वर्गमा क्रान्तिप्रति आशा र विश्वास जगाएको बताउँदै महासचिवले जनता, क्रान्तिको आशा र विश्वासअनुसार राजनीतिलाई सङ्गठनमा रूपान्तरण गरेर क्रान्तिलाई उचाइमा उठाउनुपर्ने आवश्यकता पनि औँल्याए । विश्वराजनीतिका पछिल्लो राजनीतिले विश्व बहुध्रुवमा विभाजित भएको प्रस्ट भएको पनि उनले बताए । एमसीसीविरुद्ध नेकपाले सञ्चालन गरेको आन्दोलन साम्राज्यवाद र दलाल पुँजीवाद दुवैका विरुद्धको आन्दोलन भएकाले यो एकीकृत जनक्रान्तिको सफलतासँग गाँसिएको विषय रहेको उनले बताए । नेकपाले मौलिक, वैज्ञानिक समाजवादी संस्कृतिको विकास गर्नेमा जोड दिँदै महासचिव विप्लवले मानिसलाई भौँतारिन नदिई क्रान्तिकारी कार्यदिशा र कार्यक्रममा गोलबन्द बनाउनुपर्नेमा जोड दिए । देश, श्रमिक वर्ग र क्रान्तिलाई केन्द्रमा राख्ने संस्कृति नेकमा बाहेक अरु कुनै पनि शक्तिमा नभएको दाबी उनको थियो ।

क्रान्तिप्रति धोका नहुने कुरामा दृढ विश्वास दिलाउँदै महासचिव विप्लवले भने, 'दलाल पुँजीवादले गराउने चुनावको विषयमा क्रान्तिकारीहरूबीच मतभिन्नता आउनु हुँदैन । एमसीसी विरोधी र पक्षधरता बीचमा ध्रुवीकरण गराउनुपर्छ । जनताले नेकपालाई आशाको दृष्टिले हेरेका छन् । जनताको आशा र विश्वासमा घात गर्नु हुँदैन ।'

नेपालको दलाल पुँजीवाद आत्मसमर्पणवादमा पतीत भएको भन्दै उनले संसद्बाट राष्ट्रघाती एमसीसी पारित भएको घटनालाई त्यसको प्रमाणका रूपमा प्रस्तुत गरे । राष्ट्रियता र जनवाद दुवैको नेतृत्व नेकपाले गर्ने उनको भनाइ थियो । जनताको बलमा एमसीसी कार्यान्वयन हुनबाट रोक्नुपर्ने र रोक्न सकिने महासचिव विप्लवले बताए । एमसीसीका नाउँमा लिइएको जमिनमा जनताको बस्ती बसाल्नुपर्ने उनको भनाइ थियो ।

आगामी स्थानीय चनावको सन्दर्भ दोहोऱ्याउँदै महासचिव विप्लवले भने, 'क्रान्तिकारी शक्तिमाथि, हामीमाथि निरन्तर हमलाहरू भइरहेका छन् । हिजो पनि हामीलाई 'र' र दरबारसँग जोडेर दुष्प्रचार गरिएको थियो । क्रान्तिको माध्यमबाटै त्यो भ्रमलाई चिऱ्यौँ । अहिले संसद्वादी बन्न लागेको हल्ला चलाइएको छ । हामी क्रान्तिकै माध्यमबाट यी हल्ला, भ्रम र असत्यहरूलाई चिर्नेछौँ । संसद्वादी बन्न, संसदीय व्यवस्था स्वीकार्न चुनावमा जानै पर्दैन । हामीसँग जसरी पनि यो सत्तालाई पल्टाइदिने शक्ति छ ।' सपना मर्न दिनु नहुनेमा महासचिवको जोड थियो ।

महासचिवले नेता-कार्यकर्ताले राखेको जिज्ञासा पनि शान्त पारेका थिए ।

## एमालेसँग चुनावी ....

चर्चा-परिचर्चा र तर्क-वितर्क भैरहेकोमा हाम्रो पार्टी कार्यालयको ध्यानाकर्षण भएको छ । उक्त छलफल कुनै चुनावी प्रयोजनलाई लिएर नभएको, बरु समसामयिक राजनीतिक विषयमा मात्र छलफल भएको कुरा सम्बन्धित कमरेडहरूमार्फत यथार्थ आएको छ । त्यसकारण उक्त विषयलाई लिएर अनावश्यक भ्रममा नपर्न सबैलाई अनुरोध गर्दछौँ ।'

स्मरणीय छ, मङ्गलबार नेकपाका केन्द्रीय सदस्य ओम पुनले सामाजिक सञ्जालमा एमालेसँग चुनावी तालमेलका लागि छलफल भएको र उक्त छलफल सकारात्मक रहेको भन्दै सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेखेका थिए ।

नेकपाको १२ औँ पूर्ण बैठकले नेकपाले पार्टीगत रूपमा चुनावमा भाग नलिने निर्णय गरिसकेको छ । बैठकले एमसीसीविरोधी, देशभक्त शक्तिहरूलाई स्वतन्त्र रूपमा सघाउन सकिने भए पनि पार्टी नै दर्ता गरेर भने चुनावको प्रयोग वा उपयोग नगर्ने निर्णय गरिसकेको अवस्थामा यसप्रकारको प्रेस नोट जारी गरिएको हो ।

## प्रतिक्रियावादी सत्ताको ....

पनि चुनावविरोधी नहुने प्रस्ट पार्दै नेता कञ्चनले वैज्ञानिक समाजवादभित्र पनि कम्युनिस्ट-कस्युनिस्टबीच प्रतिस्पर्धा हुने प्रस्ट पारे ।

## समाजवादी कोरिया ....

सहकार्यका आठ दिनमा व्यक्त गरेको बोली र उसको व्यवहारलाई थोरै मात्र हल्का रङरोगन र आख्यानीकरण गर्दा कोरियाली समाजवादको चित्र प्रस्ट हुन्छ भन्ने मलाई लाग्यो । त्यसैले मैले नानीलाई यो नियात्राको मुख्य पात्र बनाएँ । ढाँट, छल, कपट, झूट केही नजान्ने तर आफ्नो विचारमा प्रतिबद्ध, देश, व्यवस्था, जनता र नेतृत्वलाई अगाध स्नेह गर्ने नानीभित्र मैले विद्रोही योगमाया भेटेँ, क्रान्तिकारी दिलमाया भेटेँ, हजारौँ कमला बुढा, सरला रेग्मी र शान्ता श्रेष्ठहरू भेटेँ । आमाका बारेमा लेखिएको गीत गुनगुनाउँदा भावुक बन्ने नानी र उसकी साथी मिस किम ह्योन सिममा मैले मेरा बहिनीहरू मीरा र इन्दिराको छाया देखेँ । आमाले छोडेर जाँदा र आफन्त भनिनेहरूले चिथोर्दा आर्यघाटमा मलाई ढाडस दिने बहिनीहरू र जुछे टावर चढ्नुअघि आमाको सम्झनामा गाइएको गीतका शब्दसङ्गीत सुनेर आँसु बगाउने कोरियाली नानीहरूका बीचमा के फरक छ ? वर्गसम्बन्ध र वर्गमाया भनेको सायद यही हो । यही ठानेर मैले नानीहरूसँग मेरो समाजको वर्गमायाका बीचमा हुने कुठाराघातको पनि चर्चा गरेँ । नेतृत्वप्रतिको प्रतिबद्धता हेर्दा मैले उसमा हाम्रा जनयुद्धकालीन छापामार, जनमुक्ति सेनाका कमान्डर र योद्धाहरूमा रहेको साहस र अठोट भेटेँ । बाङ्गोटिङ्गो नजान्ने, नबुझ्ने कोरियाली नानीहरू मेरा दिदीबहिनीजस्तै सोझासीधा तर उच्च राजनीतिक चेत र प्रतिबद्धता बोकेका योद्धाहरू हुन् । यिनकै आड र भरोसामा त टिकेको छ कोरियाली समाजवाद । फलामे अनुशासनकै कारण कोरियाली समाजवादका प्रत्येक सदस्य आफ्नै देश, विचार र व्यवस्थामा आफ्नो 'भाग्य' र भविष्य देखिरहेछन् तर विडम्बना, मेरो देशका किशोरकिशोरीहरू, बालबालिका र शिक्षित-पठितहरूलाई मेरो देश भाडाका सिपाही, अदक्ष कामदार र अर्काको देशका कुल्ली जन्माउने फ्याक्ट्री बनिरहेको छ । हरेक बाबुआमा आफ्नो सन्ततिको भविष्य आफ्नो देशमा देखिरहेका छैनन्, हरेक बालबालिका आफ्नो भविष्य आफ्नो माटोमा देखिरहेका छैनन् । कस्तो विडम्बना खेपिरहेछ मेरो देश ! किन जन्माउन सकेन मेरो देशले किम जोङ सुक, किम इल सुङ, किम जोङ इल, किम जोङ उन र मिस पाक जिन हुईहरू ! हो, मैले यही प्रश्नको उत्तर खोज्ने प्रयास गरेको छु यसपटकको यात्रापछिको डायरीमा । सत्य सरल छ, जनगणतन्त्र कोरियाजस्तै, मिस पाक जिन हुईजस्तै ।

समाजवादले आत्मनिर्भरता जगाउँछ, परनिर्भरता होइन । कोरियाली जनता आफ्नो देशमाथि साम्राज्यवादले आक्रमण गर्ने धम्की दियो भने बाहिरबाट आफ्नो देश फर्किन्छन् तर मेरो देशको गाउँदेखि सहरसम्म कतै पनि लास पर्दा मलामी र बिहे पर्दा जन्ती जाने युवा छैनन् । यहाँ देश, राजनीति, पार्टी, सरकार र नेतृत्वलाई गाली नगर्ने व्यक्ति भेट्टाउन मुस्किल छ । मेरो देशका नेता, पार्टी र मन्त्रीहरूले कोरियाली किशोरी नानीबाट केही मात्र सिकिदिए भने पनि यो देशले कुनै साम्राज्यवादको दास बन्नुपर्ने थिएन । मेरो देशका चेलीले देशभित्रकै कोठी र विदेशका कोठीहरूमा बिक्री हुनुपर्ने थिएन । तिनले मानिसको जीवन बाँच्न पाउने थिए । मेरो देशका युवाले बाकसमा प्याक भएर फर्किनुपर्ने थिएन ।

जनगणतन्त्र कोरियाका बारेमा भन्नुपर्ने, त्यहाँबाट सिक्नुपर्ने धेरै विषय छन् । तीमध्ये धेरै विषय यतिबेला छताछुल्ल भइरहेका छन् मध्याह्नको सूर्यझैँ । कयौँ विषय क्रमशः कालान्तरमा प्रस्ट हुँदै जानेछन् । यहाँ राख्नैपर्ने विषय भनेको कोरियाले मार्क्सवाद-लेनिनवादमा विकास गरेर निर्माण गरेको जुछे विचार, सङ्गुन राजनीति, कोरियामा लाखौँको बलिदानबाट जन्मिएको र विकास भइरहेको मौलिक शैलीको समाजवाद र त्यसले निर्माण गरेको शक्ति हो । आफ्ना जनतालाई गच्छेअनुसारको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार र मनोरञ्जन त दिएकै छ कोरियाले, त्यसमाथि उसले विज्ञान र प्रविधिको पनि आफ्नै बलमा चरम विकास गरेको छ । उसले कोरियाको समाजवाद देखाउन तथा जुछे विचार र सङ्गुन राजनीतिमा भएको विकास किम इल सुङइज्म-किम जोङ इलइज्ममाथि पनि संसारभरका समाजवादका पक्षधरहरूलाई आफ्नो देशमा निम्ता गरेर छलफल र बहस गराउन थालेको छ । पहिलो र दोस्रो कम्युनिस्ट इन्टरनेसनल विघटन भएपछि, तेस्रो इन्टरनेसनल फलदायी नभएपछि र मालेमावादी कम्युनिस्टहरूको सङ्गठन रिम सुस्ताएपछि कसैले पनि अर्को इन्टरनेसनल स्थापना गर्ने र बहस चलाउने पहल गर्न नसकिरहेको समयमा कोरियाले यो प्रयास थालेको छ । यो सराहनीय कार्य हो ।

कोरिया यात्राका क्रममा हामीले धेरै किसिमका पात्र र प्रवृत्तिहरू देख्यौँ, सङ्गत गऱ्यौँ । कोरियामै हामीलाई न्यानो आतिथ्य दिने कोरियाली वर्कर्स पार्टीका वरिष्ठ उपाध्यक्ष कमरेड किम की नामजस्ता सीधा र सरल जननेता, कोरियाली युवा वैज्ञानिकहरूको सङ्गठन (कास) का महासचिव री सोङ चोल र एसिया निर्देशक किम चोल होजस्ता 'गौप्राणी', पाक जिन हुई, किम सु ऱ्योन, किम ह्योन सिमजस्ता आँखामा राखे पनि नबिझाउने बौद्धिक किशोरी/युवा अनि मिस्टर ओजस्ता गम्भीर युवकहरू पनि भेट्यौँ । उसो त नेपालस्थित कोरियाली दूतावासका कन्सुलर किम सु होजस्ता आफ्नो देश र व्यवस्थाप्रति सदैव चिन्तित र गम्भीर कूटनीतिज्ञ पनि भेट्यौँ । हामीले आफ्नै देशका पटके प्रतिनिधि, नेपालका असली प्रतिनिधि हौँ भनेर कोरियालाई भ्रममा पारिरहेका पात्र र अन्तर्राष्ट्रिय सेमिनारमा उठ्ने विषयमा बहस गर्ने र आफ्नो मत राख्नेमा भन्दा सुरा र सुन्दरीको लालसामा लीन हुने अनि साम्राज्यवादको ताबेदारी गर्न ताक कुरेर बसेका खलपात्रहरू पनि भेट्यौँ । हाम्रो यात्रामा कोरिया यात्रालाई फलदायी, स्मरणीय र सुखद बनाउन लागिपर्ने नेकपाका पोलिटब्युरो सदस्य कमरेड रणवीर, अखिल क्रान्तिकारीका अध्यक्ष पूर्णबहादुर सिंह, नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य हस्तबहादुर केसीजस्ता व्यक्तित्व पनि पायौँ । उहाँहरू कोरियाली समाजवादबाट सिकेर हामीले पनि त्यस्तो व्यवस्था ल्याउनुपर्छ भनेर चिन्तित हुनुभएको पाएँ । केही खलपात्रहरू हामी नेपाल नफर्किँदै हाम्रो उद्देश्यमूलक यात्रालाई फासफुस बनाउने, तोडमोड गर्ने र बङ्ग्याउँदै साम्राज्यवादको सेवामा लागेको पनि देखियो । तिनलाई इतिहासले दण्डित गर्नेछ । जे होस्, मानिसको सही परीक्षा सङ्कट र व्यवहारमा हुन्छ भन्ने कुरा पनि कोरिया यात्राबाट सिक्न पाइयो ।

यस पुस्तकमा मैले अघिल्लो कोरिया यात्रापछिको पुस्तकको शैली र विषय दोहोऱ्याएको छैन । आठ दिनमा हामीले कोरियामा गरेका क्रियाकलाप, हामीले यात्रा गरेका स्थान र देखेको प्रगति, हामीले सहभागिता जनाएका सेमिनार र हामीले गरेका व्यवहारलाई हाम्री इन्टरप्रेटर मिस पाक जिन हुईको मुख-बोली, भाव र उनीसँगको संवादका माध्यमबाट प्रस्ट्याउने प्रयास गरेको छु । केही सन्दर्भमा कथानक भर्ने प्रयास गरेको छु । संसारभरबाट कोरियामा भेला भएका समाजवादका पक्षधरहरूले सेमिनारमा प्रस्तुत गरेका विचार, उनीहरूसँगको छलफल र कुराकानीलाई मैले चाहेर पनि यस पुस्तकमा समावेश गर्न सकिनँ । त्यसैगरी १२ दिनसम्म घुमेको माओको भूमि चीनका बारेमा पनि केही लेख्न सकिनँ । यी विषयलाई अरू कुनै सन्दर्भमा प्रस्तुत गर्नेछु ।

मेरो लेखकीयको अन्त्यमा भनौँ वा पुस्तकको आरम्भमा मैले सबैभन्दा बढी आभार व्यक्त गर्नुपर्ने व्यक्तित्व हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टीका महासचिव कमरेड विप्लव हुनुहुन्छ । दुस्मन र षड्यन्त्रकारीका त कुरै छाडौँ, आन्दोलनभित्रकै एउटा अनुदार, लालफित्ताशाही र षड्यन्त्रकारी तप्का हाम्रो पवित्र र उद्देश्यमूलक यात्रालाई धमिल्याउन साम्राज्यवादका अनुचरहरूलाई बोकेर हिँड्यो र दुस्मनहरूको मिडियासम्म दुष्प्रचार गर्दै कुद्यो । महासचिव कमरेडले ती दुष्ट र दुर्जनहरूलाई, तिनको झोसपोल र षड्यन्त्रलाई ठाडै खारेज गरिदिनुभयो र हाम्रो यात्राको औचित्य साबित गरिदिनुभयो । उहाँले हाम्रो यात्राको उचाइ कायम राख्न गहन र महत्वपूर्ण भूमिकासमेत लेखेर पुस्तकको गरिमा बढाइदिनुभयो । त्यस्तै, हाम्रो यात्रालाई सफल पार्न र उचाइ दिन पार्टी स्थायी समिति सदस्य एवम् अन्तर्राष्ट्रिय ब्युरो प्रमुख कमरेड धर्मेन्द्र बास्तोला 'कञ्चन' ले जनगणतन्त्र कोरिया सरकारलाई पत्र नै लेखेर पठाउनुभयो । त्यसअघि गत वर्ष काभ्रेको धुलिखेलमा मञ्च घोषणा गर्न आयोजित कार्यक्रममा प्रमुख अतिथिको भूमिका निर्वाह गरेर होस् वा कोरिया प्रस्थान गर्नुअघि काठमाडौँमा आयोजित उत्तरसाम्राज्यवादविरुद्ध तेस्रो विश्वले गरिरहेको सङ्घर्षविषयक अन्तरक्रिया गोष्ठीमा प्रमुख वक्ता बनेर होस्, उहाँ मञ्च र हामीले लडिरहेको लडाइँ जनतामा स्थापित गर्न हृदयैदेखि समर्पित हुनुभयो, उहाँ पनि धन्यवादका विशिष्ट पात्र हुनुहुन्छ । यात्राभर साङ्गठनिक र वैचारिक नेतृत्व प्रदान गरिरहनुहुने पार्टी पीबीएम कमरेड रणवीरप्रति म सधैँ आभारी छु किनभने उहाँले हिँड्दादेखि फर्किंदासम्म पनि यात्रालाई सफल पार्न हरतरहले प्रोत्साहित गरिरहनुभयो र कोरिया पुगेर मेरो अघिल्लो पुस्तक लोकार्पणमा समेत भाग लिनुभयो । अखिल क्रान्तिकारीका अध्यक्ष एवम् हाम्रो मञ्चका सल्लाहकार कमरेड पूर्णबहादुर सिंहले त यात्रा सफल भएको प्रमाणस्वरूप पुस्तक नै प्रकाशित गरिसक्नुभएको छ । उहाँको सहयोग, उत्साह, हुटहुटी र जाँगरप्रति म धेरै आभारी छु । नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य, लेखक एवम् हाम्रो मञ्चका सल्लाहकार कमरेड हस्तबहादुर केसीले यात्राको सफलताका लागि गर्नुभएको सहयोग र प्रयत्न अत्यन्त सराहनीय र अनुकरणीय छ । कोरियामा पुस्तक लोकार्पणको समयमा पुस्तकमाथि परिचर्चा गर्ने कमरेड माणिक लामा, प्राडा सुरेन्द्र केसी, साहित्यकार शङ्कर भारतीलगायत अग्रजहरू र हामीले प्रस्तुत गरेको 'गाउँगाउँबाट उठ, बस्तीबस्तीबाट उठ' गीतमा स्वर दिने, नृत्य गर्ने मञ्जुरत्न शाक्य परिवार, शङ्कर भारती समूह, फ्रान्सका प्रोफेसर एड्मन्ड जोउभेलगायत विभिन्न देशका प्रतिनिधि जसले मेरो पुस्तकको सराहना गर्दै ऊर्जा दिनुभयो, सबै-सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु । कोरिया लैजान रातभरमै महत्वपूर्ण चित्र तयार पार्ने र एयरपोर्टसम्म बिदाइ गर्न जाने मित्र आरके थापा र अन्य विद्यार्थी नेताहरूलाई कहिल्यै बिर्सन सक्दिनँ । कोरिया जानुअघि र फर्किनासाथ मञ्चको एक शक्तिशाली खम्बा बनेर दुष्टहरूविरुद्ध निरन्तर लड्ने, पुस्तक लेख्न प्रोत्साहित गर्ने, यात्रालाई प्रोत्साहित गर्ने र मेहनतपूर्वक पुस्तकको डिजाइन गर्नुहुने मञ्चका महासचिव कमरेड अग्निराज पौडेल 'अराप' प्रति सदैव आभारी छु ।...

(२०७४ साल भदौमा प्रकाशित 'शक्तिशाली समाजवाद : जनगणतन्त्र कोरियाको दोस्रो यात्रा' पुस्तकको लेखकीयबाट)

## नेकपा संखुवासभाका ....

फ्तार गरिएको हो । यस्ता हर्कत गरेर देउवा सरकारले नेकपालाई जबर्जस्ती मुठभेडतिर धकेल्न लागेको आशङ्का गरिएको छ ।

आफ्नो घरमा प्रहरीले २-२ वटा पक्राउ पुजी टाँसेको पुष्टि गरेका नेकपाका केन्द्रीय सदस्य तीर्थ राईले सामाजिक सञ्जाल फेसबुकमा नेकपा नेता कोइरालाको गिरफ्तारी पुष्टि गर्दै लेखेका छन्, 'क. पुष्पमाथि लगाइएको झूट्टा मुद्दा खारेज गरी तुरुन्त रिहा गर ।' उक्त स्टाटसमा टिप्पणी गर्दै भनिएको छ, 'नेपाल कम्युनिस्ट पार्टीका जुझारु नेता कमरेड पुष्प कोइरालालाई आज जिल्ला प्रहरी कार्यालय इलामले तीनबुँदे सहमतिलाई लत्याउँदै गिरफ्तार गरेको छ । दलाल राज्यका शासकहरूले तीनबुँदे सहमतिको मर्मलाई अक्षरशः पालना गरी गिरफ्तार कमरेडलाई तत्काल रिहाइका जोडदार माग गर्दछौँ । दलाल सरकार मुर्दावाद ।'

गठबन्धन सरकारले पूर्वका नेताहरूको घरमा पक्राउ पुर्जी टाँस्ने र गिरफ्तार गर्ने हर्कत गरेर नेकपालाई तर्साउन खोजेको देखिन्छ । यही चैत ४ देखि १५ गतेसम्म कपिलवस्तुमा बसेको नेकपा केन्द्रीय समितिको बैठकले पार्टी स्थानीय चुनावमा नजाने निर्णय गरेको थियो । बैठकले राष्ट्रघाती एमसीसीविरोधी देशभक्तहरूलाई सघाउन भने सकिने निर्णय पनि गरेको थियो । उक्त निर्णय सार्वजनिक हुनासाथ नेकपाका नेता-कार्यकर्ताको घरमा पुर्जी टाँसिनु र गिरफ्तार गरिनुलाई संयोग मात्र मान्नु नहुने जानकारहरू बताउँछन् ।

# मेरो पहिलो रोलकल

✍ सुजन

मेरो उमेर १४ वर्षको भैसकेको थियो । गाउँघरमा माओवादी जनमुक्ति सेना, नेता-कार्यकर्ता र जनकलाकारको बाक्लो उपस्थिति थियो । माओवादीले जनतालाई विभिन्न जनवर्गीय सङ्गठनमा आबद्ध गरिराखेको थियो । युवा, विद्यार्थी, किसान, महिला, दलित, शोषित-उत्पीडित सबै जनतालाई गोलबद्ध गरेर माओवादी पार्टीले जनतालाई शोषण र अन्याय-अत्याचारका विरुद्धमा लड्न प्रशिक्षित गरिरहेको थियो । पार्टीले आमजनतामा ऊर्जा भरिरखेको थियो । हामी पनि युवा विद्यार्थीको सङ्गठनमा आबद्ध भएर सामान्य पार्टीका कुरा बुझ्न थालेका थियौँ । म माओवादी सेना बन्न मात्र बाँकी रहेको छ भनेर मनमनै सपना बुन्न थालेको थिएँ ।

एक दिन माओवादी सेनाको ठूलो समूह हाम्रो स्कुलमा आएर कार्यक्रम गऱ्यो । कार्यक्रममा तपाईंहरू पनि आउनुहोस्, सँगै लडौँ भनेर उहाँहरूले कुरा राख्नुभएको थियो । अरू पनि थुप्रै भन्नुभएको थियो तर मैले त्यति मात्र बुझेँ । मलाई अरू सुन्नुभन्दा पहिला माओवादी बन्नु थियो । कार्यक्रमबाट मलगायत ६४ जना रातो टीका लगाएर माओवादी भयौँ । प्रवेश गरिसकेपछि क. अकबरको नेतृत्वमा हामीलाई तीन-चार घन्टाजति हिँडाएर टाढा झोताबजारपारिको गाउँमा रहेको एक उच्च माध्यमिक विद्यालयमा जम्मा गरियो । रोलकल भनेको के हो, मलाई थाहा थिएन । रोलकल त सबै जम्मा भएकोलाई भन्ने रहेछन् । हामी सबै लाम लाग्यौँ । कमान्डरले गोडा फाट, सतर्क, दायाँ फर्क, बायाँ फर्क भन्नुभयो । हुनत यस्ता कुरा हामीले स्कुलमा पनि सिकेका थियौँ । अलि सहज नै लाग्यो । कमान्डरले कमिसारलाई आफ्नो कुरा राख्न आग्रह गर्नुभयो । कमिसारले हामी नयाँ र पुराना कमरेडहरूलाई सेनाको महत्वका विषयमा प्रशिक्षित गर्नुभयो । साथै दुस्मनका विरुद्ध आक्रोश पैदा हुने ऊर्जा शील आदेश दिनुभयो । मलाई त आज नै हो गरिबको सत्ता आउने दिन भन्ने लाग्यो । मैले मनमनै सपना देख्न थालेको थिएँ । साथै मलाई आशा र विश्वास पनि लाग्न थालेको थियो ।

रोलकल पनि सिद्धियो । हामी पनि विभिन्न सेक्सनमा कार्यरत भयौँ । कमान्डरले सेन्ट्री पनि मिलाउनुभयो दुई-दुईजना गरेर । केही कमरेड मेस सञ्चालन गर्नीतिर लाग्नुभयो । हामी पनि पालैपालो गरेर सेन्ट्री बस्न थाल्यौँ । यो मेरो जीवनमा पहिलो सेन्ट्री थियो । सबै कमरेडको जीवनको रक्षाको जिम्मा पाएका थियौँ । मलाई मनमनै डर पनि लागेको थियो । मसँग त हतियार पनि छैन । दुस्मन आइहाल्यो भने के गर्ने भनेर मनमनै सोचेँ । मैले मनमनै योजना बनाएँ- दुस्मन आई नै हाल्यो भने म कराउँछु किनभने एकजना पुरानो कमरेड पनि केही मिटरको दूरीमा हतियारसहित हुनुहुन्थ्यो । बनको बाघले भन्दा मनको बाघले धेरै सताउँदो रहेछ भन्ने अनुभूति भयो ।

त्यो राती त्यही स्कुलमा नै बसियो । सेक्सन कमान्डरले हामी नयाँ कमरेडलाई सम्झाइबुझाई सेन्ट्री बस्दा निर्वाह गर्नुपर्ने भूमिका र जनमुक्ति सेनाको अनुशासनका बारेमा बताउनुभयो । सायद मेरो उमेर कलिलै भएर होला मैले धेरै कुरा बुझ्न सकिनँ । नबुझेकै कारणले पनि होला सम्झाएको कुरालाई हुन्छ र हुन्न पनि भन्न सकिनँ । बिहान त्यो ठाउँबाट अगाडि मार्चका लागि तयारीको आदेश आयो अनि हामी सबै कमरेड रोलकलमा सामेल भयौँ । कमान्डरले बाटोमा आउने चुनौती सामना गर्नका लागि आवश्यक निर्देशन दिनुभयो । हामी नयाँलाई भने पुराना अनुभवी कमरेडहरूसँग फर्मेसनमा मार्च गर्न पाउँदा धेरै खुसी लागिरहेको थियो । मलाई जनमुक्ति सेना हुनेबित्तिकै बन्दुक समाउन पाइन्छ भन्ने लागेको थियो तर तालिम नगरी बन्दुक बोक्न नपाइँदो रहेछ ।

बन्दुक बोक्न कति समय लाग्छ र त्यो समय कहिले आउला भनेर मनमनै लागिरहेको थियो तर बन्दुक बोक्न नपाए पनि आफ्नो जनमुक्ति सेना बन्ने सपना पूरा भएकोमा अत्यन्तै खुसी थिएँ । बन्दुक त बिस्तारैबिस्तारै बोक्न पाइहालिन्छ नि भन्ने लागिरहेको थियो ।

मेरो माओवादी बन्ने सपना पूरा भएको छ । अब सबै बराबर हुनेछन् । कसैले कसैलाई हेप्नेछैन । सबै उत्पीडित जनता स्वाभिमानका साथ बाँच्न पाउने अधिकार ल्याउनेछौँ भनेर मैले यस्तैयस्तै सपनाहरू सजाएको थिएँ । म अत्यन्तै खुसी थिएँ । वास्तवमै भन्दा म उत्साहित भएको थिएँ ।

पार्टीले हाम्रो टिमलाई जनताको बीचमा जाने, जनताबाट सिक्ने र जनतालाई पनि सिकाउने आदेश गरेको थियो । पार्टीको आदेशबमोजिम हामी जनताबाट सिक्न र जानेको सिकाउन जनताका घरघरमा पुग्यौँ । हामी नयाँ कमरेडहरूलाई केही महिना त एकदमै गाह्रो भयो । जनदिशा लागू गर्न र जनतालाई बुझाउन कमान्डरले हामीसँगै एकजना पुरानो कमरेडलाई पनि पठाउनुहुन्थ्यो । केही महिना त हामी नयाँ कमरेडहरूलाई एकदमै सजिलो हुने गरेको थियो तर अब हामी पनि पार्टीमा लागेको, जनमुक्ति सेनामा पूर्णकालीन भएको एक-डेढ वर्ष भैसकेको थियो । अब त तपाई कमरेडहरू पनि पुराना भैसक्नुभएको छ । अब आफैँ जनताको बीचमा गएरर राजनीतिक छलफल गर्ने, जनदिशा लागू गरेर बाँच्ने, जनतालाई हामीप्रति सकारात्मक बनाउने, सङ्गठनमा आबद्ध हुने वातावरण सिर्जना गर्नुपर्छ भनेर आदेश दिन थाल्नुभएको थियो कमान्डर कमरेडहरूले । योभन्दा पहिला अरू कमरेडहरूले व्यवस्थापन गर्नुभएको थियो । अब त सबै कुरा आफैँले व्यवस्थापन गर्नुपर्ने जिम्मा आयो भन्दै मनमा चिन्ता लागिरहेको थियो । मैले केही पुराना कमरेडहरूले जनताका बीचमा छलफल गरेको सुनेको र देखेको थिएँ । कमरेडहरूबाट सुनेर सिकेका तिनै कुराहरूलाई जनतामाझ गएर म दोहोऱ्याउन थालेँ । जनताले पनि मेरा कुरालाई रुचिपूर्वक सुनेजस्तो लाग्यो । जनतासँग एकपछि अर्को दिन कुराकानी, छलफल गर्दै गर्दा मलाई पनि निकै ऊर्जा पैदा भयो । उनीहरूसँगको बहस र छलफलले मेरो व्यक्तिगत र राजनीतिक जीवनमा नै नयाँ मोड ल्याइदियो । अब भने मलाई त जनतासँग बहस-छलफल गर्नसक्ने भएको अनुभूति भयो ।

जनताले नै मलाई मार्क्सवाद सिकाए । जनताले नै जनमुक्ति सेनाको कुशल योद्धा बनाए । जनताले नै मलाई दुस्मनका विरुद्ध आक्रोशित हुन सिकाए । स्कुलको पढाइ छोडेर आएको मेरा लागि जनताको घरआँगन नै विद्यालय र विश्वविद्यालयका कक्षाकोठा भए भने उनीहरू मेरा शिक्षक । मेरो राजनीतिक जीवनमा जनताबाहेक अरू कुनै चीज छैन किनकि सबैभन्दा अमूल्य चीज यो संसारमा केही छ भने त्यो चीज भनेको जनता नै हुन् । इतिहासका निर्माता जनता नै हुन् । विश्वमा ठूलाठूला नेता, दार्शनिक र वैज्ञानिक पनि जनताले नै जन्माएको इतिहास हाम्रासामु छ । हामी जनतासँग राजनीतिक छलफल गर्ने कुरामा पुराना भए पनि सैन्य ज्ञानका निम्ति नयाँ नै थियौँ । सैन्य विज्ञान र युद्धकलाले मात्रै युद्धमैदानमा सफलता हासिल गर्न सक्थ्यो ।

अब हामी अछाम जिल्लातिर यात्रा गर्दैछौँ भनेर कमान्डर कमरेडको आदेश आयो । हाम्रो यात्रा डोटी जिल्लाबाट सुरु भयो । हामी केही दिनको यात्रापछि अछाम जिल्लाको आधारइलाका रामारोशनमा पुग्यौँ । त्यहाँका जनताले हामीलाई भव्य स्वागत गरे । हाम्रो टिम दुई दिनजति रामारोशन गाउँमा नै बस्यो । रामारोशनमा बस्दा हामी जनतासँगै श्रममा जोडियौँ । जनतासँगै श्रममा जोडिँदा हामीले एकअर्काका दुःख-सुख पनि साटासाट गऱ्यौँ । यसरी हामी दुई दिनको बसाइमै जनतासँग भावनात्मक रूपमा पनि नजिक हुन पुग्यौँ । वास्तवमै जनतासँगको हाम्रो सम्बन्ध माछा र पानीको जस्तै भयो ।

तेस्रो दिन बिहानै हामीले यात्रा सुरु गऱ्यौँ । मलाई त बाटो धेरै लामो होला भन्ने लागेको थियो । तर हाम्रो टोली एक-डेढ घन्टाको हिँडाइपछि नै रामारोशननजिकैको किनमिने गाडा भन्ने ठाउँमा पुग्यो । अग्लो ठाउँ, त्यति अग्लो ठाउँमा पनि डरलाग्दा तालहरू, चारैतिरबाट अग्लाअग्ला डाँडाहरूले घेरिएको, बीचमा जङ्गलसहितको ठूलो चौर भएको ठाउँ थियो किनमिने गाडा । पहाडको काखमा रहेको किनमिने गाडा वास्तविकतामै मन लोभ्याउने एउटा सानो उपत्यका नै थियो भने पनि हुन्छ । दुस्मनले हामीले तालिम गरेको थाहा पाएर हवाई आक्रमण गरे पनि हामी सजिलै जङ्गलतिर गएर छापामार शैलीमा लुक्न सक्थ्यौँ । किनमिने गाडाको भौगोलिक बनावट नै त्यस्तो थियो जहाँ हवाईआक्रमणबाट सहजै बच्न सकिन्थ्यो । जिल्ला पार्टीले सेनाको तालिमको व्यवस्थाका लागि जनसत्ता र जवस मोर्चालाई खटाएको थियो । म मेरो जीवनकै पहिलो तालिममा भाग लिँदै थिएँ । जीवनकै पहिलो तालिममा भाग लिँदैछु भनेर मलाई एकदमै रमाइलो र कता-कता अचम्म पनि लागेको थियो । बङ्करहरू खनिएका थिए । एक रूखबाट अर्को रूखमा लामा-लामा रस्सी बाँधिएको थियो । काठका धेरै खाँबा गडेर फल्याक बिछ्याइएको थियो । एकथरी बङ्करहरूमाथि सिस्नोको रसी (डोरी) ले कार्डै तारझैँ बुनिएको थियो । यो सबै दृश्य देखेर मेरो मानसपटलमा आश्चर्य र नौलो लागिराखेको थियो ।

नेतृत्वले तालिम उद्घाटन गऱ्यो । कमान्डर र जिल्लाको नेतृत्वले तालिमको अनुशासन, दुःख, कष्ट र पीडा कठोर अनि स्मरणीय हुन्छ भन्नुभयो । दुस्मनले हवाई हमला गऱ्यो भने हामी सुरक्षित हुने, सम्पूर्ण टिमलाई सुरक्षित बनाउने, आफ्नो योजनालाई सफल तुल्याउने र सधैँ यो ठाउँलाई दुस्मनबाट बचाउनका निम्ति प्रयास गर्नुपर्नेछ भन्दै हामीलाई कमान्डरले गम्भीरताका साथ चौतर्फी ध्यान दिनू भनी निर्देश गर्नुभयो । कमान्डरले गरेको आदेशसँगै हाम्रो तालिम सुरु भयो । शाहीसेनाले तीन महिना लगाएर गर्ने तालिम हामीले एक सातामा गर्नुपर्ने थियो । अनि मात्रै हामी जनमुक्ति सेनाका स्पातिला योद्धा हुनसक्थ्यौँ । पहिलो दिनमा दायाँ र बायाँ काठको हतियार समाउन सिकाइयो र हल्का रनिङ पनि गराइयो । दोस्रो दिन बिहान हामी पाँच बजे उठ्यौँ । हातमुख धोएर सरसफाइ गरी एकदुई गिलाँस तातोपानी पियौँ । जाडो मौसम भएकाले चिसो पनि एकदमै बढेको थियो । मौसमको पर्वाह नगरी हामी लाम लाग्यौँ । ग्रुपलाई रनिङ गराउने भन्ने भयो । हामीले ग्रुप-ग्रुप बनाएर रनिङ गऱ्यौँ । बिहानदेखि बेलुकासम्म हामीसँग खाना र खाजा खाने मात्रै फुर्सद हुन्थ्यो भने अरू सबै समयमा तालिम र सैद्धान्तिक पढाइ हुन्थ्यो । एक-दुई दिन त एकदमै गाह्रो भयो । कतिसम्म भने रामोसँग हिँड्ने-डुल्ने अवस्था पनि थिएन । बस्दाखेरि पनि साथीहरूले हात समातेर बसाउनुपर्ने र उठ्दा पनि साथीको सहारा लिनुपर्ने अवस्था थियो । हामी मानसिक र शारीरिक रूपमा निकै थकित भएका थियौँ । थकित भए पनि रमणीय ठाउँ, रङ्गीबिरङ्गी चराहरूका चिरबिर आवाज र धुनहरूले मनलाई सङ्गीतमय बनाउँथे भने जनताको मुक्तिका सपनाहरू झनै रङ्गीबिरङ्गी फूलका मनमोहक दृश्यसँगै रङ्गीन भएर मानसपटलमा खेल्थे । थकानले भरिएको तन र मनलाई त्यहाँको मनमोहक दृश्यले किनमिने गाडाका डाँडामाथि वादलसँगै लुकामारी खेलिरहेझैँ आभास गराइदिन्थ्यो । मन आनन्दित हुन्थ्यो ।

एक सातासम्म चलेको तालिम सकियो । तालिममा प्राप्त गरेको फौजी र सैद्धान्तिक ज्ञानले शारीरिक र मानसिक रूपमा ऊर्जा भरिदियो । मैले आफू एक कुशल जनमुक्ति सेनाको योद्धा भएको अनुभूति गरेँ ।

हाम्रो कमान्डरले हाम्रो ग्रुपलाई अछाम जिल्लामा केही दिन बस्ने र जनतासँग जोडिएर श्रमको काम गर्नुपर्ने कुरा सुनाउनुभयो । जिल्लामा केही छापामार शैलीका विद्युतीय एम्बुस थाप्ने र दुस्मनको ठूलो ग्रुपलाई क्षतविक्षत गराउने योजना पनि कमान्डरले निर्माण गर्नुभयो । हामी पनि भर्खरै तालिम गरेर आएका थियौँ । तालिममा प्राप्त सैद्धान्तिक र प्राविधिक ज्ञानको ऊर्जाले मानसिक र शारीरिक रूपमा दुस्मनप्रति आक्रोश पैदा गरेको थियो । कमान्डरले दुस्मनको ब्यारेकनजिक गएर फौजी कारबाही गर्नुपर्छ, अब हामी कोही पनि नयाँ र पुराना छैनौँ, हामी सबै तालिम प्राप्त रहेका कमरेड भैसकेका छौँ भन्दै रोलकलमा सबै ग्रुपलाई निर्देशन दिनुभयो । हाम्रो सानो फौजले दुस्मनको ठूलो फौजलाई छापामार तरिकाले परास्त गर्नेछौँ, हामी जनताको जनमुक्ति सेना हौँ किनकि हामीसँग आट र साहस छ तर हाम्रो दुस्मन भनेको निजी सम्पत्ति जोड्न र आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्न, परिवार पाल्नका लागि मात्रै शाहीसेना भएको हो भनेर हाम्रो कमान्डरले हामीसँग भन्नुभयो । शाहीसेनासँग विचार र जनताप्रतिको उत्तरदायित्व थिएन । हामी भने विचार र दृष्टिकोणले सुसज्जित थियौँ । हामी कुनै निजी सम्पत्ति र व्यक्तिगत परिवार पाल्नका लागि जनमुक्ति सेना भएका थिएनौँ । हामीसँग कुनै स्वार्थ थिएन, थियो त केवल जनताप्रतिको उत्तरदायित्व र नयाँ मानवसमाजको स्थापना गर्ने सपना । हामी पद, प्रतिष्ठा, पैसा र पेन्सन पकाउनका लागि जनमुक्ति सेना भएका थिएनौँ । त्यसैले त जनता र हाम्रोबीचमा गहिरो सम्बन्ध थियो । वास्तवमै जनता र हाम्रो सम्बन्ध माछा र पानीको जस्तै, नङ र मासुको जस्तै गाढा थियो । त्यसैले त भनिन्छ नि जुन सेनाले जनतासँग आत्मीय सम्बन्ध कायम गरेको हुन्छ, त्यही सेनाले नै संसार जितेको हुन्छ ।

मेरो जीवनको पहिलोपटक एम्बुस थाप्ने मोर्चामा सहभागी बन्ने अवसर मिलेको थियो । मलाई मनमनै डर-त्रासले सताइरहेको भए पनि मोर्चामा सहभागी बन्न पाएकोमा भित्रभित्रै खुसी पनि भएको थिएँ । तालिम गर्दाको उत्साह र प्रशिक्षणले मलाई झनै ऊर्जावान् बनाइराखेको थियो । बेलुकाको समय थियो । युद्धमोर्चामा जानका निम्ति कमान्डरले आदेशमूलक रूपमा रोलकलमा सहभागी हुन निर्देश गर्नुभयो । युद्धका बारेमा सबै टिमलाई जानकारी गराएर युद्धप्रविधि वितरण गरियो । मलाई पहिलोपटक कमान्डरले दुईवटा ग्रिनेट बम र एउटा क्यालेवर माइन दिनुभयो । जनमुक्ति सेनामा भर्ती हुनका लागि टीका लगाएर घर छोडेको झन्डै डेढ वर्षजति पुग्न लागेको थियो । झन्डै डेढ वर्षपछि मेरो हातमा बम र क्यालेवर माइन दिएको हुनाले होला मलाई टीका लगाएको, जनमुक्ति सेनामा भर्ना भएको, घर छोडेर आएको आजै हो किजस्तो अनुभूति भइरहेको थियो । मैले जनमुक्ति सेनाको पहिलो कमान्डर फ्राराउन्ड गाड लिएर एजीएलको जिम्मा पाएको थिएँ । मलाई त धेरै ठूलो कमान्डर भएको अनुभूति भयो ।

साँझको समयमा युद्धयात्राका लागि मार्चपास्ट गर्न सुरु भयो । केही घन्टाको यात्रा गरिसकेपछि हाम्रो टिम अछाम जिल्लाको सदरमुकाम मङ्गलसेननजिक पुग्यो । लगत्तै हाम्रो टिम शाहीसेनाको ब्यारेक नजिक-नजिक पुग्यो । जति बेला टिम दूरीको हिसाबले शाहीसेनाको ब्यारेकको जम्मा एक किलोमिटरनजिकै पुग्यो त्यतिखेर रातीको सायद दुई-तीन बजेको थियो होला । हामी दुस्मनको इलाकाभित्र भएको हुनाले हामीलाई आफ्नो पोजिसन लुकाउन कमान्डरको एकदमै कडा आदेश थियो किनभने छापामार तरिकाले ठूलो दुस्मनको टिमलाई सिध्याउनुपर्ने थियो ।

रातको चार बजेको थियो होला । हामी केही कमरेडहरू खाल्डो खन्नतिर लाग्यौँ भने केही कमरेडहरू तार बिछ्याउने काममा लाग्यौँ । दुस्मनको इलाकाभित्र भएको कारणले पनि हामी एकदमै सतर्क हुनुपर्ने थियो । दुस्मन आउने बाटोलाई ध्यानमा राखेर, लाइट पनि नबाली छामछाम-छुमछुम गर्दै माइन बिछ्याउने काम पूरा भयो । अनि त्यसपछि आर्टलरी हतियारलाई तयारी पोजिसनमा राख्यौँ । दुस्मन आयो भने पहिला माइन विस्फोट गर्ने, लगत्तै हतियारबाट फायर गर्ने र आफ्नो पोजिसन लुकाएर राख्ने हाम्रो योजना थियो । बिहानको ५-६ बजेसम्म पनि दुस्मन आएन । त्यतिबेला छयाङ्ग उज्यालो भैसकेको थियो । चराचुरुङ्गी कराउन थालिसकेका थिए ।

समय बित्दै गयो । हाम्रा आँखाहरू भने लाटिन थालिसकेका थिए । कानहरूले खर्स्याङखुसुङ गरेको पनि सुन्न छोडिसकेका थिए । चराचुरुङ्गीहरू एक रूखबाट अर्को रूखमा जान्थे । उनीहरू आफ्नै चालमा उडिरहेका थिए । दिउँसोको समय भैसकेको थियो तर पनि त्यो दिउँसैभरि दुस्मन आएन ।

*(नेकपा युवा नेता सुजनको प्रकाशोन्मुख 'सङ्घर्षभित्रको जीवन' को अंश)*


## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।

२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।

३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।

२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।

३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : वसन्त श्रेष्ठ, सम्पादक : अशोकप्रसाद सुवेदी, व्यवस्थापक : धनराज शाही, डिजाइन : गोपाल गिरी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ